# सातौँ परिच्छेद

# स्वाधीनता उत्तर कालको प्रथम चरण जातीय जागरण कालका प्रतिनिधि कवि र तिनका कविता कृति

## ७.१ विषय प्रवेश

असमेली नेपाली कविताका विकासमा भारतको स्वतन्त्रता आन्दोलनले विशेष प्रभाव पारेको छ । अङ्ग्रेजहरूको साम्राज्य विरुद्ध भएको आन्दोलनले समग्र भारतीय गौरव सँगसँगै जातीय, लैङ्गिक जस्ता पक्षमा पनि जागरण आएको देखिन्छ । यसले भारतीय नेपाली साहित्यमा पनि प्रभाव पारेको छ । यहाँ स्वाधीनोत्तर असमेली नेपाली कविहरूलाई असमेली नेपाली कविताको विकासक्रमको एउटा चरणमा विभाजन गरी यस समयका प्रतिनिधिमूलक कविहरूका कवितालाई विश्लेषण गरिएको छ ।

यस स्वधीनता उत्तर काल (१९४७ देखि यता) को समयमा जम्मा तीन चरण मध्ये पहिलो चरण जातीय जागरण काल (१९४७-१९७८) रहेको छ । यस जातीय जागरण कालमा जम्मा सतचालीसजना कविका चौवन्नओटा काव्य कृति प्रकाशित छन् । उक्त कविहरू मध्ये यस चरणमा पाँच जना कविहरूलाई प्रतिनिधिको रूपमा छनोट गरिएको छ । उक्त कविहरूमा के.बी. नेपाली, तुलबहादुर मालेमा, पुष्पलाल उपाध्याय र हरिभक्त कटुवाल प्रमुख छन् । यस कालका कवि के.बी. नेपालीलाई विधा सृजना र परिमाणात्मक मूल्य र यस युगमा सशक्त योगदान पुऱ्याएकाले प्रतिनिधिका रूपमा लिइएको छ । यस कालका अर्का कवि तुलबहादुर मालेमा हुन् । उनलाई प्रखर प्रगतिवादी चिन्तन धारा, युग चेतना र उत्कृष्ट विचार धाराका प्रयोक्ताका आधारमा छनोट गरिएको छ । पुष्पलाल उपाध्यायलाई छन्द, लय र शास्त्रीय छन्दका प्रयोक्तका साथै युग सचेतक कविका रूपमा मानिएको छ । त्यसै गरी हरिभक्त कटुवाललाई विषयवस्तुगत भिन्नता, भाषाशैलीको स्तरीयता एवम् गुणात्मक मूल्यका आधारमा चयन गरिएको छ ।

## ७.२ स्वाधीनता उत्तर कालको प्रथम चरण (१९४७-१९७८) जातीय जागरण कालको विशेषता

स्वाधीनता उत्तर कालको प्रथम चरणलाई जातीय जागरण काल भनिएको छ । यस जातीय जागरण कालसम्म आइपुग्दा असमेली नेपाली कवितामा विश्व आधुनिक कवितासँग मिल्दाजुल्दा समस्याहरूको प्रकटीकरण भएको छ । यहाँसम्म आइपुग्दा परिष्कारवादको क्लिष्टताबाट विस्तारै पन्छिदै रोमान्टिक काव्यहरूको सृजना हुन थालेको पाइन्छ । यसका साथै स्वच्छन्दतावादी प्रगतिवादी विचार धाराको पनि विकास भएको देखिन्छ । यस जातीय जागरण कालमा जम्मा सत्चालिस जना कविका

चौवन्नवटा कृतिहरू प्रकाशित भएका छन् । जसमध्ये सातवटा गीत सङ्ग्रह रहेका छन् । यसै चरणदेखि नै गीत र खण्डकाव्य लेख्ने परम्पराको विकास भएको छ । यस समयमा लेखिएका खण्डकाव्यमा जातीय अखण्डता, राष्ट्रिय सुरक्षा, प्रगतिवादी स्वच्छन्दतावादी भाव जस्ता वैशिष्ट्य व्यक्त भएका छन् । साथै नारीवादी चेतनाको विकास, सुधारवादी मनोभावको विकास, शिक्षाको विकास तर्फ आग्रह, जातीय विभेदको विरोध गर्दै विद्रोहात्मक भावनाको प्रकटीकरण जस्ता प्रवृत्तिहरू मूल रूपमा आएको पाइन्छ । यस चरणका गीतहरूमा प्रगतिशील विचार धाराको प्रकटीकरण, देश प्रेममूलक भावनाको विकास, जातीयतावादी मनोभाव, प्रेममूलक चिन्तन, प्रकृतिको पक्षधर बन्द प्रकृति चित्रण, पलायनवादी मनोभावको विकास, मानव र प्रकृतिको अन्तर्सम्बन्धको विकास, विरह र वेदनाको भाव, सामन्ती र शोषणको विरोध, अशान्तिबाट शान्ति तर्फको उडान जस्ता विशेषताहरू यस कालमा देखिन्छन् । यस चरणदेखि काव्य लेखन शैलीको स्तरीयतामा विकास भएको पाइन्छ । यसका साथै भाषा संस्कृति परम्परालाई विषयवस्तु बनाएर पनि काव्यको चर्चा गरिएको छ । यसै चरणदेखि नै वंशावली लेख्ने परम्पराको पनि विकास भएको छ । यसै कालमा काव्यमा जीवनी लेखिएको छ । गद्य कविता लेखनको विकासका साथसाथै छन्दमा कविता लेख्ने परम्परा पनि सँगसँगै अघि बढेको पाइन्छ । यस चरणमा आउने काव्यिक विशेषताहरू हुन् :

(१) यसै चरणमा पहिलो पल्ट जीवनीमूलक काव्य लेखन

(२) पुरानो काव्य शैलीमा आदर्श भावनाको प्रयोग

(३) खण्डकाव्य तथा गीत लेख्ने परम्पराको विकास

(४) विद्रोहात्मक नारी चरित्रको उद्घाटनका साथै नारी संवेदात्मक मनोभावको विकास

(५) स्वदेशी भावनाको विकासका साथै पूर्वभूमि स्मृति प्रधान लेखनको विकास

(६) परम्पराप्रति विद्रोही भावनाका साथै जातिगत विभेदको विरोध

(७) जातीयतावादी भावधाराको विकास

(८) अशान्तिबाट शान्ति तर्फको प्रस्थानका साथै शोषणको विरोध

(९) भाषा संस्कृतिप्रति सकारात्मक सोच

(१०) स्वच्छन्दतावादी प्रवृत्तिको विकास

(११) प्रगतिवादी चिन्तनको विकास

(१२) काव्यमा पहिलो पल्ट वंशावली लेखन

## ७.३ जातीय जागरण कालका प्रतिनिधि कवि र तिनका खण्डकाव्य

जातीय जागरण कालमा जम्मा सातओटा खण्डकाव्य र सातजना खण्डकाव्यकारहरू रहेका छन् । उक्त सातजना खण्डकाव्यकारहरू मध्ये यहाँ दुई जनालाई प्रतिनिधि

खण्डकाव्यकारका रूपमा छनोट गरिएको छ । के.बी. नेपाली र तुलबहादुर मालेमा यस कालका प्रतिनिधि खण्डकाव्यकार हुन् । उक्त दुई काव्यलाई यहाँ खण्डकाव्यात्मक तत्त्वका आधारमा तल विश्लेषण गरिएको छ ।

### ७.३.१ के.बी. नेपाली र उनका काव्य कृति

असमेली नेपाली कवितामा जातीय जागरणका कविता लेखेर नयाँ भाव भित्र्याउने कविहरूमा के.बी. नेपाली पनि हुन् । यहाँ उनको काव्य प्रवृत्तिको चर्चा गरेर प्रतिनिधि काव्यको विश्लेषण गरिएको छ ।

#### ७.३.१.१ काव्य यात्रा र प्रवृत्ति

असमेली नेपाली कविताको स्वाधीनता उत्तर कालको प्रथम चरण जातीय जागरण कालका राम्रा कविता लेख्ने कविका रूपमा के.बी. नेपाली (१९३९) देखा पर्छन् । १९६० देखि नै कविता यात्रा प्रारम्भ गरेका के.बी. नेपालीको काव्य यात्रा 'नव-अश्रु' (१९६०) शीर्षकको खण्डकाव्यबाट थालिएको हो । १९६० देखि **बिन्दु** (पत्रिका) को प्रारम्भ गरी १९७३ मा बिन्दु प्रेसको स्थापना पछि उनको काव्य यात्रामा बढी टेवा पुगेको देखिन्छ । उनले आफ्नो सम्पादनमा निस्कने 'बिन्दु' पत्रिकाको माध्यमबाट आफ्ना फुटकर रचनाहरू कविता, कथा, गजल, गीत, प्रकाशित गरेर साहित्यिक प्रतिभालाई निख्खर पारेको पाइन्छ । "आफूलाई अभागी र टुहुरो सम्झी आफ्नो न्वारानको नाम खड्गबहादुर पछि 'अभागा' उपनाम लेखेको पाइन्छ । यही अभागा उपनामको ठाउँमा 'नेपाली' लेख्ने परामर्श नाटककार बालकृष्ण समबाट पत्रद्वारा प्राप्ति भएपछि उनी खड्गबहादुर 'अभागा' बाट के.बी. नेपाली का रूपमा आफ्नो साहित्यिक यात्रा प्रारम्भ र विकास गर्दै आएको पाइन्छ" (तिम्सिना, २०५१ : २) । उनका प्रशस्तै नाटक, उपन्यास, समालोचना र अनुवादहरू प्रकाशित छन् । काव्य अनुवादमा भारतीय अकादमी पुरस्कार पनि हासिल गर्न सक्षम भएका के.बी. नेपालीले मूलतः गद्य कविता विधामा सशक्त योगदान दिएको पाइन्छ । उनका हालसम्म प्रकाशित काव्य र कविता सङ्ग्रहहरू यस प्रकार छन् :

(१) **नव-अश्रु** (१९६०) गीति काव्य
(२) **विरही** (१९६५) कविता सङ्ग्रह
(३) **अनुराग** (१९८३) गीति सङ्ग्रह
(४) **प्लेट फार्म** (१९८४) ऐतिहासिक काव्य
(५) **भत्केको घर** (१९९५) कविता सङ्ग्रह
(६) **अनियन्त्रित मन** (२००१) कविता सङ्ग्रह

के.बी. नेपालीले सात दशकभन्दा लामो जीवन यात्रामा पाँच दशक लामो कविता यात्रा पूरा गरेका छन् । यस अवधिमा उनले गीति काव्य, गीति नाटक, ऐतिहासिक काव्य

साथै गीत गजलहरू पनि लेखेको पाइन्छ । उनको यतिलामो काव्य यात्रालाई हेर्ने हो भने केही प्रवृत्तिगत भिन्नता पाइन्छ । उनका प्रथम चरणका कविताहरूमा गीति लयको बाहुल्य छ । उनका केही काव्य र नाटकहरू वियोगात्मक प्रवृत्तिका पनि देखिएका छन् । मूलतः उनी मानवतावादी चिन्तन धाराका साथै राष्ट्रवादी विचार धाराका अनुयायी देखिन्छन् । प्रथम चरणमा उनले काव्यका साथसाथै नाटक उपन्यास पनि प्रकाशित गरेको पाइन्छ । उनका काव्य यात्रालाई निम्नलिखित चार चरणमा विभाजन गरिएको छ ।

(१) प्रथम चरण (१९६०-१९७०)

(२) दोस्रो चरण (१९७१-१९८३)

(३) तेस्रो चरण (१९८४-१९९५)

(४) चौथो चरण (१९९६-२००१)

उनको काव्य यात्रालाई चार चरणमा विभाजन गरिएको छ । प्रथम चरण १९६० देखि १९८० सम्मको अवधिमा उनी गीति कविता लेखनमा व्यस्त रहेको देखिन्छ । यस चरणमा राष्ट्रियताको चेतना, चीन भारत युद्धको वर्णन, जातीयतावादी चेत तथा नवीनताको खोजमा लागेको पाइन्छ । यस चरणमा उनका एक गीति काव्य र एक कविता सङ्ग्रह प्रकाशित भएका छन् ।

**नव–अश्रु** गीति खण्डकाव्यबाट उनको काव्यकारिताको प्रथम उन्मेष भएको देखिन्छ । दोस्रो चरणमा उनको एकमात्र कृति गीत सङ्ग्रह प्रकाशित देखिन्छ । दोस्रो चरणमा प्रकाशित गीत सङ्ग्रह 'अनुराग' (१९८३) को प्रथम गीत 'जय जननी नेपाल' मा नेपाल आमाप्रति श्रद्धा र नेपाली वीर योद्धाप्रति वीरत्वको भाव पोखिएको छ । यस चरणका गीतमा प्रकृति चित्रण, प्रेम वियोग, संयोग, ईश्वर स्तुति, देशप्रेम, समाजका माया जस्ता मूलभूत विशेषताहरू पाइन्छ ।

दोस्रो चरण १९८४ मा प्रकाशित 'प्लेट फार्म' देखि यता उनका एउटै खण्डकाव्य प्रकाशित भेटिदैन । उनको काव्य यात्राका यी दुई बिन्दुलाई छिचोल्ने अरू काव्य नदेखिए तापनि अन्तिम चरणमा केही कविता सङ्ग्रहहरू प्रकाशित देखिन्छन् । के.बी. नेपालीका कविता यात्रामा देखिएका मूल प्रवृत्ति भनेको नै राष्ट्रवादी चिन्तनका साथै जातीयतावादी मानवतावादी भाव धारा हो । उनको प्रथम चरणको गीति खण्डकाव्य 'नव-अश्रु' मा नारी प्रकृतिको चित्रण गरिएको छ । उनका यस चरणका गीति काव्यमा नारीको बिलाउनाका साथै छोरी चेलीहरूप्रति समाजले चलाएको नियमप्रति असन्तुष्टि व्यक्त गरिएको छ । तेस्रो र चौथो चरणसम्म आइपुग्दा उनका कविता काव्य केही सबल देखिन्छन् । असम आन्दोलनलाई केन्द्रित गर्दै लेखिएको उनको ऐतिहासिक काव्य 'प्लेट फार्म' मा प्रबल जातीयतावादी स्वर गुञ्जिएको देखिन्छ । आफ्नो जातीय अस्मिताको इतिहास खोतल्दै यस काव्यमा देशप्रतिको माया, राष्ट्रिय चिन्तन, प्रकृति चित्रण, अस्तित्ववादी चिन्तन, ऐतिहासिक

घटनाचक्रको प्रकटीकरण, वीरत्वको भावना, राष्ट्रिय पहिचानमा जोड, युद्धको वर्णन, नेपालीको वीरत्वप्रति गौरव बोध, प्रथम विश्व युद्धको वर्णन जस्ता प्रवृत्तिहरू यस चरणका कवितामा देख्न पाइन्छ ।

उनका उत्तरार्द्धका कविताहरूमा जातीय अस्तित्वको खोज, अतीतप्रतिको मोह, व्यभिचार र अत्याचारप्रति व्यङ्ग्य, कर्ममय जीवनमा विश्वास, हिंसा र आलस्य जीवनप्रति उपहास, तेरो मेरो भावनाप्रति अङ्कुश, प्रेममय भावनाको विकास, मानवतावादी स्वर मुखरित भएको पाइन्छ । यसका साथै उनका कवितामा विश्व कविहरूको छाप परेको पाइन्छ । "कुनै राष्ट्रको कला (काव्य वा कला) आनन्द होइन बरु मानव एकताको साधन हो भन्ने लियो टल्स्टायको भनाइको अनुसरण गर्दै जनहित र परिवर्तनको सन्देश नै साहित्यको उद्देश्य भन्ने प्रगतिवादी धारणा उनका कवितामा पाइन्छ" (**दियालो**, २००७ : २०) । उनको काव्य यात्राको दोस्रो चरणमा तीव्र परिवर्तनको चाहना, क्रान्तिको सशक्त भावका साथै अस्तित्व, हक र अधिकारको लडाइँ उनका कवितामा यत्रतत्र देखिन्छ । उनको यस चरणका कवितामा पनि मानवतावाद र राष्ट्रिय चिन्तन प्रखर रूपमा आएको छ । मानवतावाद उनको केन्द्रीय विशेषता हो । उनका कवितामा पाइने प्रवृत्तिगत विशेषतालाई समग्रमा यस प्रकार देखाइन्छ :

(१) राष्ट्रिय चिन्तनका साथै जातीयतावादी भाव धाराको प्रकटीकरण

(२) मानवतावादी जीवन दृष्टि र मानवीय समस्याको प्रस्तुति

(३) जातीय अस्मिताको पहिचान र अस्तित्ववादी खोज

(४) नारी अस्मिताको चित्रण र नारी मनोभावको अभिव्यक्ति

(५) युगीन जटिलताका साथै युद्धजन्य परिवेशको चित्रण

### ७.३.१.२ 'प्लेट फार्म' खण्डकाव्य

के.बी. नेपालीले विभिन्न कविता सङ्ग्रह, एउटा गीति खण्डकाव्य, एउटा ऐतिहासिक खण्डकाव्य र एउटा गीत सङ्ग्रहका साथै लगभग तीन सय फुटकर कविता लेखेको पाइन्छ । सशक्त राष्ट्रिय चिन्तन, मानवतावादी विचार धाराका साथै युगबोध र असमेली नेपाली कवितामा प्रतिनिधिमूलक उपस्थिति आदिका दृष्टिले उनको **प्लेट फार्म** (१९८४) शीर्षकको ऐतिहासिक काव्य प्रतिनिधि काव्यका रूपमा छनोट गरिएको छ ।

के.बी. नेपालीको 'प्लेट फार्म' ऐतिहासिक काव्य १९८४ मा लेखिएको हो । यो खण्डकाव्य लामो कविताको आयाममा विस्तारित छ । यहाँ कुनै खण्ड खण्डको परियोजना पाइँदैन ।

के.बी. नेपालीले यो खण्डकाव्य आफ्नो काव्य यात्राको दोस्रो चरण (१९७१-१९८४) (जीवनको मध्य भाग) मा लेखेको काव्य हो । यो काव्य आफ्नो जातीय पहिचान र जातीय

अस्तित्वलाई कायम राख्ने भावना र ऐतिहासिक घटनामा केन्द्रित रहेको छ । यस काव्यको स्रोत नेपालीहरूको इतिहास रहेको देखिन्छ । भारतको भूमिमा सिङ्गो इतिहास बोकेको, नेपालीका धेरै पुर्खाहरूसँग परिचित बनेको रेलवे प्लेटफार्मलाई प्रतीकात्मक रूपमा उभ्याएर यस प्लेट फार्मले नेपालीको इतिहास एक एक गरी वर्णन गरेको छ । प्रस्तुत काव्यले नेपाली साहित्यको इतिहासलाई प्रतिनिधित्व गरेको छ । यो काव्य आजभन्दा चालीस वर्षअघि लेखिएको र त्यो भन्दा अघि १८१५ का ऐतिहासिक घटनाहरूमा केन्द्रित र कविको जीवनको मध्य उमेरको सृजना हो । यस काव्यको विषयवस्तुगत स्रोत रेलवे प्लेट फार्म हो । यस 'प्लेट फार्म' लाई ब्रिटिस साम्राज्यवादीहरूले स्थापना गरेको र भारतका विभिन्न ठाउँका प्लेट फार्म स्थापित गर्दै एउटा प्रान्तलाई अर्को प्रान्तसँग जोड्दै आफ्नो साम्राज्य फिँजाएको घटनामा केन्द्रित देखिन्छ । यस काव्यमा प्लेट फार्मलाई मानवीकरण गर्दै सारा घटनाहरूको वर्णन प्लेट फार्मले गरेको देखाइएको छ । यहाँ अमरसिंह थापा, वीर बलभद्र थापा, गोर्खा साम्राज्यको रक्षक भएको वर्णन पाइन्छ । यस काव्यमा १८१६ को ११ दिसम्बरमा भएको सुगौली सन्धिको इतिहासभन्दा अघि नेपाली गोर्खालीहरू भारत भूमिमा कसरी फैंलिदै गए भन्ने इतिहासलाई सविस्तार वर्णन गरिएको देखिन्छ ।

### (क) <u>विषयवस्तु</u>

'प्लेट फार्म' खण्डकाव्यको विषयवस्तु ऐतिहासिक युद्ध केन्द्रित तथा सार्वभौम मानवतावादी विचारको संयोजनबाट बनेको छ । यो खण्डकाव्य मूलतः ऐतिहासिक विषयवस्तुको उपयोग गरी रचिएको रचना हो । नेपालको इतिहासको वि.सं. १७३३ देखि वि.सं. १८४६ सम्म साम्राज्य रक्षार्थको निम्ति अमरसिंह र वीर बलभन्द्र जस्ता वीरले सीमानामा लडेको लडाइँको स्थिति, राष्ट्रिय चेतना तथा ब्रिटिस साम्राज्यवादी विस्तारवादीहरूको षड्यन्त्रमा अन्तर्निहित द्वन्द्व र अन्तमा विजयी भएको स्थितिलाई यसको विषयवस्तुगत केन्द्र बनाइएको छ । यहाँ नेपालीले सिक्किमदेखि सतलज नदीसम्म फैलिएको समस्त पार्वत्य प्रदेशमा आफ्नो सबल प्रभुत्व जमाएको अङ्ग्रेजलाई साह्रै असह्य भएको वयान पाइन्छ । अङ्ग्रेज र नेपालीको ऐतिहासिक युद्धलाई के.बी. नेपालीले नेपालीको वीरत्व र देशप्रेमको त्यस्तो धरातल दिएका छन् जसमा उक्त युद्धका घटना तथा पात्र ज्यादै मार्मिक र जीवन्त बनेका छन् । त्यसैले ऐतिहासिक विषयवस्तुगत युद्धको अभिव्यक्ति स्तरमा यो खण्डकाव्य सफल देखिन्छ । नेपालीहरूले युद्ध लडेको वीरताको वर्णन काव्यमा यसरी गरिएको छ :

हार मान्यो, बहादुर अङग्रेजले !
यसरी लार्ड क्लाइबदेखि लिएर
त्यसदिनसम्म भारतमा
त्यस्तो भयानक युद्ध लड्न
सायद अङग्रेजलाई
कहिल्यै परेको थिएन

जेहोस ! अङ्ग्रेज जस्तो बहादुर
नालापानीको युद्धमा
वीरप्रतापी योद्धा
अमरसिंह, भक्तिथापा
वलभद्र, भीमसेन थापा जस्ता
महान योद्धाले
मात्र ६ सय सैनिक शक्तिमा
देशभक्तिको परिचय । (पृ. १३)

उपर्युक्त कवितांशमा नेपाली सैनिकहरूले नालापानीमा भएको युद्धमा वीरत्व देखाएको वर्णन पाइन्छ । अङ्ग्रेजहरूलाई पनि बहादुर मान्दै त्यस्ता बहादुरलाई पनि जित्न सक्ने क्षमता भएका नेपाली वीरहरूको वीरत्वको चित्रण यहाँ गरिएको छ । यही ऐतिहासिक कुरालाई प्रष्ट पार्दै के.बी. नेपालीले प्लेट फार्मको सम्बन्धमा यसो भनेका छन् :

प्लेटफार्ममा हाम्रा पुर्खाको
बहादुरीको इतिहास
नहोस परिहास भन्दै
प्लेटफार्ममा पूर्खाहरूको इतिहास
समावेश गर्ने प्रेरणा मैले
वीरेन्द्र कुमार भट्टचार्यको
ज्ञानपीठ पुरस्कार ग्रन्थ
मृत्युञ्जय' लाई समेत प्रमाण र साक्षी राख्दै
व्रह्मपुत्रको भेल जस्तै यस देशको माटोमा
नेपालीको खुन वगेको इतिहास दोहऱ्याउँदै
तलवारको साटो कलम समातेर
प्लेटफार्म तयार पारी राखी दिएको छु । (नेपाली, १९८४ : ८)

प्रस्तुत कथनले नेपालीत्वको भावना के.बी. नेपालीमा उम्लिएर प्लेट फार्ममा पोखिएको पाइन्छ । नेपालीहरूले युगौंदेखि लड्दै आएको अस्तित्वको लडाई, युगौंयुगसम्म गरेको बृहत् यात्रा प्रस्तुत खण्डकाव्यको विषयवस्तुभित्र समाहित रहेको पाइन्छ । 'प्लेट फार्म' ले नेपालको वीरताको इतिहास आदिदेखि अन्त्यसम्म फलाकेको र ठाउँ ठाउँमा प्रबल मानवतावादी भावनामा भाव विभोर हुँदै गएको यस मानव यात्रालाई प्लेट फार्ममा समाहित गरी प्रस्तुत खण्डकाव्यको विषयवस्तुलाई चर्चा गरिएको छ ।

भाव विधानका दृष्टिले हेर्दा 'प्लेट फार्म' रसपरिपाकपूर्ण काव्यका रूपमा देखा पर्दछ । यसमा काव्यकार के.बी. नेपालीले आख्यान योजना र प्रबन्धात्मक शिल्प संरचनाका बिच सामञ्जस्यकारी तत्त्वका रूपमा विविध मनोभावहरूको संवेद्य अभिव्यक्ति गरेका छन् र तिनै मनोभावहरूका समष्टि धरातलमा यहाँ वीर रसलाई परिपाकावस्थामा पुऱ्याएका छन् । यस काव्यमा अङ्गी रसका रूपमा आउने करुण रसको आलम्बनका रूपमा तीव्र जिजीविषा र प्रखर देशभक्तिको भावना बोक्ने सत्पात्र सहीद दुर्गा मल्ल र दलबहादुर थापाले ब्रिटिसहरूको

षडयन्त्रमा परी फाँसीको सजाय भोग्नु परेको घटना रहेको छ भने त्यसको उद्दीपन विभावका रूपमा सोही घटनासँग सम्बन्धित देश काल परिस्थितिले कार्य गरेको छ । काव्यमा स्वेद, स्तम्भ, तपन, कुतूहल, रोमाञ्च, कम्प जस्ता अनुभावहरू अभिव्यक्त भएका छन् । देशका निम्ति सहीद भएका हजारौं नेपाली सन्तानहरूको कथाले यहाँ करुण रसको सृजना गरेको छ । उक्त करुण रसलाई अङ्गी रसका रूपमा परिपाक प्रदान गर्न यस काव्यभित्र वीर, वात्सल्य, भयानक र शान्त रसलाई अङ्ग रसका रूपमा पनि प्रभावकारी अभिव्यक्ति दिइएको छ। कवितामा वीर रसलाई प्रभावकारी रूपमा यसरी वर्णन गरिएको छ :

ट्यांक आउने बाटोमा तेर्सिएर
प्राणको आहुति दिएर
धर्ती रक्तामै पारी (४०)

उपर्युक्त तथ्याङ्कमा भारतको पूर्वाञ्चलमा नेपालीहरूले लडेको युद्धमा दुई नेपाली वीरु बालिकाले देखाएको वीरताको वर्णन पाइन्छ ।

प्रस्तुत काव्यमा करुण रसको साथै गर्वको समायोजन पनि भएको छ जो यस प्रकार वर्णन गरिएको छ :

१८२४ को आफगानसँगको
युद्धमा, वीर बलभद्रले
बीरगति प्राप्त गरेकोमा
अङ्ग्रेज जेनरल मोवीले
रिस्पना नदीको किनारमा
बलभद्रको स्मारक बनाएर
उनको सम्मान गरेको इतिहास
आज पनि जीवित रहेको छ (पृ. १८)

उपर्युक्त कवितांशमा करुण रसका साथै गर्वको पनि वर्णन गरिएको छ । यहाँ वीरगति प्राप्त गरेका बलभद्रको मृत्युले करुण रसको सृजना गरेको छ भने खेद प्रकट गर्दै अङ्ग्रेज जेनेरेलले उनको स्मारक बनाएर उनी माथि गर्व र सम्मान प्रदर्शन गरेको भाव छ। यी विविध भाव र रसको अभिव्यञ्जना प्रस्तुत खण्डकाव्यमा भाव विधानको सुसङ्गठित कलात्मक परिणतिमा भएको छ । यस प्रकारका भाव विधान प्रस्तुत गरेकाले यस खण्डकाव्यले विशिष्टता प्राप्त गर्न सफल भएको छ।

प्रस्तुत प्लेट फार्म केवल नेपालको मात्र इतिहास नभएर वर्तमानसम्म भारतका कुना कुनामा फैलिएर बसेका नेपालीहरूको इतिहास र विश्व स्तरीय मानवता जस्ता विषयलाई सघनतापूर्वक व्यक्त गर्ने रचना हो । यो ऐतिहासिक काव्य ऐतिहासिक घटना र त्यस बेलाका चरित्रको आँकलन गर्न, नेपालीको राष्ट्रिय चेतना प्रस्तुत गर्न तथा विश्वजनीन मानवतावादी दृष्टिकोणको सम्प्रसारण गर्न सफल रहेको छ । एक निर्जीव प्लेट फार्मले व्यक्त गरेको सजीव घटनाहरूको केन्द्रीयतामा यो काव्यले सजीवता प्राप्ति गरेको छ ।

ट्रेनमा चढ्ने र उत्रिने यात्राहरूको कथोपकथनमा आधारित विषयवस्तुलाई प्लेट फार्मले सुनेका भरमा एउटा आख्यान तयार पारिएको छ र त्यो आख्यान प्लेट फार्मले वर्णनात्मक ढङ्गले प्रस्तुत गरेको छ । यस काव्यमा १८१६ को सुगौली सन्धि, १८२४ को अफगान युद्ध, १८६१ को सतलज आक्रमण, १९१४ को जर्मन इतिहास, १९१६ को इराक युद्ध, १८५७ को सिपाही विद्रोह जस्ता विषयवस्तुमा केन्द्रित रहेर उक्त युद्धहरूमा नेपालीहरूले देखाएको वीरताको शाश्वत वर्णनले खण्डकाव्यको विषयवस्तुमा अत्यन्त गम्भीर समस्यामूलक आयाम पनि थपि दिएको छ ।

**(ख) पात्र विधान**

प्रस्तुत खण्डकाव्यमा कुनै एक पात्रलाई केन्द्रीय चरित्रका रूपमा उभ्याइएको छैन । यहाँ घटनाका क्रममा देखा परेका केही ऐतिहासिक पात्र मध्ये कालु पाँडे, अमरसिंह, भक्ति थापा, बलभद्र, भीमसेन थापा जस्ता वीरयोद्धा पात्रको वर्णन गरिएको छ भने गुर्गीनखाँ जस्तो बङ्गालको कातर सेनापतिको पनि चर्चा गरिएको छ । १८१४ मा अदम्य साहस र वीरता देखाएर लड्ने शुरवीर नेपालीदेखि हारखाने अङ्ग्रेज जनरल ग्लेप्सी जस्तो पात्र पनि यहाँ चर्चाको रूपमा आएको छ । यसै क्रममा १९२४ मा अफगानसँग वीरत्व देखाउँदै वीरगति प्राप्त गरेका वीर बलभद्रलाई अङ्ग्रेज जनरल मावीले शुद्ध सम्मान गर्दै रिस्पाना नदीको किनारमा उनको स्मारक बनाई सम्मान गरेको देखिन्छ । त्यस्तै १८४२ को भारत छोडो आन्दोलनमा वीरगति प्राप्त गर्ने पात्रहरूमा मेजर दुर्गामल्ल र दलबहादुर थापालाई १९४५ मा ब्रिटिस सरकारले देशको स्वतन्त्रताका निम्ति लड्ने हुँदा दिएको मृत्युदण्डको चर्चा विशेष रूपले गरिएको छ । यसरी नै यस काव्यमा महात्मा गान्धी, सुभाष चन्द्रवसु आदर्श पात्रका रूपमा चर्चित छन् भने ब्रिटिस शासनको विरुद्धमा हाँसी हाँसी सहीद हुने पात्रहरूमा श्यामबहादुर थापा, बलराम गोर्खा, वीरासिंह कार्की, रतनसिंह लामा आदि देखा पर्छन् । उनीहरूले वीरगति प्राप्त गरेको इतिहास यस काव्यमा व्यक्त भएको छ । त्यस्तै १९४८ मा स्कार्दुको रणभूमिमा सैन्यसँग लड्ने शेरजङ्ग थापाले महावीर चक्र प्राप्त गरेको वर्णन पनि पाइन्छ । १९७० मा चौथो गोर्खा राइफल्समा वीरत्व देखाउने पात्र जवहरसिंह थापाको पनि चर्चा पाइन्छ । आख्यानको मध्य भागमा उल्लेख भएका पात्रहरूमा खड्गबहादुर विष्ट पनि उल्लेखित छन् । उनले आफ्नो छातीमा गोली थाप्दै नेताजीलाई बचाएर लक्ष स्थानमा पुऱ्याएको इतिहास छ । त्यसै गरी काव्यमा वीर योद्धा नेपाली पात्रका साथै सङ्गीतकार नेपाली पात्रको पनि उल्लेख पाइन्छ । ती रत्नराम सिंह ठकुरले भारतको राष्ट्र सङ्गीत जन गन मनलाई सङ्गीतबद्ध गरेका हुन् । काव्यमा जवहरलाल नेहरु, महात्मा गान्धी जस्ता ऐतिहासिक शान्तिकामी पात्रहरूको पनि उल्लेख गरिएको छ । त्यसै गरी १९४८ को स्कार्दु रण क्षेत्रमा एकदेखि अर्को अड्डामा पुग्दै आफ्ना सैन्यहरूलाई उत्साहित पार्दै युद्ध गर्ने शेरजङ्ग थापालाई पनि यहाँ ऐतिहासिक वीर पात्रका रूपमा उल्लेख गरिएको

छ । त्यस्तै स्वाधीनता सङ्ग्रामका वीर साहसी योद्धा असमभूमिका भक्तबहादुर प्रधान पनि साहसी पात्रका रूपमा उल्लेखित छन् । यस प्रकार यस काव्य आख्यानको घटनालाई गति प्रदान दिने अनेक वीर साहसी पात्रहरूको यस काव्यमा वर्णन भएको छ । यहाँ काव्यकारको जे जति कौशल देखा पर्छ तिनले यसको प्रबन्ध विधान खण्डकाव्यको मानक लमाइका अपेक्षा अनुरूप सुगठित, मितव्ययी र सघन किसिमको छ भन्ने कुराको पुष्टि गर्छन् ।

**(ग) उद्देश्य**

'प्लेट फार्म' काव्यमा मूलतः राष्ट्रवादी मानवतावादी वैचारिक स्वरको अभिव्यक्ति भएको छ । यसमा अभिव्यक्त उक्त वैचारिक स्वरको पुष्टि गर्ने केही उद्‌गार यस प्रकार छन् :

(१) नेपाली पनि एउटा मानव हो
मानव सरी बाँच्न देऊ !
आखिर मानव सृष्टि नै मानव हो
र वर्ग वर्ग भेद हटाई (पृ. १२०)

(२) नेपालको भू भाग भारतमा गाभिए
नेपाली पनि नपालको भू भाग साथै
भारतेली भएर भारतमा गाभिए
अङग्रेजले पनि सेनामा नेपाली भर्ती ल्याए
यसरी नेपाली भारतीय रैथाने भए (पृ. १५)

उपर्युक्त उद्‌गारहरू र प्लेट फार्मका कथ्यवस्तु, पात्र तथा वातावरणकै समष्टि सन्दर्भमा कवि के.बी. नेपालीले मानवतावादी विचारका साथै आदर्शवादी भाव धाराको पनि प्रकटीकरण गरेका छन् । उनले मान्छे मान्छेमा भिन्नता नभएको र सारा सृष्टि नै मानवका लागि हो भन्ने विचार व्यक्त गरेका छन् । बुद्धको बोद्धित्वको अनुसरण गर्दै अहिंसा नै परम धर्म हो भन्ने विचार उनको देखिन्छ । मातृभूमिको माया गर्दै धरणीमा हिंसा मच्चाएको उनलाई कदाचित सह्य छैन । उनी यस धरणीका मानवलाई नाटकका पात्र र धरणीलाई नाट्यमञ्चका रूपमा देख्दछन् । कविलाई यस धरणीका मानवमा बढ्दो हिंसात्मक प्रवृत्तिले मानव अब मानव नभएर दानवको स्वरूप लिएको विचार व्यक्त गरेका छन् । काव्यमा मानव हिंस्रक पशुतुल्य बन्दै रक्षकको सट्टा भक्षक भएको विचार पोखेका छन् । त्यस्तै उनका विचारमा देश कसैको निजी सम्पत्ति नभएर देश सबैको साझा रहेको विचार पनि अति सराहनीय रहेको छ । धर्मले मान्छेमा विभाजन ल्याउने कुरालाई विचार पुऱ्याउँदै धर्मले सबैको रक्षा गर्छ एवं धर्म ग्रन्थहरूले चोखो भावनाको विस्तार गर्छ भन्दै धर्म ग्रन्थहरू गंगा र यमुना जस्ता निर्मल रहेको उनको विचार सुन्दर र मधुर पनि छ । यसका साथै पद्यांश (२) मा नेपालीहरू किन कसरी भारत तथा असमका रैथाने हुन पुगे भन्ने देखाइएको छ । यो ऐतिहासिक काव्य मूलतः तीव्र जातीयतावादी एवं मानवतावादी प्रगतिशील विचार धाराको अभिव्यक्ति गर्ने काव्य हो । प्रस्तुत काव्य साँचो घटनामा केन्द्रित छ । यस काव्यमा वर्णन गरिएका र घटेका घटनाहरू सबै साँचा हुन् । नेपालीहरूको अस्तित्व कायम राख्न

भारत भूमिमा नेपालीले दिएको बलिदानको पुनः स्मरण गराउन आफ्नो अस्तित्व कायम राख्ने उद्देश्य मुख्य रूपमा देखिन्छ ।

**(घ) भाषाशैली**

प्रस्तुत 'प्लेट फार्म' ऐतिहासिक काव्यमा सरल, सुबोध, भावमय, सरस-सुन्दर भाषाशैलीको प्रयोग गरिएको छ । यसको भाषिक तहमा गद्य भाषाको प्रयोग गरिएकाले यो बोलचालको भाषाको नजिक पुगेको छ । यहाँ तद्भव शब्दको प्रयोग बढी भएकाले भाषामा मध्य प्रयुक्ति (मध्यम स्तरको ग्रहण क्षमता भएका पाठकले पनि बुझ्ने) पाइन्छ । यो गद्य लयमा लेखिएकाले यहाँ छोटा-छरिता वाक्य सङ्गठित भएका छन् । कतै एक र कतै दुई र बढीमा तीन छोटा शब्दले एउटा वाक्य गठन भएको हुँदा वाक्य सरस बनेका छन् । जनजिब्रोमा प्रचलित र पचिसकेका तत्सम शब्दको पनि आकर्षक प्रयोगले सन्तुलन कायम भएको भेटिन्छ । शैलीको सरलता यस काव्यको मुख्य आकर्षणको विषय हो । शब्द, शब्दावली र वाक्य प्रयोगको सरलीकृत ढाँचा यस काव्यमा देखिएको छ । यस प्रकारका शब्द चयनले गर्दा के.बी. नेपालीको थोरैमा धेरै भन्न सक्ने कलात्मक कौशल रहेको प्रष्ट हुन्छ । केही नमुना निम्नानुसारले देखाउन सकिन्छ :

(१) एक-एक घटनाका
एक एक इतिहासका
एक-एक पाना
पल्टाएर भन्ने छु ।
कारण, म प्लेट फार्म हुँ ' (पृ. ७)

(२) मैले सैयौं वर्षदेखि
अय्या ! सम्म नभनी
मानिसहरूको
पदचापको बोझ
सहेर आएको छु (पृ. ७)
कुनै दिन बोल्ने मौका
पाएछु भने
साँस नफेरी
बोलेको बोलै....

उपर्युक्त पद्यांशमा (१) मा आद्यानुप्रासको सृजना भएको छ । यहाँ एक-एकको उच्चारण तीन पटक भएकाले आद्यानुप्रासको सृजना भएको हो । त्यस्तै यहाँ घटनाका, इतिहासका जस्ता वाक्यमा 'का' ले अन्त्यानुप्रासको पनि अभिव्यञ्जना गरेको पाइन्छ । त्यसै गरी कवितांश (२) मा एकालापीय कथन उक्ति पाइन्छ । यहाँ प्लेट फार्मद्वारा कवि प्रौढोक्ति कथन वाचन गरिएको छ ।

प्रस्तुत खण्डकाव्यमा भाव, विचार र विषयवस्तुलाई रमणीयता प्रदान गर्न विविध बिम्बहरूको प्रयोग भए तापनि अलङ्कारको प्रयोग भने झिनो देखिन्छ । खण्डकाव्यका केही

अनुच्छेदहरूमा प्रकृति, संस्कृति, दर्शन र बृहत् रूपमा इतिहास आदि विषयका लघु बिम्बहरूको प्रयोग पाइन्छ । केही बिम्बहरू सहज किसिमका छन् भने केही बिम्बहरू उत्कृष्ट रहेका छन् । प्रस्तुत अलङ्कार र बिम्बहरूका केही उदाहरणहरू निम्नानुसारले देखाउन सकिन्छ :

(१) सयपत्री फल जस्तो सबैसित मिलिदिने
नेपाली पनि एउटा मानव हो (पृ. ११०)

(२) प्लेट फार्ममा मानिसहरू आउनु पर्छ/आउँछन् नै
प्लेट फार्ममा मानिसहरू उभिनु पर्छ/उभिन्छन् नै (पृ. १०७)

(३) सुतेको बाघलाई न उठाऊ/ न घचघचाउ
आज हाम्रो खुकुरी तिमीसँग भए पनि (पृ. १०४)

उपर्युक्त पद्यांश (१) मा 'नेपाली' लाई सयपत्री फूलको उपमा दिइएको छ भने फूल यहाँ दृश्य बिम्बको रूपमा पनि आएको छ । त्यस्तै पद्यांश (२) मा वृत्यानुप्रासको सृजना भएको छ । यहाँ मानिसहरू - मानिसहरू, आउनु पर्छ - उभिनु पर्छ, आउँछन् नै - उभिन्छन नै जस्ता अनुप्रासयुक्त वाक्यको प्रयोग भएको छ । त्यसै गरी पद्यांश (३) मा सुतेका बाघलाई नउठाउँ जस्तो लोकोक्तिको पनि प्रयोग भएको देखिन्छ । उपर्युक्त प्रतीक अलङ्कार र बिम्बको प्रयोगले काव्यमा सुमधुरताको सिर्जना भएको छ ।

निष्कर्षमा भन्नु पर्दा 'प्लेट फार्म' एक प्रतीकात्मक ऐतिहासिक खण्डकाव्यका रूपमा स्थापित भएको छ । यहाँ कवि निबद्धवक्तृ प्रौढोक्ति कथनमा प्लेट फार्मलाई मानवीकरण गर्दै प्लेट फार्मद्वारा सारा घटनाहरू वर्णनात्मक शैलीको कथनमा वर्णन गरिएको छ । प्लेट फार्म सिङ्गो नेपाली जातिको प्रतीक हो । यस प्लेट फार्मले बारम्बार भनेको छ 'म एउटा साँचो र सिङ्गो इतिहास हुँ ।' यो इतिहास भन्नु नै एउटा सिङ्गो नेपाली जाति हो । यसले आफूले सहेका, देखेका, भोगेका कुराहरू, आफ्ना मनका पीडा, भोगाइहरू एक एक गरेर यस इतिहास मार्फत ओकलेको छ । यसले नेपाली स्वयम् एउटा सिङ्गो इतिहास हो भन्ने कुरालाई प्रमाणित गरेको छ । विश्वभरी नेपालीहरूले दिएको अवदानको लेखाजोखा यस काव्यले गरेको छ । विश्वमा वीर जाति कहलाउने क्षमता यसको छ भन्ने कुरालाई यस काव्यले पुनः मूल्याङ्कन गरेको छ । विस्तारवादी पुँजीवादीहरूबाट नेपाललाई जोगाएको घटनादेखि भारत लगायत विश्वभरिका युद्धमा यसले अर्काको दासत्व स्वीकार गर्दै अर्काको देशको हितको निम्ति आफ्नो खुन बगाएको वर्णन गरिएको छ । विश्व युद्धमा सहिद भएकादेखि भारत वर्षको स्वतन्त्र सङ्ग्राममा वीर नेपाली योद्धाहरूले दिएको बलिदानको लेखा जोखासम्म प्रस्तुत गर्न सक्ने यो एउटा सवल ऐतिहासिक काव्यका रूपमा उत्कृष्टता प्राप्त गर्न सफल भएको छ । यस काव्यको केन्द्रीय कथ्य भारतीय गोर्खा सन्तानको जन्म इतिहासदेखि लिएर वर्तमान समयसम्मको स्थिति बोधलाई बहन गर्नु हो । १९सौं शताब्दीको विश्व युद्धको द्वन्द्वात्मक घटनाहरूको सेरोफेरो, राष्ट्रिय, अन्तर्राष्ट्रिय सम्पर्क, भारतीय गोर्खा

सैनिकहरूको वीरत्वपूर्ण इतिहास, ब्रिटिस इष्टइण्डिया कम्पनीको भारत त्यागको सन्दर्भ, भारतीय गोर्खाहरूको वीरत्वपूर्ण लडाई, भारतीय भावनाको विशालता र उदारता आदि विषयवस्तुलाई यसले अँगालेको र सँगालेको पाइन्छ । 'प्लेट फार्म' काव्यमा भारत वर्षको स्वाधीनताका निमित्त अस्तित्वको लागि गोर्खा फौजहरूले पुऱ्याएको योगदानलाई काव्य कथावस्तुको विषय बनाइएको छ । काव्यको नामाकरण प्रतीकात्मक रहेको देखिन्छ । प्लेट फार्मले सिङ्गो नेपालीलाई मात्र सङ्केत नगरेर यसले विभिन्न जात जाति, सम्प्रदाय भिन्न भिन्न धर्मावलम्बी मानिसहरू बसोबास गर्ने विशाल भारत वर्षलाई लक्ष्यार्थको रूपमा लिइएको देखिन्छ । प्लेट फार्मले विशाल अर्थमा पृथ्वीलाई नै समेटेको छ ।

यस प्रकारको काव्य लेखन के.बी. नेपालीको नवीनतम अभिव्यक्ति हो । यसमा काव्यकार नेपालीको भाषामा अभिव्यक्त भएको छ । यो केवल उत्तर पूर्वाञ्चलका निम्ति गौरवको कुरा नभएर सारा नेपाली साहित्यका निम्ति नै गौरवको कुरा ठहर्छ । उनको यस भेकबाट काव्य कविताका निम्ति महत्त्वपूर्ण योगदान रहेको छ ।

### ७.३.२ तुलबहादुर मालेमा र उनका काव्य कृति

असममा रहेर जातीय जागरणका कविता लेख्ने कविहरूमा तुलबहादुर मालेमाको योगदान महत्त्वपूर्ण रहेको छ । यहाँ मालेमाको काव्यगत प्रवृत्तिका साथै उनको प्रतिनिधि कृतिको विश्लेषण गरिएको छ ।

#### ७.३.२.१ काव्य यात्रा र प्रवृत्ति

असमेली नेपाली कविताको स्वाधीनोत्तर कालको प्रथम उपचरण जातीय जागरणमा क्रियाशील बन्दै शक्तिशाली काव्य लेख्ने प्रगतिवादी कविका रूपमा तुलबहादुर मालेमा (१९४९) देखा पर्छन् । १९७० को दशकदेखि कविता यात्रा प्रारम्भ गरेका मालेमाको कविता यात्रा **चेतना** (१९७२) खण्डकाव्यबाट थालिएको हो । उनले गीत, कविता, गजल, एकाङ्की, नाटक, कथा र समालोचनामा कलम चलाएको देखिन्छ । विश्वका श्रेष्ठ साम्यवादी दार्शनिकत्रय मार्क्स, लेलिन र माओका दर्शनले प्रभावित तुलबहादुरले आफ्नो नाममा मालेमा जोडेका छन् । यो उनको आफ्नै विशेषता भन्नु पर्छ र उनका रचनामा साम्यवाद सशक्त रूपमा मुखरित भएको छ (नेपाली, १९९६ : ४७०) । मूलतः कविता विधामा सशक्त योगदान पुऱ्याउने मालेमाका हालसम्म प्रकाशित काव्य कृतिहरू यस प्रकार छन् :

(१) **चेतना** (खण्डकाव्य, १९७२)

(२) **बलिदानको प्रतियोगितामा लम्केका पाइलाहरू** (कविता सङ्ग्रह, १९८२)

तुलबहादुर मालेमाको करिब चारदशकको कविता यात्रा देखिन्छ । उनका उपर्युक्त कृतिहरूका अतिरिक्त 'गुजीहरू' (खण्डकाव्य), 'मुक्तिको किल्ला' (नाटक), 'हुरीका गीतहरू' (कविता सङ्ग्रह) तथा Whistle of the century (Poetry in English under Printing) उनका

प्रारम्भिक रचनाहरू प्रगतिवादी विचार धारामा नै केन्द्रित देखिन्छन् । दलित पीडित मान्छेहरूका पीर मर्काहरूमा बढी सम्वेदनशील रहने कविका काव्य कृतिहरूमा विचार प्रमुख रूपमा आएको हुन्छ । अनेकौं रुढिगत कैयौं अन्योलपूर्ण वैचारिक गाँजाले भिम्मल हुँदै आएका पाठकहरूको मस्तिष्कलाई अझै बेहोस्याउनु भन्दा शोषित पीडित र हेपिएका मान्छेहरूकै कोलाहलपूर्ण जग्मजिएका परिस्थितिहरूको सम्मुख उभिएर उनीहरूकै भाषाशैलीलाई, उनीहरूकै आँसु-हाँसोलाई र उनीहरूकै पीर-मर्कालाई आत्मसात गरेर उनीहरूकै बौद्धिक स्तर ऊँचो पार्ने काम आजको प्राथमिक जिम्मेवारी हो भन्ने भनाइलाई नै मैले आफ्नो कविताको माध्यम बनाएको छु (मालेमा, १९८२ : ख) भन्ने उनका प्रारम्भिक रचनाहरू प्रगतिवादी प्रवृत्तिका देखिन्छन् । उत्तरार्द्धमा गीत, गजल, नाटक, कथा, उपन्यास र समालोचना साहित्यमा समेत लागेका हुनाले उनका कविता यात्रालाई पूर्वार्द्ध र उत्तरार्द्ध गरी दुई चरणमा विभाजन गर्न सकिन्छ :

(क) पूर्वार्द्ध (१९७२-१९८०)

(ख) उत्तरार्द्ध (१९८१ देखि यता)

तुलबहादुर मालेमाको काव्य यात्रामा देखिएको मूल प्रवृत्ति भनेको प्रगतिवादी दृष्टिकोणका साथै युगीन विसङ्गतिको चित्रण हो । आजको सर्व सम्पन्न कहिने समाजभित्र आफू सरह मान्छेको अवस्था कस्तो छ, दलित पीडित मान्छेहरूका पीर मर्काहरू कहाँनेर छन्, त्यसलाई चेतनाको माथिल्लो खुड्किलोबाट हेर्न सक्नु र आफ्नो हेराइलाई आफ्ना कविताहरूको माध्यमबाट अत्यन्तै मार्मिक जनभाषामा व्यक्त्याउन सक्नु मालेमाको विशेषता हो (श्रम प्रकाशन, १९८२ : अन्तिम पृष्ठ) । उनका कविता काव्यमा सामन्ती संस्कारमा हुर्किएका अहङ्कारले उन्मत्त रहने व्यवस्थाप्रति व्यङ्ग्य प्रहार गरिएको छ । उनका कविताले अस्तित्व गुमाएर अन्यायलाई नै न्याय ठानेर चुपचाप पीडा सहेर बस्नेमाथि पनि आक्रोश पोखेका छन् । काव्यमा प्रदूषणयुक्त संस्कृति बोकेका, सामन्ती समाजका टोकाइले व्यथित भएका, मानवीय सद्भावको दृष्टि राख्ने व्यक्ति लाञ्छित हुनु मात्र होइन देशै छोडेर बिराना मुलुकको सहारा लिन बाध्य भएको भन्ने देखाइएको छ । उनका पूर्वार्द्धका काव्यमा स्वाभिमान गुमाएका मानिसहरूप्रति दयायाचना गरिएको छ । आफ्नो गुमेको अस्तित्वलाई आफ्नो भाग्गे ठान्ने अन्यायलाई नै न्याय ठान्ने, अमर्यादालाई मर्यादा ठान्ने मानवीय कायर प्रवृत्तिलाई विद्रोहले प्रतिकार गर्नु पर्ने कुरालाई उनका कविताले देखाएका छन् । उनका कवितामा महत्त्वाकांक्षीहरूप्रति व्यङ्ग्य, सहानुभूतिशील मनोभाव, सम्वेदनशीलता, अन्धविश्वासको विरोध, नारीप्रति श्रद्धा भावना, नारी विद्रोह, सामन्ती छलछामको विरोध, समाजका विकृति र विसङ्गतिप्रति कडा विद्रोह, मानवतावादी दृष्टिकोण, स्वाभिमान र आत्मसम्मानप्रति सजगता, जातीय अस्मिताप्रतिको सजगता, सामाजिक यथार्थवादी प्रवृत्तिका साथै क्रान्तिकारी स्वच्छन्दतावादी प्रवृत्ति पनि देखिन्छ । यिनका कवितामा पाइने

जातीयताबोध, समाजका ठेकेदारहरूप्रति विद्रोही मनोभाव, रुढिवादी परम्पराको विरोध, जातपातको भेदभावप्रति घृणा, समाजका पाखण्डीपनको विरोध, साम्राज्यवाद र विस्तारवादको विरोध, युद्ध विभीषिका एवम् सन्त्रासयुक्त परिस्थितिको चित्रण उनका पूर्वार्द्धका कविता काव्यमा पाइन्छ । उनका उत्तरार्द्धका कवितामा पनि तीव्र परिवर्तनकामी मनोभावना तथा यथार्थ जीवनप्रतिको मोहभङ्गका साथै जातीयतावादी मनोभाव देखिन्छ । उनका कवितामा तेस्रो राष्ट्रले भोग्नु परेको पीरमर्का, संसारका भोका नाङ्गाहरूको क्रन्दन, दासताप्रति विद्रोह, नारी विद्रोहको भावना, जातीय विभेद र रङ्ग भेदप्रति विरोधका साथै सामाजिक व्यङ्ग्य, भाषा र संस्कृति सम्बद्ध विविध भावको अभिव्यक्ति पाइन्छ । उनका उत्तरार्द्धका कवितामा पनि जातियतावादी चिन्तन, नारीवादी चिन्तन, नारी मुक्तिका निम्ति प्रोत्साहन, सङ्घर्षमय जीवनका साथै ईश्वर चिन्तनप्रति बढी झुक्नु भन्दा मानव प्रेम गर्नु उचित हो भन्ने भाव र प्रगतिवादी चिन्तन देखिएको छ । उनका कवितामा पाइने प्रवृत्तिगत विशेषतालाई समग्रमा यस प्रकार देखाइन्छ :

(१) शोषित दमित, पीडितहरूप्रति सहानुभूति र साम्राज्यवादी विस्तारवादी प्रवृत्तिप्रति व्यङ्ग्य

(२) समाजले मिल्काएका तथा कामुकताले डसेका नारीहरूप्रतिको संवेदनशील र नारी अस्मिताको सुरक्षाको चाहना

(३) रुढिवादी सामन्ती संस्कार परम्पराको विरोधका साथै रुग्ण मानसिकता षड्यन्त्र एवं अन्धविश्वासप्रति व्यङ्ग्य

(४) परिवर्तनको कामना, बाँचेको जीवनप्रति मोहभङ्ग तथा जातीयतावादी चेतना

(५) तेस्रो राष्ट्रले भोग्नु परेको पीर मर्काका साथै जातीय विभेद र रङ्ग भेदप्रति विद्रोहात्मक अभिव्यक्ति

### ७.३.२.२ 'चेतना' खण्डकाव्यको विश्लेषण

तुलबहादुर मालेमाले विभिन्न कविता सङ्ग्रह, काव्य र फुटकर गरी हालसम्म एउटा खण्डकाव्य र लगभग एक सय फुटकर कविता लेखेको पाइन्छ । विषयवस्तुको सशकता कलात्मक मूल्य, युगबोध असमेली नेपाली कवितामा प्रतिनिधिमूलक उपस्थिति आदिका दृष्टिले उनका खण्डकाव्य **चेतना** (१९७२) र **बलिदानको प्रतियोगितामा लम्किरहेका पाइलाहरू** (१९८२) शीर्षकका कृतिहरू प्रतिनिधिमूलक छन् । यहाँ **चेतना** खण्डकाव्य कृतिको चयन गरी तिनको विश्लेषण गरिएको छ ।

तुलबहादुर मालेमाको **चेतना** खण्डकाव्य १९७२ मा लेखिएको हो । यो खण्डकाव्य नौ खण्डको आयाममा विस्तारित काव्य हो ।

तुलबहादुर मालेमाले आफ्नो कविता यात्राको प्रारम्भिक चरण (१९७२-८०) र आफ्नो जीवन यात्राको केटौले अवस्थाको अपरिपक्व अवस्थामा लेखेको खण्डकाव्य हो । प्रस्तुत खण्डकाव्यको स्रोत अधिकांश नेपालीहरूले भोग्दै आएको जीवन गाथा हो । आर्थिक विषमताले जर्जर भएको, रुढिग्रस्थ समाजको चेपारोमा परेको, एकतन्त्रवादी शासनले पेलिएको, सामन्तीको जालोमा फँसेको र यस्ता पीरहरूको समाधान खोज्दै विदेशतिर भौतारिन पुगेको नेपालीको कथा हो । क्षत्रीको मूल्याङ्कन अनुसार "चेतना' सित दाँजिन सक्ने अर्को काव्य छैन । एक्काइस वर्ष अघिको परिवेश र परिस्थिति, कविको केटौले उमेर र सिकौरे कलम, सबै कुरा ध्यानमा राखेर हेर्ने हो भने यो उनको उत्कृष्ट काव्य उपज हो" (क्षत्री, १९९४ : १३) । यस काव्यको विषयवस्तुको स्रोतको सम्बन्धमा नेपाल र नेपालमा बसोबास गर्ने नेपाली जातिसँग छ । नेपाल भित्र नेपालको जहाँनिया शासन कालमा त्यहाँको जनमानसमा राष्ट्रियताबोध थिएन । यसको कारण लामो समयसम्म निरङ्कुश एकतन्त्रवादी शासन र त्यसले ल्याएको सामन्ती व्यवस्था हो ।

> एक सय चारवर्षको लामो जहाँनिया शासन भित्र जन्मेका शोषक र सामन्ती, जिमुवाल, मुखिया, पञ्चभलादमी, साहु, महाजन, अशिक्षा, कुशिक्षा, आर्थिक जर्जरता, रुढिबुढी, चाकरी, चापलुसी सबै कुराले जनताको मनमस्तिष्कमा यसरी टालो लाइदियो कि उनीहरूलाई आफ्नो राष्ट्र पराइको जस्तो अनुभव भयो र उनीहरूले आफूलाई बिसाउन सक्ने राष्ट्रको खोजीमा पलायन गर्नु नै एउटा सुलभ मार्ग फेला पारे" (क्षत्री, १९९४ : ११) ।

यस्तै विषयवस्तुमा आधारित यो काव्य एउटा नेपालीहरूको ऐतिहासिक दस्तावेज हो । "नेपालीले विदेशिनु पर्नाको मूल कारण नेपालीको परम्परागत सामन्ती शोषण हो भन्ने तथ्यलाई राम्ररी पहिल्याएर कथावस्तु तयार गर्नु काव्यको इमान्दारीपूर्ण मुख्य विशेषता हो ( प्रश्रित, १९७२ : ८) । सामाजिक यथार्थको अभिव्यक्ति गर्नु नै यस खण्डकाव्यको खास कलात्मक सिद्धि रहेको देखिन्छ ।

### (क) विषयवस्तु

**चेतना** खण्डकाव्य सामाजिक यथार्थवादी, प्रगतिवादी धरातलमा रचिएको छ । यो नेपालीको एकतन्त्रवादी जहाँनिया शासन व्यवस्थाबाट थिचिएर जीवन धान्न नसकी भारतको विस्तारवादी शासन व्यवस्थामा आएर होमिने नेपालीको कथा हो । यो खण्डकाव्य नेपालीको परम्परा बनेको विदेशतिर भौतारिँदै जीवन बिताउनु पर्ने व्यवस्थामा आधारित छ । यस काव्यको आरम्भ नेपालको परिवेशमा भएको छ भने अन्त्य नेपाल बाहिर अर्थात् भारतमा भएको देखिन्छ । सम्पूर्ण काव्य नेपालीहरूको विडम्बनापूर्ण स्थितिको चित्रणमा केन्द्रित रहेको छ । यो काव्यमा मुख्य भूमिकामा रहेको बले लगायतले आफ्नो देश नेपाल छोडेर प्रवासमा अस्तित्वहीन भएर भौतारिन बाध्य गराइएको छ । यस्तै नेपालीहरूको बाध्यताको चित्रण काव्यमा निम्नानुसारले प्रस्तुत गरिएको छ :

गोर्खाली !
ढुङ्गो भै खाली केवल खाली भएछौ यहाँ
अस्ताइ सकेछ तिम्रो जातित्व
तिमी स्वयं पाले भएर पनि
तिम्रो बुकुरो लुटिएको छ
तिमी स्वयं भान्से भएर पनि
तिम्रो चुल्हो चिसिएको छ

उद्धृत कविताांशमा गोर्खाली नामकरणले चिनिने नेपाली जहिले खाली खाली भएको अवस्था देखाइएको छ । आफ्नो देश छोडेर विदेशमा अरूको घर रुङ्ने दरवान र पालेको रूपमा कार्यरत यता उनीहरूको आफ्नो घर लुटिएको स्थिति देखिन्छ । त्यसै गरी आफू स्वयं भान्से भए पनि आफ्नो चुल्हो भने चिसै रहेको अभावपूर्ण र टिठ लाग्दो स्थितिको चित्रण यहाँ पाइन्छ ।

त्यस्तै विदेशमा नेपालीको अवस्था र स्थितिलाई यस प्रकारले वर्णन गरिएको छ :

खुकुरीको धारमा सेरिएका छौं
बन्दुकको नालमा घेरिएका छौं
पानीका फोका भै मेटिएका छौं
भोग दिने बोका भै बेचिएका छौं

यहाँ अत्याचारी सामन्ती शोषणको अत्याचार खप्न नसकेर विदेशतिर लागेका र सेनामा भर्ती भएर अर्कैका देशका निम्ति बलि हुने नेपाली छोराहरूको व्यथाको कारुणिक वर्णन गरिएको छ । यहाँ विश्व युद्धको समयमा अफ्रिका, जर्मनी र वर्माका जंगलमा आफ्नो रगत पसिना बेचिरहेका नेपालीको चित्रण पाइन्छ । यहाँ नेपाली वीरलाई विश्वमा गुलामीको र परतन्त्रताको कालो कलङ्कको जनद्रोही इतिहास निर्माण गर्न पठाइएको र यहाँ खुकुरीको धारमा सेरिने, बन्दुकको नालमा घेरिने, पानीको फोका भैं मेटिने र भोग दिने बोका भैं बेचिने सबै नेपाली सन्तान हुन् भन्दै नेपालीहरूले अस्तित्वहीन जीवन बाँच्नु परेको कुरा देखाइएको छ ।

**चेतना** खण्डकाव्यको विषयवस्तु योजनामा नेपालीहरूले भोग्नु परेको द्वन्द्वात्मक स्थिति र जातीय चेतना प्रस्तुत गरिएको छ र त्यसबाट यथार्थ स्थितिको बोध पनि प्रशस्त मात्रामा व्यञ्जित भएको छ । यस काव्यमा नेपालीहरूले विदेशमा भेल्नु परेको ऐतिहासिक घटनाक्रम, चरित्र र वातावरणको चित्रणद्वारा मालेमाले आफ्नो जातीयतावादी सञ्चेतनालाई परिस्कृत रूपमा प्रकट गरेको भेटिन्छ । गोर्खालीको इतिहास, नेपालमा नेपालीहरूले भोगेको त्रासपूर्ण जीवन, उनीहरूको सुखको दिन हेर्ने कल्पना, भूत र भविष्यका बिचको रित्तो वर्तमान (तेस्रो छाल), आफ्नो देशको हावा, पानी, माटो, बोटविरुवा, फलफूल, भैंसी गोठ, गाई गोठ, अनि, सिमलेको गाउँ, बजारपुरको डाँडो, राइलेको गाउँ, न्याराबारीको गाउँ, स्वच्छ पानीको बाढखोला, कुप्रे पहाड मुन्तिरको काफल डाँडा, स्याङ्जाको बजार, पारीपट्टि

सतम्को डाँडो, पाटने गराहरू माथिको कार्की गाउँ, भत्केको पिडी, आफ्नो घरको चुहिने छानो आदि सेरोफेरोको सौन्दर्य तथा दुःखद चित्रण मालेमाका काव्यको एक उल्लेख्य विशेषता रहेको देखिन्छ । उनको प्रगतिवादी स्वरका साथै जातीयतावादी स्वर चेतना खण्डकाव्यमा प्रकट भएको छ । नेपालमा दरबारिया र जँहानिया शासन व्यवस्थामा जनताको स्वार्थप्रति आँखा चिम्लेर आफ्नै स्वार्थमा मग्न रहेका शासक वर्गहरूको अत्याचार खप्न नसकेर विस्तारवादी र साम्राज्यवादी ब्रिटिस शासकहरूका शरणमा आफूलाई होम्न पुगेको नायकको रूपमा यहाँ बलेलाई उभ्याइएको छ र नायिकाको रूपमा आफूमा घटित भएका घटनाहरूको साँचो बयान दिन नसकेर अन्यायको दलदलमा फँसेकी विधवा कान्छीलाई नायिकाको रूपमा उभ्याई मालेमाले यहाँ आफ्नो प्रखर प्रगतिवादी चेतना र यथार्थवादी तथा राष्ट्रवादी चेतना प्रस्तुत गरेका छन् । आफू नेपालदेखि बाहिरको भूमिमा रहेर पनि नेपालीहरूले भोग्नु परेको पीडाप्रति कवि सजग देखिन्छन् । खण्डकाव्यमा नायक बलेले भोग्नु परेको स्थितिलाई यस प्रकार वर्णन गरिएको छ :

(१) बाबुको वियोगमा भिजेको परेला  
सुक्न पाएका थिएनन् उसका  
बाबुको विछोडमा चर्केको मुटु  
जोडिन बाकी नै थियो  
चारसय हालेर ल्याएको  
लैनू भैंसी थला बस्यो  
खाइनखाइ सँगालेको  
सम्पत्ति थला बस्यो (तेस्रो छाल, पृ. २५)

(२) आखत हरायो  
भ्काँक्रो बसाल्यो  
धूप धुवाँर नभएर यस्तो भा'को भने  
भैंसी बचाउने आशामा उसले  
सक्दो पाठ । पूजा गऱ्यो  
सक्दो धूप । धुवाँट गऱ्यो (तेस्रो छाल)

(३) चारसयको लैनू भैंसी  
कैयौं दिनसम्म भोज लाए मासु खानेहरूले  
चाल पायो पछि बलेले  
भैंसीलाई माटे किराले भ्याएको रहेन (तेस्रो छाल)

उपर्युक्त तथ्याङ्कहरू मध्ये तथ्याङ्क (१) मा टुहुरो बलेको आर्थिक अवस्थाको विघटन भएको चित्रण प्रस्तुत गरिएको छ । बाबुको मृत्यु अनि खाई नखाई सङ्गालेको सम्पत्तिका रूपमा रहेको भैंसी बिरामी भएर त्यसबाट बलेको आर्थिक स्थितिमा ल्याएको ह्रासोन्मुख स्थितिको चित्रण प्रस्तुत गरिएको छ । तथ्याङ्क (२) मा भैंसी बिमारी हुँदा रुढिवादी परम्परा अनुसार धामी भ्काँक्री लगाएर भैंसी निको पार्ने कुसंस्कार र अन्धविश्वासको चेपारोमा परेको बलेको यथास्थितिको चित्रण छ भने तथ्याङ्क (३) मा

भैंसीलाई माटे कीराले रोगी बनाएको प्रसङ्ग देखाइएको छ र अन्धविश्वासको भुँमरीमा बलेको थलो रित्तिएको प्रसङ्ग देखाइएको छ । यस खण्डकाव्यमा कान्छीलाई सीता जस्ती आदर्श नारीसँग परिचित भएकी महाभारतका वीराङ्गनाहरूसँग चिनारी भएकी (चौथो छाल) तर सत्य ओकल्न आँट नभएकी भनेर सत्यसँग जुध्न प्रोत्साहन गरिएको छ । काव्यमा बलेले मातृभूमि छोड्ने अठोट गरेको प्रसङ्ग, राती नाग र काली नाग, बोक्सी बनडायनी, पूजा पाठ, मोहोरको जटिल समस्या, मरेको लैनी भैंसीको मासु खानु, चन्द्र विजय र मङ्गल विजयको प्रसङ्ग, बलेको आँगनमा पञ्चको भेला, कान्छीलाई घिन लाग्दा शब्दले प्रहार, ऊ माथि लाज लाग्दा वाक्यको प्रयोग, जिमुवाल बूढाको उफ्राइ, कान्छीको सत्य ओकल्ने आँट हराउनु, पञ्चको माझ कान्छीको विद्रोहात्मक स्वर गुञ्जनु, वेश्या र फुँडीको प्रसङ्ग, धर्म, अधर्म, न्याय अन्याय, बालविधवा कान्छी र बेनीको आलाप, आमाको विलाप मातृभूमिप्रतिको माया, माटोको माया, गोठ कटेरो पखेरा, सत्य मिथ्या भएको र मिथ्या सत्य भएको प्रसङ्ग, सीता सावित्रीको इतिहास, ढुङ्गाको मूर्ति पूजन, युद्ध र युद्ध भूमिका साथै हजारौं हजार मृत्युको प्रसङ्गलाई काव्यको विषयवस्तुको रूपमा ग्रहण गरिएको छ । काव्यमा गोर्खाली सधैँ खाली खाली भन्ने व्यङ्ग्य गरिएको छ । यस व्यङ्ग्यले नेपालीको आत्मसम्मान आत्मगौरवको सट्टा युद्ध विजयमा पाएको तक्मालाई कुकुर लोभ्याउने हड्डी भनेर अझ व्यङ्ग्य थपिएको छ । यस व्यङ्ग्यले मानवतामाथि बारम्बार भइरहने षडयन्त्रपूर्ण साँचो समस्यालाई उठाई प्रस्तुत खण्डकाव्यको विषयवस्तुमा अत्यन्त गम्भीर समस्यामूलक आयाम थपिदिएको देखिन्छ ।

**चेतना** खण्डकाव्यको प्रबन्ध विधान व्यवस्थित र सुगठित छ । प्रस्तुत खण्डकाव्यमा तुलबहादुर मालेमाले कथ्य विषयका साथै आफ्ना भावना र विचारलाई खण्डकाव्यात्मक आयाममा विस्तार गरेका छन् । उनले यस खण्डकाव्यमा सर्ग भन्न सकिने नौओटा सङ्क्षिप्त छालहरूमा आख्यान प्रस्तुत गरेका छन् । उक्त नौओटा छालहरूमा पुरै आख्यान गद्यकवितात्मक लयमा रहेको छ । जम्मा नौओटा छालका आठ सय अठासीओटा पङ्क्ति लामा छोटाहरफमा पूर्ण तुल्याई यो खण्डकाव्य तयार गरिएको छ । खण्डकाव्यका प्रत्येक छालमा यसै भित्रको आख्यानसँग सम्बन्धित यसै भित्रका पात्रको कथनका पूर्ण विवरण प्रस्तुत गरिएको छ । यहाँ एक शब्दलाई पनि एक पङ्क्तिको रूपमा लिइएको छ । प्रस्तुत काव्यको शैली गद्यात्मक रहेको छ । जम्मा नौ छालमा विस्तारित काव्यको सबैभन्दा छोटो भाग आठौं छाल रहेको छ । यसमा जम्मा सतचालिस पङ्क्ति छन् भने सबैभन्दा लामो चौथो छाल रहेको छ यो दुई सय पन्चानब्बे पङ्क्तिमा विस्तारित भएको छ । पहिलो छाल र नवौं छाल एकसट्ठी पङ्क्तिको आयाममा विस्तारित देखिन्छन् । अरू बाँकी दोस्रो, तेस्रो, पाँचौं, आठौं र सातौंमा क्रमशः छपन्न, एक सय बत्तीस, एक सय तेत्तीस, एक सय छयालीस पङ्क्ति सङ्ख्या रहेका छन् । यस खण्डकाव्यको पहिलो छालमा बलेको गाउँको र

छेउछाउका क्षेत्रको वर्णनका साथै उसको गरिबी र विवशताको वर्णन पाइन्छ । तेस्रो छालमा बलेको जीवनमा आएको चरम विवशतापूर्ण स्थितिको वर्णन पाइन्छ । चौथो र पाँचौं भागमा बलेको कान्छीसँगको प्रेम मिलन र गाउँको सामन्ती शासन व्यवस्थाको कलुषतापूर्ण व्यवस्थाले बले आफ्नो देश छोड्न बाध्य बनाइएको कथा छ । आठौँ छालमा विदेशप्रतिको बलेको भावनात्मक उद्‌गार देखिन्छ भने सातौं छालमा युद्ध भूमिबाट पत्रात्मक शैलीमा युद्धको विवरण तथा आफ्ना व्यथाहरू कान्छीलाई लेखेको तर पठाउन नसकेको वर्णन पाइन्छ । आठौँ छालमा कवि कथनमा सिमानामा लड्ने लडाइको वर्णन छ भने यसै युद्धमा गोली लागेर बलेले वीरगति प्राप्त गरेको वर्णन पाइन्छ । नवौँ छालमा पनि कवि कथनबाट भोलिपल्ट युद्ध भूमिको चकमन्न रहेको स्थितिको वर्णन पाइन्छ । प्रस्तुत खण्डकाव्यको पहिलो छालदेखि चौथो छालसम्म नेपालीको विवशता, आफ्नो देश छोडेर विदेशतिर लाग्नु पर्ने बाध्यता, प्रवासको अनकन्टारमा मेटिएको नेपालीको अस्तित्व र युद्धमा होमिएको त्रासदपूर्ण परिस्थिति र अन्धविश्वासका भूमरीमा परेको बलेको जिन्दगी, निर्दोष बले दोषी हुनु परेको स्थिति, पञ्चको भूल निर्णय जस्ता घटनाबाट यसको आख्यानात्मक कथावस्तुको आदि भाग निर्माण भएको छ । यस काव्यको पाँचौंदेखि सातौं छालसम्म बलेको टिठ लाग्दो भाग्य, उसको शून्य गोठ, आफ्नो झुप्रो छोडेर विदेशतिर लाग्नु पर्ने बाध्यता र आमा बहिनीको आलाप, विलाप, माटोको माया, कान्छीसँगको विछोड, झुठो अभियोगले लाञ्छित हुन बाध्य भएर विदेशतिर लागेको घटनाबाट आख्यानको मध्य भाग बनेको छ । प्रस्तुत खण्डकाव्यका आठौँ र नवौँ छाल अन्तर्गत नेपाली सेनाहरूले विदशको सीमामा आफ्नो रगतको होली खेलेको प्रसङ्ग, सिमानामा गोडा पाखुरा कुम र पेटमा गोली लागेर रन्थनिँदै खाडलमा लडेको बलेको विवश चित्र र उसले सम्झेको गोठ, भीरबारी, डाँडा, पहाड, चौतारी, ठाँटी, पौवा पाटी, बाटो कुर्दै बसेकी कान्छी, आमाको आँसु पुछ्न नसकेको बाध्यता र सिमानामा कयौं छोराहरू बेहोस् लडिरहेको, आमाको काख रित्तो परेको प्रसङ्ग, श्रीमतीको सिउँदो उजाडिएको स्थिति, अनुहार एकोहोरिएको र आँखा आकासिएको जस्ता मृत्युको दुःखदपूर्ण र त्रासदीय घटनाक्रम तथा विचारको अभिव्यक्तिका समष्टिबाट यसको कथावस्तुगत अन्त्य भागको निर्माण गरिएको छ । कथावस्तुगत आदि भाग, मध्य भाग र अन्त्य भागको निर्माण गर्ने घटनाक्रम कुतूहलता र एककार्योन्मुख अभिव्यक्ति गर्ने प्रबन्ध कौशल खण्डकाव्यकार तुलबहादुर मालेमाले प्रस्तुत खण्डकाव्यमा देखाएका छन् ।

### (ख) पात्र विधान

**चेतना** खण्डकाव्यमा कथावस्तुको क्रममा आउने मुख्य चरित्रको रूपमा बलेलाई प्रस्तुत गरिएको छ भने कान्छी, लैनूभैंसी (मानवेतर), झाँक्री, राती नाग, काली नाग, बोक्सी, बनडायनी, रकमी बूढा, जिमुवाल बूढा, खत्री बूढा, गाउँलेहरू र पञ्च, कर्णे सुब्बा,

गाउँबूढा, आमा बैनी जस्ता पात्र पनि आ-आफ्नो प्रतिनिधिपूर्ण चरित्रका साथ उभ्याइएका छन् । यस मध्ये बले मुख्य पात्रका रूपमा रहेर उसले विदेशको सिमानामा लड्ने समग्र नेपाली छोराको प्रतिनिधित्व गरेको देखिन्छ । यस खण्डकाव्यमा मुख्य नायिकाका रूपमा कान्छी देखिन्छे । कान्छी यस खण्डकाव्यकी मुख्य पात्रका रूपमा रहे पनि कान्छी खण्डकाव्यको चौथो छालमा आएर देखा पर्छे र पाँचौं छालमा अन्तिम पटक देखिन्छे । कान्छी कामुकताले डसिएकी र समाजले मिल्क्याउने प्रयास गरिएकी सत पात्र तर चारित्रिक विवशतामा घेरिएकी असहाय पात्रका रूपमा देखिन्छे । चौथो छालको अन्तिमतिर कान्छीले विद्रोही विद्रोहिणीको रूप धारण गरेकी छे ।

यहाँ रकमी बूढा, जिमुवाल बूढा र गाउँबूढा यस खण्डकाव्यका खल पात्र हुनका साथै षड्यन्त्रकारी सामन्ती शासकीय प्रवृत्ति एवम् नृशंसताका बाहक स्थिर पात्र हुन् । झाँक्री, वैद्य, बोक्सी, डायनी आदि परम्परित रुढिग्रस्त प्रस्तुत र अप्रस्तुत पात्र हुन् । आ-आफ्नो चरित्रगत स्वभावलाई उद्घाटन गर्न यहाँ समाजका भिन्न भिन्न चरित्रका पात्रहरूको चरित्राङ्कन प्रस्तुत गर्दा प्रस्तुत खण्डकाव्यमा बलेको आँगन, नुवाकोट, सिमले, स्याङ्जाको बजार, धौलागिरी, न्याराबारी गाउँ, बलेको गोठ, गोदार गाउँ, भीर पखेरा, मुगलान, प्रवासको गल्ली, सिमानाको युद्ध भूमि, फजिल्काको गल्लीका स्थानगत, प्राकृतिक युद्धजन्य परिवेशको सूक्ष्म चित्रण गरिएको छ ।

**(ग) उद्देश्य**

**चेतना** खण्डकाव्यमा मूलतः यथार्थवादी एवं प्रगतिवादी स्वरको अभिव्यक्ति गरिएको छ । यसमा अभिव्यक्त उक्त वैचारिक स्वरको पुष्टि गर्ने केही उद्गारहरू यस प्रकार छन् :

(१) तिमी स्वयं पाले भएर पनि
तिम्रो बुकुरो लुटिएको छ
तिमी स्वयं भान्से भएर पनि
तिम्रो चुल्हो चिसिएको छ (प्रथम छाल, १७)

(२) यहाँ स्वास्नी मान्छेलाई
फुँडी कसले बनाउँछ ?
यहाँ स्वास्नी मान्छेलाई
वेश्या कसले बनाउँछ ? (चौथो छाल, ३४)

(३) किन पुज्नु पऱ्यो
यो ढुङ्गाको मूर्तिलाई
किन चाहियो यी तीर्थब्रर्तहरू (पाँचौं छाल, ३६)

(४) शताब्दीऔं देखि हाली हुँदै आएको गोर्खाली
खाली नै रहेछ अझसम्म
युगौंदेखि पाले हुँदै आएको नेपाली
पाले नै रहेछ अझसम्म (छौटौं छाल, ५०)

(५) सबैको कथा यहाँ छ एउटै
तिम्रो कथा झैं छ यहाँ मेरो कथा
अनि हाम्रो कथा झैं

यहाँ छ, सम्पूर्ण नेपालीहरूको कथा ! (सातौँ छाल, ५८)

(६) सत्यलाई कसीमा लुकाएर
असत्यको कुम्लो बोकी नै रह्यौ भने
तिम्रा भोलि आउने पुस्ताका सन्तानहरू
यसरी नै बेचिने छन्
यसरी नै मेटिने छन् (नवौँ छाल, ६३)

उपर्युक्त कवितांशहरूमा मालेमाले प्रगतिवादी विचारधाराका साथै क्रान्तिकारी स्वच्छन्दतावादी विचार र जातीय अस्मिता तथा जातीय अस्तित्वप्रतिको भावना प्रस्तुत गरेका छन् । खण्डकाव्यमा तुलबहादुरले नेपाली जीवनको यथार्थबोध गरेका छन् । त्यसलाई खण्डकाव्यमा जस्ताको तस्तै राख्ने प्रयत्न गरेका छन् । त्यसैले यो सामाजिक यथार्थवादी खण्डकाव्य हो । यो खण्डकाव्य प्रगतिवादी प्रवृत्तिको रहेको छ र यसले सामन्ती परिपाटीमा रोगाएको नेपाली जीवनलाई परिपाटी फेरेर रोग, भोक र शोकको निदान खोज्ने सङ्केत पाइन्छ । नेपालीले विदेशिनु पर्ने विवशतालाई यसले इंगित गरेको छ । यस खण्डकाव्यले क्रान्तिकारी वर्चस्व पाए पनि गोपालप्रसाद रिमालका नारी पात्रले झैं यसका नारीहरूले सत्य ओकल्न सकेका छैनन् । उपर्युक्त उद्धृतांश (१) मा नेपालीहरूको अवस्थाको चित्रण गरिएको छ । आफू पाले भएर अर्काको घरदैलो रुँगे पनि आफ्नो घर सुरक्षा नभएको अवस्थाको चित्रण यहाँ पाइन्छ । आफू भान्से भएर पनि आफ्नो चुल्हो चिसिएको यथार्थ स्थितिको चित्रण गरिएको छ । कवितांश (२) मा कान्छी माथि लगाइएका आरोप प्रतिआरोप र लाञ्छनाको विरोध गर्दै उसको विद्रोहात्मक स्वर मुखरित गरेर मालेमाले नारीप्रति श्रद्धा र सहानुभूति दर्शाएका छन् । कवितांश (३) मा बलेले कान्छीलाई असत्यको मुकुण्डो ओडेर हिड्न न्यायसँग नडराई हिँड्ने साहस प्रदान गरेको देखिन्छ । कवितांश (४) मा जातीय अस्तित्व दाउमा परेको देखेर गोर्खाली सधैँ खाली खाली केही नभएको रित्तिएको अर्थ प्रदान गरिएको छ । सदियौंदेखि गोर्खाली र पालेको तक्मा भिरेका नेपालीको जीवनमा कुनै परिवर्तन नआएको देखेर खेद प्रकट गरिएको छ । कवितांश (५) मा खण्डकाव्य चेतनाको कथा केवल बले र कान्छीको जीवनमा मात्र आधारित नभएर यसले सारा नेपालीहरूले भोग्नु परेको यथार्थ स्थितिलाई देखाइएको छ । तथ्याङ्क (६) मा सारा नेपालीलाई सम्बोधन गर्दै नेपालीको परम्परित जीवनमा परिवर्तन ल्याउनु पर्ने सन्देश प्रदान गरिएको छ । नेपालीहरू सधै अर्काको रखौटे र अर्काकै दासत्वको स्वीकार भैरहे भने भोलि आउने सन्तानले पनि यही कुरा सिक्ने छन् र आफ्नो देशको विकास तर्फ ध्यान नदिएर अर्काकै दासत्वको स्वीकार गर्ने छन् साथै एक दिन नेपालीको अस्तित्व विदेशी मुलुकमा बेचिएर नेपाली अस्तित्वहीन हुने छ भन्ने चेतावनी दिइएको छ ।

### (घ) भाषाशैली

प्रस्तुत **चेतना** खण्डकाव्यमा सरल र सुबोध गद्य शैलीको प्रयोग गरिएको छ । यसका भाषिक योजनामा समध्वन्यात्मक, अन्त्यानुप्रासीय साथै ठाउँ ठाउँमा बृत्यानुप्रास र

छेकानुप्रासीयताको समायोजन भएको पाइन्छ । भाषामा मध्यम पाठकहरूले पनि बुझ्ने सक्ने भाषाको प्रयोग भएको छ । खण्डकाव्यमा नेपाली जनजिब्रोमा प्रचलित तत्सम शब्दहरूको प्रयोग भएकाले शब्द र अर्थमा आकर्षक र सन्तुलित उपयोग भएको भेटिन्छ र जसले गर्दा प्रस्तुत खण्डकाव्यको शैली सरल एवम् बोधगम्य रहेको छ । थोरैमा धेरै बुझाउन सक्ने शब्द र वाक्य योजनाले मालेमाको केटौले अवस्थाको लेखन प्रौढतातर्फ उन्मुख देखिन्छ । भाषिक काव्यमा प्रयुक्त अनुप्रासको प्रयोगलाई यस प्रकार देखाउन सकिन्छ :

(१) कैयौं बैनीहरूका दाजु हराउने छन्
कैयौं दिदीहरूका भाइ हराउने छन्
कैयौं आमाहरूका छोरा घेरिने छन्
कैयौं बैसालुहरूका बैंस सेरिने छन् (सातौँ छाल, ५६)

(२) ती गोठ/कटेराहरू
ती भीर/पखेराहरू
ती बारी/कान्लाहरू
ती डाँडा/पहाडहरू
ती चौतारा/ठाँटीहरू (आठौँ छाल, ५९)

(३) तिम्री मायालु सम्झना मेरो साथ छ
बूढी आमाको स्नेहालु ममता मेरो साथ छ
सानी बैनीको माया मेरो साथ छ
यी गोठ/कटेराको सम्झना मेरो साथ छ (पाँचौँ छाल)

(४) खुकुरीको धारमा सेरिएका छौँ
बन्दुकको नालमा घेरिएका छौँ
पानीको फोका झैं मेटिएका छौँ
भोग दिने बोका झैं बेचिएका छौँ (पहिलो छाल, १५)

उपर्युक्त पद्यांशमा (१) कविताको आदि भागमा 'कैयौं' शब्दको चारपटक पुनरावृत्ति भएको र 'छन्' शब्द पनि चारपटक पुनरावृत्ति भएकाले यहाँ आद्यानुप्रास र अन्त्यानुप्रासको प्रयोग भएको छ । त्यस्तै पद्यांश (२) मा पनि आद्यानुप्रास र अन्त्यानुप्रासको प्रयोगले कविता गेयात्मक र मार्मिक बन्न पुगेको छ । त्यसै गरी पद्यांश (३) मा 'मेरो साथ छ' अन्त्यमा चारपटक पुनः आवृत्ति भएको छ । यहाँ अन्त्यानुप्रासको समायोजन भएको देखिन्छ ।

प्रस्तुत खण्डकाव्यमा काव्यलाई रमणीयता र गाम्भीर्य प्रदान गर्न विभिन्न बिम्ब, अलङ्कारहरूको प्रयोग गरिएको देखिन्छ । यस खण्डकाव्यका प्रत्येक छालमा प्रकृतिका मनमोहक दृश्य, संस्कृति, परम्परित विचार, इतिहास, दर्शन आदिका बिम्बहरूको प्रयोग भएको देखिन्छ । जसले गर्दा काव्यमा रमणीयता थपेको पाइन्छ । जस्तो :

(१) पानीका फोका झैं मेटिएका छौ
भोग दिने बोका झैं बेचिएका छौं (प्रथम छाल)

(२) धेरैले धेरै कुरा काटे
कैयौंले कैयौ कुरा काटे (पाँचौँ छाल)

(३) कैयौं घिनलाग्दा शब्दहरूले कुटे उसलाई
कैयौं डरलाग्दा वाक्यहरूले पिट उसलाई

(४) कान्छीले अझसम्म/खोल्न नसकेका शब्दहरू
बर्सन थाले पञ्चको माझमा (चौथो छाल)

(५) अव मलाई चाहिँदैन
मानवको छाला ओडेका दानवहरूको न्याय

(६) म त एउटी फालिएकी स्वास्नीमान्छे
म त एउटी घिनलाग्दी स्वास्नीमान्छे (चौथो छाल)

(७) डाम्रिएको पेट भिरेर
चाउरीएको अनुहार लिएर

(८) विवशताको अगुल्टोले

(९) बम विस्फोट हुने त्रास छ
बिकुलको आर्तनाद

(१०) रोइरहेकी आमालाई छोडेर हिंडनुपर्छ किन हामीलाई (सातौँ छाल, ५७)

(११) 'बले' को चिठी सुनेर टोलाइरह्यो 'घले' (सातौँ छाल)

तुलबहादुर मालेमाद्वारा लेखिएको 'चेतना' खण्डकाव्यको सम्पूर्ण कथावस्तु विदेशतिर लाग्ने नेपालीहरूको सिङ्गो इतिहासमा केन्द्रित देखिन्छ । यो सम्पूर्ण निम्नमध्यम वर्गका नेपालीहरूको आख्यान हो । यो खण्डकाव्य खण्डकाव्यकारको केटौले जीवनको अभिव्यक्ति हो । खण्डकाव्यमा ठाउँ ठाउँमा नाटकीय प्रस्तुतिका साथै प्रश्नात्मक शैली र कतै सम्वादात्मक शैलीले कथावस्तुको उठान गरेको पाइन्छ । प्रस्तुत खण्डकाव्यको प्रबन्ध विधान खण्डकाव्यको मानक लमाइका अपेक्षा अनुरूप सुगठित, मितव्ययी र सघन किसिमको रहेको देखिन्छ । यो काव्य लामो ऐतिहासिक थिचाइमा परेका नेपाली जनतालाई थिचाइको कारण बताइ दिएर वर्गीय चेतना दिलाउन सफल भएको छ । यस काव्यले आजसम्म अरूकै निम्ति लड्दै आएका नेपालीहरूलाई अबका दिनमा आफ्ना निम्ति पनि लड्नु पर्ने चेतना दिलाउन खोजेको छ । प्रस्तुत खण्डकाव्यले कान्छी र बलेको प्रतिनिधित्वमा एउटा नेपालीले पारिवारिक जीवनका निम्ति गरेका वास्तविक प्रेम समाजको रुढीबूढी, जाल, फटाइ र जनताको असमर्थक अवस्थाले पुऱ्याएको संकटकालीन स्थितिको चित्रण गरेको छ । समाजमा वर्गीय भिन्नताको चित्रण गर्दै शोषक वर्गबाट पीडित भएका आम गरिब नेपालीको यहाँ चित्रण हुन पुगेको छ । यसरी मालेमाले 'चेतना' खण्डकाव्यमा आफ्ना विचारहरूद्वारा सारा नेपालीको चेतना जाग्रित हुनु पर्छ भन्ने जातीय उत्थान एवम् सामाजिक यथार्थवादी स्वर प्रस्तुत गरेका छन् र यो नै यस खण्डकाव्यको वैचारिक निष्कर्षका रूपमा प्रकट भएको छ ।

## ७.४ जातीय जागरण कालका प्रतिनिधि कवि र तिनका फुटकर कविता कृति

जातीय जागरण कालमा खण्डकाव्यकारका साथै फुटकर कविहरूको पनि प्रतिनिधित्व रहेको छ । यस चरणमा फुटकर प्रतिनिधि कविका रूपमा पुष्पलाल उपाध्याय र हरिभक्त कटुवाल गरी दुईजना कविहरूको प्रतिनिधित्व रहेको छ । उक्त प्रतिनिधि कविहरूलाई उनीहरूको प्रथम प्रकाशित फुटकर कविताका आधारमा तल क्रमशः विश्लेषण गरिएको छ ।

### ७.४.१ पुष्पलाल उपाध्याय र उनका कविता कृति

असमेली कविताको स्वाधीन उत्तरकालमा जातीय जागरणका कविता लेख्नेहरूमा पुष्पलाल उपाध्यायको योगदान महत्त्वपूर्ण रहेको छ । यहाँ उनका काव्यगत प्रवृत्ति र प्रतिनिधि कृतिको विश्लेषण गरिएको छ ।

#### ७.४.१.१ काव्य यात्रा र प्रवृत्ति

असमेली नेपाली कविताको स्वाधीनता उत्तर कालको प्रथम चरण जातीय जागरण कालको समयमा शक्तिशाली कविता लेख्ने कविका रूपमा पुष्पलाल उपाध्याय (१९०६-१९८९) देखा पर्छन् । १९५६ को दशकदेखि नै कविता लेखन प्रारम्भ गरेका उपाध्यायको काव्य यात्रा 'वाणी वन्दना' (**भारती** ८/९, १९५५) शीर्षकको कविताबाट थालिएको हो । उनको प्रथम कविता सङ्ग्रह भने १९६८ मा मात्र प्रकाशित भएको देखिन्छ । १९५६ देखि नै भारतका विभिन्न ठाउँबाट प्रकाशित पत्र पत्रिका भारती, उषा, फिलिङ्गो, सोभियत भूमि, प्रगति, प्रभात पत्रिकामा उनका लयात्मक र गेयात्मक छन्द कविताहरू प्रकाशित भएका छन् । मूलतः कविता विधामा योगदान पुऱ्याउने पुष्पलाल उपाध्यायका हालसम्म प्रकाशित कविता सङ्ग्रहहरू यस प्रकार छन् :

(१) पुष्पाञ्जली (१९६८)

(२) उषामञ्जरी (१९८७)

पुष्पलाल उपाध्यायको करिब चार दशकको कविता यात्रा देखिन्छ । यस अवधिमा उनले केवल काव्यको साधना गरेका छन् । महानन्द सापकोटाको प्रेरणाले चालीस वर्षको उमेरबाट थालिएको काव्य साधनामा उनले अजस्र छन्द कविताहरूको रचना गरेका छन् । उनको यति लामो काव्य यात्रालाई हेर्ने हो भने प्रवृत्तिगत दृष्टिले त्यति ठूलो अन्तर देखिँदैन । उनका प्रारम्भिक रचनाहरू संस्कारमूलक, स्तुतिपरक प्रवृत्तिका हुँदै जातीयतावादी देखिएका र उत्तरार्द्धमा देश भक्तिमूलक ईश्वर स्तुतिपरक देखिएका छन् । उनका कविता यात्रालाई निम्नलिखित पूर्वार्द्ध र उत्तरार्द्ध गरी दुई चरणमा विभाजन गर्न सकिन्छ ।

(१) पूर्वार्द्ध (१९५५-१९६८)

(२) उत्तरार्द्ध (१९६९-१९८७)

पुष्पलाल उपाध्यायको काव्य यात्रामा देखिएको मूल प्रवृत्ति भनेको हिन्दु संस्कृतिको पुनर्जागरण र जातीयतावादी मनोभाव हो । यिनका कवितामा नेपाल र नेपालीप्रतिको अगाध स्नेह पाइन्छ । विदेशतिर लागेर नेपाल बिर्सनेहरूप्रति पुनः नेपाल फर्किन आग्रह गरेको देखिन्छ । उनले एकातिर नेपालीहरूको दयनीय अवस्थाको चित्रण गरेका छन् भने अर्कातिर नेपाल नछोड्नको निम्ति आह्वान पनि गरेका छन् । यिनका पूर्वार्द्धका कवितामा जातीयतावादी मनोभाव, प्राकृतिक वर्णन, भाग्यको अन्वेषण, माउथलो नेपाल छोडेर

विदेशतिर लाग्नु पर्ने बाध्यताको वर्णन, शिक्षा र सुधारवादी मनोभाव जस्ता विशेषता पाइन्छ। उनका प्रारम्भिक रचनाहरू स्तुतिपरक, प्राकृतिक वर्णन, निम्न स्तरीय जीवनको चित्रण पाइन्छ । उनका प्रथम प्रकाशित कविता सङ्ग्रह 'पुष्पाञ्जली' (१९६८) मा संकलित कविताहरूमा प्रकाशित प्रेम, मानवातावादी दृष्टि, देशप्रेम र जातिप्रेम पाइन्छ । पुष्पाञ्जलीका कतिपय कविताहरूमा कवि प्रकृतिको रमणीय रूपछटा देखेर आत्मविभोर हुँदै प्रकृतिसँग एकात्म भएको पाइन्छ भने कतिपय कविताहरूमा मान्छेको स्वार्थी स्वभाव, शोषण र उत्पीडन देखेर व्यथित हुन पुगेका छन् । त्यसै गरी अरू कतिपय कवितामा उनी आसाममा युगौंदेखि बसोबास गरि आएका स्वजाति नेपालीहरू माथि आइपरेका अवाञ्छित लाञ्छना देखेर इतिहासका पन्ना पल्टाउन पुग्छन् । यसै देशका लागि खुन-पसिना बगाउने, यसै देशको सुरक्षा र अखण्डताका लागि आत्म बलिदान दिने नेपाली आज किन अवहेलित हुन गयो त्यसको कारण खोज्दै प्रश्न उत्थापन गर्न पुग्छन् । कतै उनी देश, जाति, समाज र समग्र पृथ्वीलाई सुन्दर तुल्याउनका लागि संकीर्ण स्वार्थ त्याग गरी कल्याणकारी कार्य गर्न प्रेरित गर्छन् (छेत्री, २००६ : ३३) । पुष्पलाल उपाध्यायका काव्य यात्रामा देखिएको मूल प्रवृत्ति भनेको नीति उपदेशात्मक तथा जातीयतावादी मनोभावको चित्रण हो । समाजमा देखिएका कुविचार, कुसंस्कारको अवसान घटाउँदै संस्कारमूलक समाज निर्माणको अवधारणा यिनका पूर्वार्द्धका कवितामा पाइन्छ । त्यस्तै यिनका कवितामा अन्धविश्वास र गुलामीले गाँजेको जीवनको वर्णन, वसुधैव कुटुम्बकमको भावना, समयप्रति सचेत मनोभाव, ऐतिहासिक, पौराणिक सन्दर्भहरूको वर्णन जस्ता मूलभूत विशेषताहरू पनि कवितामा देख्न पाइन्छ । देशको स्वाधीनताको लागि आत्मवलिदान दिने अमर जवानहरूप्रति श्रद्धाञ्जली, नेपाल देशप्रति सद्भावना, भारत राष्ट्रप्रति दायबद्ध र वफादार बन्दै भाषिक र सांस्कृतिक तौरमा नेपालसँग सम्पर्कित भावना, मानवतावादी तथा उदारवादी दृष्टि, नीति उपदेशात्मक तथा सत्य सन्देशात्मक अनुभूति, सत्सँगको महिमा गान गर्दै धार्मिक अनुभूतिबाट प्रभावित, सङ्घर्षमय जीवनको खोज जस्ता थप विशेषताहरू उत्तरार्द्धका कविताहरूमा पाइन्छ । उनका कवितामा पाइने प्रवृत्तिगत विशेषतालाई समग्रमा यस प्रकार देखाइन्छ :

(१) मातृभाषाप्रति अगाध प्रेम गर्दै जातीय संस्कृतिप्रति सम्मानबोध
(२) सत्सँगको महिमागान गर्दै धार्मिक अनुभूतिबाट प्रभावित
(३) सङ्घर्षमय जीवनको खोज गर्दै पौरखी बन्नका निम्ति आह्वान
(४) नीति उपदेशात्मक तथा मानवतावादी उदारवादी दृष्टि भंगी
(५) जातीयतावादी मनोभावका साथै वसुधैव कुटुम्बकमको भावना
(६) शिक्षा र सुधारवादी मनोभावको प्रकट गर्दै समाज र जातिप्रति प्रेमपूर्ण भावना

**७.४.१.२ 'ठेसको गन गन' कविताको विश्लेषण**

पुष्पलाल उपाध्यायले विभिन्न कविता सङ्ग्रहमा र फुटकर गरी २५० ओटाभन्दा बढी कविता लेखेको पाइन्छ । विषयवस्तुको सशक्तता, प्रबल जातीयतावादी चेतना, युगबोध,

कलात्मक मूल्य र असमेली नेपाली कवितामा प्रतिनिधिमूलक उपस्थिति आदिका दृष्टिले उनका 'ठेसको गन गन' शीर्षकको कवितालाई मुख्य प्रतिनिधि कविताका रूपमा मानिएको छ । ती प्रतिनिधिमूलक कवितालाई विषयवस्तु, उद्देश्य र भाषाशैलीका आधारमा क्रमशः तल विश्लेषण गरिन्छ :

पुष्पलाल उपाध्यायको 'ठेसको गन गन' कविता १९५६ मा लेखिएको र उनको यो कविता **पुष्पाञ्जली** कविता सङ्ग्रहमा (१९६८) प्रकाशित छ । संरचनात्मक दृष्टिले यो 'ठेसको गन गन' कविता घरवार विहीन भएर विदेशमा भौंतारिएका नेपालीहरूप्रति लक्षित छ । आफ्नो देशमा काम नपाएर भारतका विभिन्न ठाउँमा बेइलम भएर छरिएका नेपालीहरू कसरी उत्पीडित बन्न पुगेका छन् भन्ने तथ्यलाई यस कविताले स्पष्ट गरेको छ । यहाँ कविताका विभिन्न पक्षलाई भिन्न भिन्न शीर्षकमा प्रकाश पारिएको छ ।

**(क) भाव विधान**

'ठेसको गन गन' कविता सामाजिक विषयवस्तुमा आधारित छ । नेपालबाट भारतीय भू-भागमा छरिन पुगेका व्यवसाय विहीन भएर आफ्नो अस्तित्व समेत गुमाउने अवस्थामा रहेका नेपालीहरूको करुण व्यथा नै यस कविताको मुख्य कथ्य बन्न पुगेको छ । कविका अनुसार विद्या, बुद्धि र सीप बिनाका नेपालीहरू बिहान, बेलुकाको आहार जुटाउनका निम्ति विदेशिन बाध्य भएका छन् । आफ्नो देश छोडेर विदेश पुगेका नेपालीहरू एक पेट खानका निम्ति निन्दित काम गर्न बाध्य देखिन्छन् र कैयौं नेपालीहरू काम नपाई विचल्लीमा परेको वास्तविकतालाई यसमा देखाइएको छ । जस्तो :

बाबु खर्च विना म चार दिनको भोको छु जाऊँ घर
भाडा छैन बिचल्लिमा परिर'छु कोइ चिनेको न छ
यस्ता यी अलपत्र भाइहरूले यो पेटका खातिर
गर्छन निन्दित नीच काम करले देखिन्छ निम्नस्तर (श्लोक २, पृ. २४)

उपर्युक्त पद्यांशमा विदेशमा व्यथित बन्न पुगेका नेपालीहरूको दुर्दशालाई विषयवस्तु बनाएर लेखिएको यस कवितामा तत्कालीन भारतीय नेपालीहरूको फिरन्ते निम्नवर्गीय यथार्थतालाई देखाइएको छ । इलम वा व्यवसायमा स्थिर भइ नसकेको नेपाली समाजको वास्तविकतालाई कथ्य बनाएर लेखिएको प्रस्तुत कवितामा त्यस प्रकारको फिरन्ते प्रवृत्तिले जातीय उत्थान हुन नसक्ने तथ्यलाई पनि देखाइएको छ ।

**(ख) उद्देश्य**

प्रस्तुत कविता तत्कालीन परिस्थितिमा विदेशिएका नेपालीहरूको विकास तथा यथार्थतालाई देखाउन समर्थ छ । त्यसैले यसको मुख्य उद्देश्य नेपाली जातीय स्वाभिमान र जागरण ल्याउनु रहेको छ । मानिसलाई चाहिने सबैभन्दा महत्त्वपूर्ण पक्ष भनेको नै स्वाधीन र सम्मान हो भन्ने तथ्यलाई कवितामा प्रस्तुत गरिएको छ । आधुनिक मानिसका निम्ति

स्वतन्त्र देश र स्वतन्त्रतापूर्वक बाँच्न पाउने अधिकार मुख्य कुरा हुन् र तिनको अभावमा मानिसको कुनै मूल्य हुँदैन भन्ने तथ्यलाई कवितामा व्यक्त गरिएको छ ।

एकै छाक पुगोस खाइ सुखको मानी मुठी देशमा
बस्नु पौरख गर्नु वीर जनले स्वाधीन सम्मानमा
आफ्नो देश निवासी गाँस सुखको स्वाधीन सम्मान त्यो
बिर्सी आज बरालियौ किन यसै ए वीर सन्तान हो (श्लोक ६, पृ. २५)

उक्त पद्यांशमा स्वदेश छोडेर बरालिएका र गाँस बास बिहीन बन्न पुगेका नेपालीहरूको वस्तु स्थितिलाई देखाइएको छ । मानिसलाई भौतिक आवश्यकतासँगै गाँसिएको स्वाधीनताको महत्त्व देखाउँदै यहाँ स्वदेश भूमिको महत्त्व समेत दर्साइएको छ । मानिसलाई ठेस नलागी चेत आउँदैन भन्ने वास्तविकतालाई देखाउँदै घरबार बिहीन भएर ठेस लागेका तत्कालीन भारतीय नेपालीहरूको उत्पीडनलाई यस कविताले देखाएको छ ।

**(ग) भाषाशैली**

'ठेसको गन गन' कविता शास्त्रीय वर्णमात्रिक छन्द अन्तर्गत शार्दूलविक्रीडित छन्दमा लेखिएको छ । यसमा सरल शब्दहरूको संयोजन र कथ्य अनुरूप शब्द चयन गरिएको छ । प्रवासिएका नेपालीहरूको कारुणिक चित्र उतार्ने तद्नुरूप भाषिक सरलताले कविता सम्प्रेष्य बन्न पुगेको छ । माता-मही, हिमशैल, संस्थान जस्ता केही तत्सम शब्दहरूको उपयोग भए पनि अधिकांश शब्दहरू बोलीचालीमा प्रचलित नै देखिन्छन् । स्वाभाविक रूपमा अनुप्रासमय शब्दको प्रयोगले साङ्गीतिक लय सिर्जना गरेको देखिन्छ । जस्तो : विद्या, बुद्धि विहीन बेइलम भै बेकार भाइहरू (१) मा 'ब' को पटक पटक आवृत्ति भएकाले वृत्यनुप्रसाको सिर्जना भएको छ ।

प्रस्तुत कवितामा स्वाभाविक रूपमा आएका बिम्ब र अलङ्कारले कथ्यलाई प्रभावकारी बनाएको पाइन्छ । जस्तो "भन्दै आज अनाथ झैं लहबरी गर्छन विदेशैतिर" भन्ने पद्यांशमा नेपालीहरू अनाथ भएर घुमेको दृश्य बिम्बले प्रवासिएका निम्न वर्गीय नेपालीको करुण चित्र खिचेको छ भने अनाथको उपमानद्वारा नेपालीको व्यथा देखाइएको हुँदा उपमा अलङ्कार समेत बन्न पुगेको छ । यसरी सहज रूपमा आएका शब्दालङ्कार र अर्थालङ्कारले कविता आस्वाद्य बन्नुका साथै भावगत गाम्भीर्य समेत सिर्जना हुन पुगेको देखिन्छ ।

पुष्पलाल उपाध्यायको प्रस्तुत कविता विदेशिएका नेपालीहरूको केन्द्रीयतामा सिर्जना भएको छ । प्रस्तुत कवितामा विदेशमा घरबारहीन भएर जीवनमा हण्डर र ठेस खाएका नेपालीहरूको यथार्थ जीवनको चित्रण प्रस्तुत गरिएको छ । यो अस्तित्ववादी कविता हो । यहाँ जातीय अस्मिताको पहिचान हराउन लागेको अवस्था रहेको छ । यहाँ आर्थिक अवस्थाको कारुणिक स्थितिको चित्रण पाइन्छ । कमजोर र दुर्वल आर्थिक अवस्था नै

नेपालीहरूको विदेसिनुको मूलकारण बनेको यस कवितामा विदेशतिर कमाउन पुगेका तर उल्टै दुःख पाएका नेपालीहरूको चित्रण प्रस्तुत गरिएको छ । कवितामा जातीय अस्तित्व र जातीय स्वाभिमानका निम्ति सधैं डट्नु पर्ने स्थितिलाई देखाइएको छ ।

### ७.४.२ हरिभक्त कटुवाल र उनका कविता कृति

जातीय जागरण कालमा फुटकर कविताका माध्यमबाट नेपाली जातिलाई जागरण ल्याउने कविहरूमा हरिभक्त कटुवालको योगदान महत्त्वपूर्ण छ । यहाँ कटुवालको काव्य प्रवृत्तिका साथै प्रतिनिधि कविताको विश्लेषण गरिएको छ ।

#### ७.४.२.१ काव्य यात्रा र प्रवृत्ति

असमेली नेपाली कविताको स्वाधीनता उत्तर कालको प्रथम चरण जातीय जागरण कालमा विशिष्ट शैली र कलात्मक अभिव्यक्ति दिँदै शक्तिशाली गीत र कविता लेख्ने कवि तथा गीतकारका रूपमा हरिभक्त कटुवाल (१९४३) देखा पर्छन् । १९५५ को दशकदेखि नै असमिया भाषामा गीत कविता लेख्न प्रारम्भ गरेका कटुवालको नेपाली भाषाको कविता यात्रा भने 'आह्वान' (नेपाली शिक्षा प्रचार समिति (ने.शि.प्र.स.) को मुखपृष्ठ १९५८) शीर्षकको कविताबाट थालिएको हो । उनको प्रथम गीत सङ्ग्रह पनि 'गीत सङ्ग्रह' कै नामले १९५८ मै प्रकाशित भएको देखिन्छ । यस गीत सङ्ग्रहमा उनका आठओटा गीतहरू प्रकाशित छन् । यस गीत सङ्ग्रहमा उनका साथै असमका रणबहादुर क्षेत्रीका पनि आठओटा गीतहरू प्रकाशित छन् । मूलतः गीत र कविता विधामा सशक्त योगदान दिएका हरिभक्त कटुवालका प्रकाशित कृतिहरू यस प्रकार छन् :

(१) **गीत सङ्ग्रह** (संयुक्त गीत सङ्ग्रह) (१९५८)

(२) **सम्झना** (गीत सङ्ग्रह) (१९६०)

(३) **भित्री मान्छे बोल्न खोज्छ** (कविता सङ्ग्रह) (१९६२)

(४) **सुधा** (खण्डकाव्य) (१९६५)

(५) **यो जिन्दगी खै के जिन्दगी** (कविता सङ्ग्रह) (१९७२)

(६) **बदनाम मेरा यी आँखाहरू** (कविता सङ्ग्रह) (१९८७)

हरिभक्त कटुवालको करिब चार दशकको कविता यात्रा देखिन्छ । यस अवधिमा उनले असमिया भाषामा पनि कलम चलाएको देखिन्छ । उनको यति लामो कविता यात्रालाई हेर्ने हो भने प्रवृत्तिगत दृष्टिले केही अन्तर अवश्य देखिन्छ । उनका प्रारम्भिक रचनाहरू स्वच्छन्दतावादी प्रवृत्तिका हुँदै प्रगतिशील देखिएका छन् । प्रयोगशीलताको दुरुहतालाई हटाउँदै उनका सहज सरल कविताले काव्य जगतमा सहजताको जग बसालेको देखिन्छ । पछिल्लो चरणमा उनी प्रबल जातीयतावादीका साथै कट्टर साम्यवादीका रूपमा परिचित रहेका छन् । जीवनवादी र यथार्थवादी कवि कटुवालले यथार्थ स्थितिलाई गीतमा र

कवितामा उतारेका छन् । साहसपूर्वक र सम्वेदनापूर्वक आफ्नो जीवन बाँच्ने कविको काव्य यात्रालाई निम्नलिखित पूर्वार्द्ध र उत्तरार्द्धमा विभाजन गर्न सकिन्छ :

पूर्वार्द्ध चरण (१) प्रथम चरण (१९५८-१९७०)

उत्तरार्द्ध चरण (२) दोस्रो चरण (१९७१-१९८७)

हरिभक्त कटुवालको काव्य यात्रामा देखिएको मूलभूत प्रवृत्ति भनेको नै स्वच्छन्दतावादी विचार धारा हो । नेपाली कविताको इतिहासमा उनी प्रयोगवादी कालका स्वच्छन्दतावादी धारालाई निरन्तरता दिने कविका रूपमा परिचित हुँदै आएका छन् । उनले असम र नेपाल दुवै तर्फको बसोबासले गर्दा दुवै तर्फ उत्तिकै खटेर साहित्यको सेवा गरेका छन् । गीतबाट प्रारम्भ भएको उनको काव्य यात्राले फुटकर कविता र खण्डकाव्यको उचाइलाई छोएको छ । प्रारम्भमा तीव्र जातीय उत्थान चिन्तन बोकेका कवि काव्य यात्राको मध्य भागमा विद्रोही र अन्त्यतिर केही पलायनवादी विचार धाराले ग्रसित देखिन्छन् । उनी निराशावादी नभएर जीवनवादी कवि हुन् । उनका प्रारम्भिक कालीन गीतमा भारत र भारतीयतालाई चिनाउने प्रयत्न गरिएको छ । स्वच्छन्दतावादी प्रगतिवादी विचारधाराले प्रेरित उनका पूर्वार्द्धका गीतमा जातीयतावादी स्वर प्रबल रूपमा मुखरित भएको पाइन्छ । उनका गीत र कवितामा प्रकृति चित्रण, निमेषमा हराउने मानवीय जीवनको चित्रण र शान्तिको खोजको अभिव्यक्ति पाइन्छ । कटुवाल कट्टर साम्यवादीका रूपमा पनि देखिन्छन् । वर्तमान समाजका शोषित, दलित, उपेक्षित वर्गको दुःख पीडा नै उनका कविताका प्रेरणा स्रोत हुन् (क्षेत्री, १९८० : १७) । उनका कवितामा मानवीयताको खोज, एक्लो जीवनप्रति नैराश्यबोध पनि पाइन्छ । केही गीतहरूमा अस्तित्ववादी मनोभावको प्रबलता पनि देखिन्छ । उनको 'भित्री मान्छे बोल्न खोज्छ' (१९६२) दोस्रो चरणका कविताहरूमा जातीय विभेदको अन्त्य गरी जातीय अस्तित्वको संरक्षणमा बढी जोड दिएको देखिन्छ । यस चरणका कवितामा मानवीय भेद भावलाई परसार्दै मानवताको बन्धनमा बाँधिनु पर्छ भन्ने भावनाहरू व्यक्त भएको पाइन्छ । साथै शान्तिको खोज गर्दै शान्तिको प्रतिष्ठा गर्ने आह्वान पनि गरिएको छ । गीतकार कटुवालका गीतहरूमा मूलतः स्वदेशप्रेम, जाति र भाषा प्रेम, विभिन्न मानवीय चेतनाबोध तथा रोमाण्टिक प्रणय, व्याकुलताको वर्णन गरिएको पाइन्छ (श्रेष्ठ, १९८२ : २६) । उनका गीत तथा कवितामा अमूर्त चित्रणको प्रस्तुति पनि पाइन्छ । कुशल राजनैतिक विचारधारा, असफल जीवनका निराशपूर्ण भाव, आँशु, इतिहास, विश्व मानवताको भावना, युद्धजन्य परिस्थितिको साथै प्रगतिशील दृष्टिकोणको प्रस्तुति पाइन्छ । पूर्वार्द्धका अन्त्यतिरको काव्यमा नारी अस्मिताको चित्रण, नारी अस्मिताको रक्षाको वर्णनका साथै विद्रोही नारीको चित्रण प्रस्तुत गर्दै नारीवादी भावनाको प्रकटीकरण गरिएको देखिन्छ । उत्तरार्द्धको पहिलो चरणका कवितामा परम्पराप्रति वितृष्णा, स्वच्छन्दतावादी विचार, परतन्त्रप्रति विद्रोह, विवशता र बाध्यतामा परेको जीवनको चित्रण, जीवनदेखि निरासको

अनुभूति, नारीप्रति सहानुभूतिशील, पत्रात्मक शैलीको प्रयोग, मुक्तकीय कवितामा व्यङ्ग्यको प्रयोग, शून्यवादी मनोभाव, संघर्षशील जीवन बाँच्नका निम्ति आह्वान गरेको पाइन्छ । यसका साथै आफैले आफ्नो अवमूल्यन गर्नु, शान्तिको कामना गर्नु जस्ता विशेषताहरू यस दोस्रो चरणमा देखिन्छन् । "उत्तरार्द्धमा कवि कटुवालको स्वच्छन्दतावादी काव्य चेतना बढी संपुटित भएको छ र नव प्रगतिवादी काव्य चेतना नै यहाँ बढी मुखरित छ, अर्थात् स्वच्छन्दतावादी अन्तर धाराका साथ उनको प्रगतिवादी काव्य धारा उत्तरार्द्धमा विशेषतः प्रतिध्वनित भएको छ" (त्रिपाठी, वि.सं. २०३८ : ५४-८५) । उत्तरार्द्धको अन्त्यतिर उनको मृत्युपरान्त प्रकाशित गीत तथा कविता खण्डमा प्रकृति चित्रण, शान्तिवादी मनोभाव, पौराणिक मिथकीय बिम्बहरूको प्रयोग, एक्लोपनको अनुभूति, व्यक्तिकामी मनोभाव जस्ता विशेषता पाइन्छन् भने गीत खण्डमा रोमान्टिक भाव धाराका साथै देश प्रेममूलक विचार धारा, कविताभित्र आख्यानको प्रयोग, हीन भावनाको चित्रणका साथै रुन्चे स्वरको प्रवलता पाइन्छ । देशप्रेम र जातिप्रेम उनको केन्द्रीय विशेषता हो । प्रवासी हुन चाहेर पनि प्रवासी बन्न नसकेको वेदना उनका अन्तिम चरणका गीत कविताहरूमा व्यक्त गरेको पाइन्छ । सुवेदीले कटुवालका कविताको विवेचना गर्दै यसरी टिप्पणी गरेका छन् :

> कटुवालका कविताहरू रोमान्टिक कविता होइनन् । रोमान्टिक कवितादेखि तिनीहरू धेरै टाढा छन् । एक आधुनिक कवि जस्तै कटुवालको कवि रोमान्टिक भावना र कल्पनाको उडानबाट अघाइसकेको छ । तिनमा प्रकृतिपूजा र मनगढन्ते उडान छैन । तिनमा प्रणय रागको लोलुपतापूर्ण वर्णन छैन । बरु यी सबै प्रकारका भावनाहरूको निकटतम बोधबाट जन्मेको व्यङ्ग्य तिनमा छ । त्यसैले हरिभक्त कटुवालको काव्यधारा उनको लेखनको पुस्ता नमिले पनि अहिलेका नवयुवक कविहरूका सलील तीक्ष्ण, स्थानीय र सानातिना आत्मश्लाघाको भावना कविताहरूको धेरै नजीक आउँछन् (सुवेदी, २०३८ : १७७) ।

उनका गीत तथा कवितामा पाइने प्रवृत्तिगत विशेषतालाई समग्रमा यस प्रकार देखाइन्छ :

(१) जातीय उत्थान चेतनाका साथै विद्रोहात्मक भावनाको प्रकटीकरण

(२) मानवीय जीवनको गायन गर्दै मानवतावादी स्वर मुखरित

(३) जातीय भेदाभेदको अन्त्य गरी जातीय अस्तित्वको संरक्षणमा बढी जोड

(४) शान्तिको खोज गर्दै शान्तिको प्रतिष्ठा गर्ने आह्वान

(५) विद्रोहात्मक नारी चरित्रको प्रस्तुत गर्दै नारी अस्मिताको संरक्षणमा जोड

(६) परतन्त्रप्रति विद्रोह, विवशता र बाध्यतामा परेको जीवनको चित्रण

(७) पौराणिक मिथकीय बिम्बहरूको प्रयोग गर्दै जीवनवादी भावधाराको प्रकटीकरण

(८) स्वदेश प्रेम, जाति र भाषा प्रेमका साथै मानवीय चेतना बोध तथा रोमान्टिक प्रणय व्याकुलताको वर्णन

(९) आत्मबोध र वातावरण बोधको घेरोमा निस्सहाय बोधको चित्रण

### ७.४.२.२ 'पोखिएर घामको झुल्का' गीतको विश्लेषण

हरिभक्त कटुवालले गीत सङ्ग्रह, कविता सङ्ग्रह र फुटकर गरी लगभग ५०० गीत कविता लेखेको पाइन्छ । विषयवस्तुका सशक्तता, कलात्मक मूल्य, प्रयोगात्मक र असमेली नेपाली कवितामा प्रतिनिधिमूलक उपस्थिति आदिका दृष्टिले उनको 'पोखिएर घामको झुल्का', 'यो जिन्दगी खै के जिन्दगी' र 'ए म बौलाइसकेछु' गीत र कवितालाई प्रतिनिधि गीत र कविताका रूपमा मानिएको छ । ती प्रतिनिधिमूलक गीत र कवितालाई विषयवस्तु वा भाव, विचार वा उद्देश्य र भाषाशैलीका आधारमा क्रमशः तल विश्लेषण गरिन्छ ।

हरिभक्त कटुवालको 'पोखिएर घामको झुल्का' गीत १९७९ मा लेखिएको र उनको यो गीत **बदनाम मेरा यी आँखाहरू** (१९८७) शीर्षकको गीत सङ्ग्रहमा प्रकाशित छ । यस गीत सङ्ग्रहभित्र जम्मा चालिसवटा गीतहरू समेटिएका छन् । शीर्षक बिनाका यी गीतहरू मध्ये चौतिसौं गीतका रूपमा रहेको गीतलाई यहाँ विश्लेषण गरिएको छ । उनको यो गीत बाह्र पङ्क्तिको आयाममा विस्तारित प्रगीतात्मक गीत हो ।

**(क) भाव विधान**

प्रस्तुत गीत ४-५ पङ्क्ति गुच्छका तीन पद्यमा विस्तारित छ । यसमा मुख्य कथ्यका रूपमा कथयिताले 'तिमी' प्रति देखाएको प्रेम भाव रहेको देखिन्छ । 'तिमी' लाई देखेर कथयिता 'म' का मनमा अनेक तरङ्गहरू पलाएका छन् । घामको झुल्को भएर पोखिने, उनको जिन्दगीको ढोका खोल्ने, आँगनमा भएको सयपत्रीसँगै फक्रिने, बतासको भाका टिपेर बोल्ने जस्ता अनेक चाहनाहरू कथयिताका चाहनाका रूपमा व्यक्त भएका छन् । 'म' लाई अनेक आँखाहरूले बाटो छेकेको र परेलीमा बासमाग्न आएका तर 'म' लाई 'तिम्रा' आँखा मात्र रोज्न मन लागेको भाव यहाँ व्यक्त भएको छ । यहाँ 'म' पात्र 'तिमी' पात्रबाट पूर्ण आकर्षित भएको र 'तिमी' लाई रोज्न तत्पर भएको देखिन्छ ।

प्रस्तुत गीत वैयक्ति पर्याधारमा आधारित भएकाले 'म' पात्रका केन्द्रीयतामा गीतको विषयवस्तु बुनिएको छ र 'म' कै मानसिक चाहना, खुसी र छटपटीहरू वस्तुका रूपमा व्यक्त भएका छन् ।

**(ख) उद्देश्य**

प्रस्तुत कविताको उद्देश्य मानवीय रागात्मक भावको अभिव्यक्ति हो । मानिसका मनमा वासनात्मक रूपमा रहेका भावहरू मध्ये रति भाव पनि एक मानिन्छ । संस्कारका रूपमा प्राप्त रति भाव मानवीय जीवनको जैविक रूपमा प्राप्त आद्य भाव हो । सहज रूपमा हुने रति वा प्रणलाई आधार बनाएर लेखिएको प्रस्तुत गीतमा यौवन सुलभ प्रणय भाव प्रकट हुन पुगेको देखिन्छ । यौवनको प्राप्तिसँगै उठ्ने मानसिक उथल पुथलको वास्तविक

अभिव्यक्ति गर्नु नै यस गीतको मुख्य उद्देश्य रहेको छ । यौवनजन्य आवेग र संवेगहरूलाई प्राकृतिक बिम्बका माध्यमबाट कलात्मक रूपमा प्रकट गरिएको प्रस्तुत गीतले मानवीय सहज प्रवृत्तिलाई उद्घाटन गरेको छ । कविताको मुख्य उद्देश्य मानवीय प्रकृति र प्राकृतिक परिवेश अन्योन्याश्रित अवस्थालाई देखाउनु रहेको छ । मान्छे प्रकृतिको सामीप्यमा र त्यस प्रकृतिको सामीप्यले मान्छेको हृदयमा प्रेमको सृजना गरेको देखाउनु पनि कविताको उद्देश्य हो । 'घामको प्रथम झुल्का' मा हृदयमा प्रेमको उच्छवास बढ्नु, चरा उडेको देख्दा मन उड्न चाहनु, तलाउको सङ्गलो पानीमा कसैले ढुङ्गा फ्याकेर हलचल पाऱ्यो भने त्यस हलचललाई मानवीय हृदयरूपी तलाउको सम्झना हुनु र प्रेमले विथोलिएको हृदयलाई प्राकृतिक तलाउसँग जोड्नु आदि भावनात्मक विषय नै कविताको मुख्य कथ्य हो ।

**(ग) भाषाशैली**

प्रस्तुत गीतमा सरल कथ्य भाषिक शब्दावलीको उपयोग गरिए पनि पर्याप्त मात्रामा भाषिक विचलन भएको देखिन्छ ।

पोखिएर घामको झुल्का भरी सँघारैमा
तिम्रो जिन्दगीको ढोका खोलुँ खोलुँ लाग्छ है
सयपत्री फूलसितै फक्रिएर आँगनमा
बतासको भाका टिपी बोलुँ-बोलुँ लाग्छ है (पृ. ६८)

उपर्युक्त गीतांशमा घामको झुल्को भएर पोखिनु, जिन्दगीको ढोका खोल्नु, सयपत्री फूलसित फक्रिनु, बतासको भाका टिप्नु, आँखाले बाटो छेक्नु जस्ता अनेक पदावलीको प्रयोगमा अर्थगत विचलन भएको छ । यस प्रकारको सार्थक विचलनले एकातिर कथ्यलाई प्रभावकारी बनाएको देखिन्छ भने अर्कातिर मानवीय मनोजगतका सूक्ष्मतम तथ्यहरू प्रकट भएका छन् । यसमा प्रयुक्त विचलन युक्त भाषिक रूपबाट म पात्रका हर्षमय क्षणहरू प्रकट भएका छन् । प्रेमी वा प्रेमिकाका रूपमा रहेको 'तिमी' को सान्निध्यले 'म' का मनोजगतमा घटित हुने अनेक हर्षका अनुभूतिलाई अभिव्यञ्जित गर्न यी विशिष्ट पदावलीको चयन गरिएको छ ।

कति-कति आँखाहरू बाटो छेक्न आउँछन्
परेलीमा बास माग्न कति आँखा धाउँछन्
यति धेरै मानिसका यति धेरै आँखाहरू
मलाई भने तिम्रै आँखा रोजुँ-रोजुँ लाग्छ है (पृ. ६८)

उपर्युक्त कवितामा आँखाले बाटो छेक्नु अभिधात्मक अर्थमा कसैले चाहना राख्नु हो । तर यहाँ अर्थलाई विशिष्ट तुल्याउनका निम्ति लाक्षणिक अर्थमा आँखाले सुन्दरी नारीलाई इङ्गित गरेको छ र परेलीमा बास माग्न आउँने आँखा पनि लक्षणार्थमा सुन्दरी नारी नै हुन् । यस प्रकारका अर्थी विचलन युक्त वाक्यले कविताको विशिष्ट अर्थलई अभिव्यक्ति गरेको देखिन्छ र यसले कविताको सौन्दर्यलाई बढाउँछ । प्रस्तुत गीतको प्रस्तुतिगत ढाँचा एकालापीय रूपमा

प्रकट भएका छन् । 'म' प्रेमी वा प्रेमिका 'तिमी' प्रेमी वा प्रेमिकालाई देखेर वा सम्भ्केर एकल रूपमा आलाप गरिरहेको छ । आत्मालापीय रूपमा व्यक्त यस गीतमा श्रुति मधुर अनुप्रासमय शब्दहरू संयोजन गरिएको छ । फूल सितै फक्रिएर, बोलूँ-बोलूँ, खोलूँ-खोलूँ जस्ता ध्वनिगत आवृत्तिले अनुप्रास सृजना गरेका पाइन्छ । 'मनको सङ्लो तलाउ' जस्तो पदावलीमा मनलाई सङ्लो तलाउका रूपमा आरोप गरिएको हुँदा रूपक अलङ्कार सिर्जना हुन पुगेको देखिन्छ । गीतकार कटुवालले प्रेमको अभिव्यक्ति अनुरूप भाषिक चयनमा विशेष ध्यान दिएको पाइन्छ । घामको भ्कुल्को, मनको ढोका, सयपत्री फूल, आँखा, परेली, सङ्गलो मन, तलाउको पानी जस्ता पद, पदावलीको चयन रति भावानुकूल छन् । यी पद पदावलीहरू प्रेमी वा प्रेमिकाका मानसिक अवस्था व्यञ्जित गर्ने बिम्बात्मक अभिव्यक्तिका रूपमा देखिन्छन् ।

प्रस्तुत कवितामा कविले नारी सौन्दर्यको बखान गरेको देखिन्छ । प्रेम आकर्षण, इच्छा आकङ्क्षालाई प्रकृतिको मनोरम दृश्यसँगै आरोपित गर्दै मनका भावहरूको एकालापीय अभिव्यक्ति गरेको देखिन्छ । कवितामा वैंशको मादमा मस्त भएका यौवनका अनुभूतिहरूलाई विशिष्ट भाषाशैलीमा प्रकट गरिएको छ । समग्रमा कविता प्रेममय भावनामा केन्द्रित देखिन्छ । कवितामा प्रयुक्त घामको भ्कुल्काले बिहानीको पहिलो घामको भ्कुल्कोलाई इङ्गित गर्दै बिहानीको मनोरम प्राकृतिक दृश्य बिम्बको माध्यमले वर्णन गरी प्रकृतिको विशिष्ट रूप सौन्दर्यसित सुन्दर नारीको हृदयको ढोकासम्म पुगेको स्थितिलाई देखाइएको छ । त्यसै गरी स्वतन्त्र भएर उड्ने पंक्षी जस्तै उड्न मन लाग्नु तर आफूसित प्वाँख नभएको स्थितिलाई देखाएर मानवीय बाध्यतालाई इङ्गित गरिएको छ । यहाँ प्वाँख, घाम, ढोका, फूल, तलाउ जस्ता दृश्यात्मक बिम्बले कवितालाई कलात्मकता प्रदान गर्नुका साथै भावको विशिष्टतालाई अभिव्यक्ति गर्न सफल भएको देखिन्छ ।

### ७.४.२.३ 'यो जिन्दगी खै के जिन्दगी' कविताको विश्लेषण

हरिभक्त कटुवालको **यो जिन्दगी खै के जिन्दगी** कविता १९७२ लेखिएको र उनको यो कविता **यो जिन्दगी खै के जिन्दगी** (१९७२) शीर्षकको सङ्ग्रहमा प्रकाशित छ । उनको यो कविता एकसट्ठी पङ्क्तिको आयाममा विस्तारित गद्य कविता हा । संरचनात्मक दृष्टिले यो कविता प्रगीतात्मक संरचनामा लेखिएको फुटकर कविता हो । उनको यो जिन्दगी खै के जिन्दगी कविता भाव वा विषयवस्तु, विचार वा उद्देश्य र भाषाशैलीको दृष्टिले उत्कृष्ट कविता ठहरिन्छ । प्रस्तुत कवितालाई विषयवस्तु, उद्देश्य र भाषाशैलीका आधारमा तल विश्लेषण गरिन्छ :

#### (क) भाव विधान

'यो जिन्दगी खै के जिन्दगी' जीवनवादी कविता हो । यो कविता जिन्दगीको परिभाषा गर्ने क्रममा जिन्दगीलाई नै अवमूल्यन गरेको अवस्थामा छ । भित्र भित्रै खोक्रिएर

बाहिर बाहिर बाँचेको जिन्दगीको बाहिरीपना भिन्दै छ भित्रिपना पनि भिन्दै छ । वास्तवमा जिन्दगी जस्तो देखिन्छ त्यस्तो नभएर जिन्दगी त्रासमय परिवेशमा, आतङ्कित अवस्थामा रहेको देखिन्छ । युद्धले ग्रसित पारेको, समस्यै समस्याले गाँजेको वास्तविक जिन्दगीको अवस्थालाई यस कवितामा देखाइएको छ । जस्तो :

बन्दुकको नालमा टाउको राखेर निदाउनु पर्छ यहाँ
खुकुरीको धारमा पाइला टेकेर जिउनु पर्छ यहाँ
आँखा चिम्लन पनि जग्जगी
आँखा उघार्न पनि जग्जगी (यो जिन्दगी खै के जिन्दगी) (पृ. ३२)

उपर्युक्त तथ्याङ्कमा बन्दुकको नालमा टाउको राखेर निदाउनु पर्ने अवस्था र खुकुरीको धारमा पाइला टेकेर जिउनु पर्ने अवस्था यी दुई त्रासदीय अवस्था हुन् । त्यस्तै त्रासदीय अवस्थामा जीवन बाँचेको चित्रण यहाँ प्रस्तुत गरिएको छ । भारत सीमा विवादका निम्ति भइरहने भारत पाकिस्तान युद्धले सृजना गरेको त्रासदीय अवस्था नै कविताको मूल वस्तु रहेको छ । यसका साथै तेस्रो राष्ट्रमा भइरहने आतङ्कमय परिवेश र परिस्थिति जस्ता युगीन युद्धजन्य सन्दर्भलाई पनि कवितामा जोडिएको देखिन्छ । मानवीय जीवनमा आइपर्ने समस्या, यथार्थ जीवनमा मान्छेले भोग्नु पर्ने पीडा, अभाव आदिलाई कवितामा यस प्रकार देखाइएको छ :

एटमको त्रासले चुसेको
समस्याको भूतले सताएको
यो जिन्दगी खै के जिन्दगी ! (पृ. ३२)

जतातत‌ै समस्यै समस्या, अभाव र अभियोगले भरिएको जिन्दगीमा मान्छे तड्पिएको अभिव्यञ्जना कवितामा मुखरित भएको छ । त्यसै गरी उनको कवितामा जीवनबोध व्यङ्ग्यात्मक पनि छ र रागात्मक पनि छ । जस्तो :

यो जिन्दगी खै के जिन्दगी !
पसलमा शो केशभित्र सजाइराखेको
काँचको चुरो जस्तो यो जिन्दगी
कुनै युवतीको हातमा चढ्दा चढ्दै
प्याट्ट फुट्न सक्छ यो जिन्दगी !
रबरका सस्ता चप्पल जस्तै यो जिन्दगी
बाटामा हिंड्दा हिंड्दै
चयाट्ट टुट्न सक्छ यो जिन्दगी !
यो जिन्दगी खै के जिन्दगी ! (पृ. ३२)

यस प्रकार उनका कवितामा जीवनबोध निःसृत भएको छ । कवितामा आत्मबोध र मुक्तिबोधको चाहना देखिन्छ । जीवनमा भोग्नु परेको तिक्तता र साधारण कुराहरूले पारेका अनेकौं पीरहरूले गर्दा कविको आत्मबोधको प्राचुर्य रहेको छ । प्रस्तुत कविता छोटो आयामको भए पनि कविताको सारमर्म बृहत् र गहनतापूर्ण छ । मान्छेको आयु आफ्नो

हातमा छैन, मानवीय जिन्दगी क्षण भङ्गुर छ, जीवनको केही भरोसा छैन, कहीं पनि कुनै बेला यो समाप्त हुन सक्ने भाव यहाँ अभिव्यञ्जित भएको छ । यस किसिमको जीवनबोध, पलायनवादी नभएर वर्तमान युगको युद्धजन्य विभीषिकाबाट उत्पन्न भएको वास्तविक यथार्थता हो ।

**(ख) उद्देश्य**

आधुनिक युगमा मानिसका प्रत्येक क्षण सन्त्रासमय छन् भन्ने देखाउनु नै कविताको मूल उद्देश्य रहेको पाइन्छ । जीवन क्षणिक छ त्यसैले यस जीवनको सही उपयोग हुनु पर्छ भन्ने विचार गौण रूपमा यहाँ प्रकट गरिएको छ । मुख्य रूपमा चाहिँ त्रासमय परिवेशमा कुन बेला कहाँ कतिखेर के घटित हुन्छ कसैलाई थाहा हुँदैन, तसर्थ आगामी आपदकालीन स्थितिका निम्ति मानिस सदैव तमतयार रहनु पर्नेछ भन्ने विचारको पनि प्रकटीकरण भएको पाइन्छ । युद्धले ग्रसित पारेको युद्धजन्य परिवेशलाई देखाउँदै युद्धले सृष्टि गरेको आतङ्कमय वातावरणलाई स्पष्ट रूपमा अभिव्यञ्जित पार्नु यसको उद्देश्य रहेको छ । आतङ्कमय परिवेशको चित्रण कवितामा यस प्रकार देखाइन्छ :

बन्दुकका नालमा टाउको राखेर निदाउनु पर्छ यहाँ
खुकुरीको धारमा पाइला टेकेर जिउनु पर्छ यहाँ
आँखा चिम्लिन पनि जगजगी
आँखा उघार्न पनि जगजगी (पृ. ३२)

कवितामा जीवनको क्षणिकता र नश्वरतालाई सङ्केत गर्दै आतङ्कमय परिवेशको चित्रण गरिएको छ । आजको अणु-परमाणुको युगमा मानिस अस्त-व्यस्त र त्रस्त भएर बाँचिरहेको कुरा मर्मस्पर्शी र प्रभावकारी ढङ्गमा अभिव्यक्त गरेको देखिन्छ ।

**(ग) भाषाशैली**

यस कविताको भाषा सरल, सुबोध र कर्णप्रिय रहेको छ । “कटुवालका कविताहरू प्रतीकात्मक छैनन् । तिनीहरूमा भाषाको चमत्कार छ । तिनीहरू कोमल मर्मस्पर्शी र व्यङ्ग्यपूर्ण छन् । भाषा साभ्को र सरल छ । बिम्बहरूले प्रतीकात्मक अर्थ नराखेर सोभ्को अर्थ राख्तछन् । यिनको कवितामा उपमा र उपमेय स्पष्ट हुन्छन् । यस अर्थमा कटुवालका कविता साधारण रूपमा लेखिने कविता सरह छन् । तिनमा आधुनिक कवितामा पाइने भाषाको संकुलता छैन । त्यति हुँदाहुँदै पनि तिनीहरू तीक्ष्ण व्यङ्ग्यद्वारा वीक्षित हुन्छन्” (सुवेदी, २०३८ : १७५) । उनका कवितामा उपमा र उपमेयहरूको नौलो प्रयोग यस प्रकार भएको छ :

काँचको चुरो जस्तो यो जिन्दगी
कुनै युवतीको हातमा चढ्दा चढ्दै
प्याट्ट फुट्न सक्छ यो जिन्दगी ।
रबरका सस्ता चप्पल जस्तै यो जिन्दगी
बाटामा हिंड्दा हिंड्दै च्याट्ट टुट्न सक्छ यो जिन्दगी । (पृ. ३२)

उनका कवितामा यस प्रकार उपमाको नौलो प्रयोग भएको पाइन्छ । 'रबरका सस्ता चप्पल जस्तै यो जिन्दगी', 'काँचको चूरो जस्तो यो जिन्दगी', 'वाइसाइकलको ट्यूव जस्तै यो जिन्दगी' भनेर जीवनलाई सस्ता चप्पल, काँचको चूरो र वाइसाइकलको ट्यूवसँग तुलना गरिएको छ । यसरी जीवनलाई काँचको चूरा, रबरको चप्पल जस्तै क्षण भङ्गुरतालाई प्रतीकात्मक रूपमा प्रस्तुत गरिएको छ । प्याट्ट फुट्नु, च्याट्ट टुट्नु जस्ता अनुकरणात्मक शब्दको प्रयोगले कवितामा रस प्रदान गरेको छ । यो जिन्दगीलाई जतिसुकै माया गरेर राखे पनि निमित्त आएपछि श्वास प्रश्वास बन्द भएपछि पुरिन्छ, जलाइन्छ, जसरी सोकेस भित्र राखेको चुरा फुटेपछि फ्याकिन्छ, त्यसै गरी रबरका सस्ता चप्पल पनि चुटे पछि फ्याकिन्छ । यसरी जीवनको मूल्याङ्कन फुटेको चुरा र रबरका चप्पलसँग गर्दै उपमा र उपमेय विधानद्वारा जीवनको वास्तविक पक्षलाई आलङ्कारिक ढङ्गले प्रस्तुत गरेको पाइन्छ । “कटुवालका कविताहरूमा बिम्ब र प्रतीकको कम प्रयोग भएको र जीवनको अनेकौं साना तिना कुरा, तिता र विदीर्ण अनुभूतिलाई सिधै लेख्ने उनको शैलीले गर्दा ती जम्मै जसोमा गीतितत्त्व छ भन्न सकिन्छ” (सुवेदी, वि.सं. २०३८ : १७६) । यस कवितामा सरल शब्दहरूको संयोजन र कथ्य अनुरूप शब्द चयन गरिएको छ । कतिपय गम्भीर तत्सम् शब्द उपयोग गरिए पनि धेरै जसो प्रचलित तत्सम, तद्भव र आगन्तुक शब्दको उपयोगले कवितालाई सरल बनाएको छ ।

अन्त्यमा भन्नु पर्दा प्रस्तुत कविताले देश काल परिवेश भन्दा पनि पर युग युगसम्म दोहोरिरहने जीवनको क्षण भङ्गुरतालाई देखाउनका साथै युगीन विश्वमा दोहोरिरहने युद्धजन्य परिस्थितिलाई देखाएको पाइन्छ । कविताको शीर्षकले सार्थकता प्रदान गरेको छ । जीवनको जटिल अवस्थालाई सरल भाषाशैली र मार्मिकता साथ प्रस्तुत गरेको पाइन्छ । वर्तमान युगीन विश्वमा छाएको कोलाहलपूर्ण वातावरणलाई समेत यस कविताले समेटेको छ । १९७० मा लेखेको यस कविताले एकाइसौं शताब्दीको अन्त्यतिर पनि उत्तिकै आदर पाउनु यसको विश्जनिन भावनाको प्रस्तुतीकरण नै हो ।

### ७.४.२.४ 'ए म बौलाइसकेछु' कविताको विश्लेषण

हरिभक्त कटुवालको 'ए म बौलाइसकेछु' कविता १९७२ मा लेखिएको र उनको यो कविता 'यो जिन्दगी खै के जिन्दगी' शीर्षकको सङ्ग्रहमा प्रकाशित छ । उनको यो कविता पङ्क्तिको आयाममा विस्तारित गद्य कविता हो । संरचनात्मक दृष्टिले यो कविता प्रगीतात्मक संरचनामा लेखिएको फुटकर कविता हो । उनको यो कविता विषयवस्तु, भाषाशैली र विचारका दृष्टिकोणले उत्कृष्ट कविता ठहरिन्छ ।

#### (क) भाव विधान

प्रस्तुत कवितामा मानिस बौलाउने अवस्थासम्म पुगेको अवस्थाको चित्रण प्रस्तुत गरिएको छ । आफूले आफूलाई बौलाहा घोषणा गर्दै आफू सङ्कट अवस्थाबाट गुज्रिँदै गरेको

भाव यहाँ देखिन्छ । यहाँ आफूलाई आफैले बौलाहा ठान्नु, समाजदेखि टाढा पुऱ्याउनु, अरूको आँखाबाट बञ्चित गराउनु तथा आफूले आफैलाई रित्तो र नाङ्गो ठानेको अवस्था देखिन्छ । यहाँ इच्छा र आकाङ्क्षालाई दमित गर्दै पागल अवस्थामा पुगेको मनस्थितिको चित्रण प्रस्तुत भएको देखिन्छ । पूर्ण पागल भएको अवस्थामा कतै डर भाव नभएको र मनको उच्छवासले हिमालको टाकुरा टेकेको, अशान्त प्रशान्तको फैलावट फट्केको अवस्थाको चित्रण प्रस्तुत छ । मानवीय समाजको अशान्तमय परिवेश र युद्धजन्य परिस्थितिबाट टाढा मेटागन र अणु परमाणुको त्रासदेखि पर अमरत्व प्राप्ति गर्न लागेको स्वैर कल्पनाको तीव्रतम अनुभव यहाँ पाइन्छ । पागलपनको एक छिनमा हाँस्ने, एक छिनमा रुने र एक छिनमा अदम्य साहस देखाउने अवस्थाको चित्रण पनि यहाँ पाइन्छ । कवितामा पागलले आफ्नो मनस्थितिको आफ्नो विक्षिप्त अवस्थाको आफै महसुस गरेको वर्णन यस प्रकार देखिन्छ :

मौलाउँ मौलाउँ भन्दा भन्दै
म त पक्कै बौलाइसकेछु
आँखा आँखामा अट्ने नानी बनुँ भन्दै थिएँ
कतै नअट्ने पो भइसकेछु
हरेक नाङ्गाको लाज छोप्ने सपना देख्थें
आफै निवाङ्ग उदाङ्गो नाङ्गिसकेछु (ए म बौलाइसकेछु, पृ. ७८)

उपर्युक्त कवितांशमा कवि आफैले आफ्नो अवमूल्याङ्कन गरेको अवस्था छ । स्वभावगत दृष्टिले आफू रसिकता निर्लिप्तता र निर्लोभता भएका नाताले अरूको नानीमा नअटाएको भाव देखिन्छ । यहाँ कविले आफ्नो दोष आफै देखेको स्थिति छ । अरूको दृष्टिमा आफ्नो मूल्याङ्कन कवि आफूले गरेको देखिन्छ ।

### (ख) उद्देश्य

मानिसको ईर्ष्या, डाहा गर्ने प्रवृत्तिले, मान्छेले मान्छेलाई गरेको दुर्व्यवहारले गर्दा मान्छे आफै सन्तुलन हराएर विक्षिप्त अवस्थामा पुगेको स्थितिलाई देखाउन खोज्नु यसको मूल उद्देश्य रहेको छ । यहाँ मानवीय प्रवृत्ति भित्रको एउटा प्रवृत्ति नकरात्मक सोचलाई केन्द्रित गरेर यस सोचले मान्छे भित्र विक्षिप्तता पैदा गर्छ र त्यसको परिणाम स्वरूप मान्छे बौलाउँछ, त्यही स्थितिलाई यहाँ वर्णन गरिएको छ । कसैको आँखाको नानीमा नअटाउनु जस्ता कथनले मानिसलाई परपीडनले सताएको र आफूले आफैलाई बौलाहा भन्नु पर्ने स्थितिमा पुऱ्याएको र मान्छे आफैमा अपहेलित भएको विचार व्यक्त भएको छ । वर्तमान स्थितिमा मानिसले नै मानिसलाई गरेको अमानवीय परिस्थितिको फलस्वरूप आइपरेको अवस्थाको चित्रण गर्नु यस कविताको मुख्य उद्देश्य रहेको छ ।

### (ग) भाषाशैली

हरिभक्त कटुवालको 'ए म बौलाइसकेछु' कविता सम्वादात्मक शैलीमा प्रारम्भ भएको छ । 'ए म बौलाइसकेछु' वाक्यको पटक पटक पुनरावृत्ति गर्दै सरल, सहज, सुबोध्य

भाषाशैलीमा र मुक्त छन्दमा संरचित गद्य कविताका रूपमा रहेको छ । यहाँ मानिस सहज अवस्थाबाट विक्षिप्त अवस्था तर्फ गइरहेको मानसिक वेदनाको चित्रण मार्मिक ढङ्गमा प्रस्तुत भएको छ । ए म बौलाइसके मौलाउनै नपाई यहाँ भन्ने विचलनयुक्त वाक्यलाई दुईपटक पुनरावृत्ति गरी गद्य कवितालाई लयात्मक र साङ्गीतिक तुल्याइएको छ । कवितामा 'आँखाको नानी हुनु' जस्तो उखानयुक्त वाक्य प्रयोगले कवितालाई सहज अर्थ प्रदान गरेको छ । कवितामा प्रयुक्त अलङ्कारलाई यस प्रकार देखाउन सकिन्छ :

शिशिरमा बुचिएका रूखहरूझैं
मेरो नाङ्गो पनमा
बर्सिरहेछन् खित्का खित्का
तरिरहेछन आँखा आँखा (पृ. ७८)

उपर्युक्त कविताशंमा कविले आफ्नो जिउको नाङ्गो पनलाई शिशिरमा बुच्चिएका रूखसँग आरोपित गरेकाले यहाँ उपमा अलङ्कारको सृजना भएको छ । त्यसै तेस्रो र चौथो पङ्क्तिका बर्सिरहेछन्-तर्सिरहेछन्, खित्का खित्का, आँखा-आँखाले मध्यानुप्रास र अन्त्यानुप्रासको सृजना गरेका छ । त्यसै गरी अभिधेयार्थमा नाङ्गोले लक्ष्यणार्थमा आफू हरेक काममा असमर्थ रहेको स्थितिलाई जनाएको छ ।

प्रस्तुत कविता कविको वैयक्तिक जीवनको अनुभूतिमा केन्द्रित छ । कविको उदार मनोभावको फलस्वरूप अरूबाट पाउन नसकेको आसानुरूप व्यवहारले गर्दा कविमा जुन मानसिक वेदना भरिएको छ त्यही वेदनाको पराकाष्टा हो प्रस्तुत कविता । 'हरेका नाङगाको लाज छोप्ने सपना' देख्ने कवि आफू स्वयं नाङ्गो भएको अनुभव गर्छन् । कविमा आफू नाङ्गिएको ताडना भन्दा अरू नाङ्गाहरूले लाज छोप्न नसकेकोमा बढी पीर मानेका छन् । अरूको अघि आफूले केही गर्न नसकेको, लाचार भएको, स्थितिलाई वर्णन गरेको देखिन्छ ।

## ७.५ स्वाधीनता उत्तर जातीय जागरण कालका कवितामा लय विधान

यस चरणका कविताहरूमा गद्य लयको प्राधान्य रहेको छ । स्वाधीनता पूर्व कालका कवितामा पाइने लोकलय र शास्त्रीय वर्णमात्रिक छन्दका बाहुल्यको स्थान मुक्तलय वा गद्यलयले लिएको देखिन्छ । समानान्तर लय वा छन्दका रूपमा परम्परित वर्णमात्रिक छन्द र गीति छन्दको पनि उपयोग भएको देखिन्छ । 'प्लेट फार्म' र 'चेतना' जस्ता खण्डकाव्यहरू मुक्तलयमा लेखिएका छन् भने 'यो जिन्दगी खै के जिन्दगी', 'म बौलाइसकेछु' कविता मुक्तलयमा नै सिर्जना गरिएका छन् । 'पोखिएर घामको झुल्का' जस्ता गीत गीतिलयमा सिर्जित हुन पुगेका देखिन्छ भने 'ठेसको गनगन' जस्ता कविता शास्त्रीय छन्दमा नै रचित भएको छ ।

स्वाधीनता उत्तर जातीय जागरणका कविहरूले परम्परागत रूपमा आएको शास्त्री छन्दगत बन्धनबाट पनि मुक्ति खोजेको देखिन्छ । शास्त्रीय छन्दको बन्धनयुक्त बाह्य लयलाई

छोडेर मुक्तलयमा देखिने अन्तर्लयलाई आत्मसात गर्दै कविता, काव्य सिर्जना गरेको देखिन्छ । जस्तो :

एक एक घटनाका
एक एक इतिहासका
एक एक पाना
पल्टाएर भन्ने छु
कारण, म प्लेट फार्म हुँ (प्लेट फार्म, पृ. ७)

यसमा शास्त्रीय छन्दमा देखिने वर्ण र मात्राको नियमित लय नभए पनि समध्वन्यात्मक शब्दको आवृत्ति, उही शब्दको द्विरावृत्ति जस्ता आवर्तनगत लयाधानले कवितालाई श्रुतिमधुर बनाएको देखिन्छ । यस्तै अर्को उदाहरण :

खुकुरीको धारमा सेरिएका छौं
बन्दुकको नालमा घेरिएका छौं
भोग दिने बोका झैं बेचिएका छौं (चेतना, पृ. ४४)

उपर्युक्त कवितांशमा सेरिएका छौं, घेरिएका छौं, मेटिएका छौं, बेचिएका छौं जस्ता समध्वन्यात्मक शब्दहरूको संयोजनले विशिष्ट लय सिर्जना गरेको देखिन्छ । यस प्रकारको लयात्मकता श्रुतिमाधुर्य उत्पादन गर्ने मात्र नभएर भावगत उत्कृष्टता सिर्जनामा पनि महत्त्वपूर्ण रहेको देखिन्छ । नेपालीहरूले युद्धको सन्त्रासमा बाँचेर आफ्नो अस्तित्व शून्य भएको अनुभव गर्नु पर्ने बाध्यतालाई यी कविताका पङ्क्तिमा व्यक्त गरिएको छ ।

यस चरणमा लेखिएको 'ठेसको गनगन' कवितामा शार्दूलविक्रीडित छन्दको उपयोग गरिएको छ । शास्त्रीय छन्दको उपयोग भए पनि सरल भाषिक चयनले कवितामा श्रुतिमाधुर्यका साथै भावगत ऐक्य सिर्जना गरेको देखिन्छ । यस प्रकार असमेली नेपाली कविताको स्वाधीनोत्तर कालमा देखिने कवितामा स्वतन्त्र लयगत चेतनाको विकास भएको देखिन्छ । शास्त्रीय छन्दको नियमबाट मुक्त भए पनि कवितात्मक लय सिर्जनाका निम्ति गरिने शब्द चयनगत चेतना र अर्थतात्विक अन्तर्लयमा विशेष सचेतता अपनाएको देखिन्छ । हरिभक्त कटुवाल र तुलबहादुर मालेमाका कवितामा देखिने श्रुतिमाधुर्य र भाव ऐक्यगत लयले कवितालाई आकृष्ट बनाएको पाइन्छ ।

## ७.६ स्वाधीनता उत्तर जातीय जागरण कालका कवितामा दृष्टिविन्दु

स्वाधीनता उत्तर जातीय जागरणका कविताहरूमा कविता उपस्थापनको विधिमा तृतीय पुरुष दृष्टिविन्दु र प्रथम पुरुष दृष्टिविन्दु दुवैको उपयोग गरेको पाइन्छ । यस चरणका काव्य वा कवितामा के.बी. नेपालीको **प्लेट फार्म** खण्डकाव्य, तुलबहादुर मालेमाको 'चेतना' खण्डकाव्य, हरिभक्त कटुवालको **यो जिन्दगी खै के जिन्दगी** र पुष्पलाल उपाध्यायको **ठेसको गनगन** प्रगीतात्मक कविता तृतीय पुरुष दृष्टिविन्दुमा लेखिएका छन् । यी कविताहरूमा

असमेली नेपालीहरूका विभिन्न उत्पीडन र समस्यालाई तृतीय पुरुष सर्वज्ञ भएर अनुपस्थित समाख्यातले वर्णन गरेको पाइन्छ ।

यस चरणका केही कविताहरूमा 'पोखिएर घामको झुल्का' र 'ए म बौलाइसकेछु' कविता प्रथम पुरुष दृष्टिविन्दुमा लेखिएका छन् । यी कवितामा 'म' र 'हामी' उपस्थित सहभागीले आत्मपीडा र भारतीय नेपालीहरूको उत्पीडनलाई व्यक्त गरेको पाइन्छ । यसरी यस उपचरणका कविताहरूमा तृतीय पुरुष दृष्टिविन्दुको प्राधान्य रहेका कविता वा काव्यको बाहुल्य देखिन्छ भने प्रथम पुरुष दृष्टिविन्दुको उपयोगद्वारा पनि कविता उपस्थान गरेको देखिन्छ ।

## ७.७ स्वाधीनता उत्तर कालको प्रथम चरण जातीय जागरण कालका अन्य कवि र कविता

स्वतन्त्रता उत्तर कालको प्रथम उपचरण जातीय जागरण कालमा जम्मा उन्तिस जना कविका छैसट्ठीओटा काव्य कृति प्रकाशित छन् । उक्त छैसट्ठीओटा कृतिमध्ये एउटा कोष काव्य, छ ओटा गीत सङ्ग्रह, सात ओटा खण्डकाव्य रहेका छन् । उक्त उनन्तीसजना कवि मध्ये पाँचजना कविका जम्मा बाइसओटा कृति रहेका छन् । यहाँ यी प्रत्येक कविको परिचय र काव्यगत वैशिष्ट्यलाई प्रस्तुत गरिएको छ ।

### ७.७.१ हरिनारायण विद्याभूषण

असमेली नेपाली कविता स्वाधीनता उत्तर कालको दोस्रो चरण लिखित साहित्यको निर्माण कालका राम्रा गीत र गजल लेख्ने कविका रूपमा हरिनारायण विद्याभूषण (१८८८-१९४२) देखा पर्छन् । १९१० को दशकदेखि नै साहित्य लेखन प्रारम्भ गरेका विद्याभूषणको काव्य यात्रा १९१० देखि नै प्रारम्भ भएको देखिन्छ । माध्यमिक कालीन रतिरागात्मक शृङ्गार प्रवृत्तिबाट प्रेरित बन्दै हरिनारायण विद्याभूषणले पनि शृङ्गारिक गीत गजलहरू लेख्न थालेको देखिन्छ । हरिनारायण विद्याभूषणको काव्य यात्रा काशी जानुभन्दा अघिदेखि नै थालिएको पाइन्छ । "काशीमा पढ्दा विद्याभूषण नाटक, र सङ्गीतपट्टि लहसिएको देखिन्छ । यस कुराको पुष्टि उनका गीत र उनका दौतरी साथीहरूबाट हुन्छ । त्यस बेलाका रौसेहरूमा मोतीराम भट्ट, शम्भुप्रसाद ढुङ्गेल, लक्ष्मीदत्त पन्त, गोपीनाथ लोहनी, अञ्जद हुँसैन, रत्नलाल, नरदेव आदिका गीतहरू सङ्ग्रहित हुँदै वि.सं. १९८४ मा सङ्गीत चन्द्रोदय प्रकाशनमा आएको हो । त्यस बेला गीतको लहर पनि उत्तिकै फैलिएको थियो र रौसे विद्याभूषणलाई पनि त्यसले प्रभावित पारेको देखिन्छ" (ढुङ्गेल, १९५७ : ५) । वि.सं. १९८४ मा प्रकाशित गजलहरू मध्ये दसौँ गजल हरिनारायण विद्याभूषणको हो भन्ने पुष्टि भएको छ । उक्त गीत हरिनारायण विद्याभूषणकै हो भन्ने पुष्टि गर्नका निम्ति ढुङ्गेलको आफ्नो भनाइलाई निम्नानुसारले प्रकाश पार्न सकिन्छ :

> यी गीत मैले कथेको भनी हरीनारायण विद्याभूषण आफू स्वयंले भनेका हुन् भनेर मास्टर गंगाधरले भनेका हुन् । सङ्गीत चन्द्रोदयमा सङ्कलित गजलहरूमा 'मनको जलन शीतल हओस हाम्रो अलि अलि' जीवन सदा रहन्न यो जाला अली अली रोकु कसोरी मन हरे चाहन्छु अली अली छापिएको छ । तर मास्टरज्यूले दिनु भएको विद्याभूषणको लेखट्मा भने 'हाम्रो' को ठाउँमा 'मेरो' लेखिएको छ र 'जीवन सदा रहन्न यो' को ठाउँमा 'जीवन सदा रहन्न लौ' भन्ने लेखिएको छ र 'रोकुँ कसोरी मन हरे' को ठाउँमा 'रोकुँ कसोरी दिल हरे' भन्ने लेखिएको पाइन्छ । यो गीत विद्याभूषणले कथेको होइन कि भन्ने शंका गर्ने हो भने सङ्गीत चन्द्रोदयमा छापिएका अरू धेरै गीतहरूमा विद्याभूषणको नाउँ फेला पर्छ तर उक्त दसौं गीतमा भने कसैको नाम छैन । यसबाट पनि सो गीत र अरू पनि नाउ उल्लेख नभएका गीतहरू विद्याभूषणबाटै लेखिएको हुनु निकै सम्भव छ (ढुङ्गेल, १९५७ : ६) ।

हरिनारायण विद्याभूषणको काव्य यात्रा १९२७ बाटै थालिए पनि उनको प्रथम गीत गजलहरूको सङ्ग्रह सामूहिक रूपमा १९५७ मा आएर प्रकाशित भएको देखिन्छ । उनको एउटै गीत गजलको सङ्ग्रह गीतमाला (१९५७) प्रकाशित देखिन्छ । हरिनारायण विद्याभूषणको करीब तिनदशकको काव्य यात्रा देखिन्छ । यस अवधिमा उनले "त्यस बेलाका नेपालीहरूको रहर पुऱ्याउन मूल संस्कृतबाट अनुवाद गरी अभिज्ञान शकुन्तला, सत्य हरिश्चन्द्र, वेणी संहार आदि नाटक मञ्चमा प्रदर्शन गराएको देखिन्छ । यसका साथै चारुदत्त प्रबोध चन्द्रोदय, कौटिल्य आदि नाटक, नेपालीमा अनुवाद गरेको तथ्य पाइन्छ" (ढुङ्गेल, १९५७ : २) । उनका कविता यात्रालाई निम्न लिखित पूर्वार्द्ध र उत्तरार्द्ध गरी दुई चरणमा विभाजन गर्न सकिन्छ :

(१) पूर्वार्द्ध चरण (१९१७-१९२७)

(२) उत्तरार्द्ध चरण (१९२७-१९५७)

यस प्रकार उनका काव्य यात्रालाई पूर्वार्द्ध र उत्तरार्द्ध गरी दुई चरणमा विभाजन गरिएको छ । पूर्वार्द्ध चरणमा उनका गीत गजलहरू त्यस बेलाका गोर्खा संसार, तरुण गोर्खामा छापिएको अभिलेख पाइन्छ । कमल दीक्षितको वि.सं. २०१८ मा प्रकाशित बुइँगलको चौथो संस्करण (वि.सं. २०५०) मा उनको परिचय यस प्रकारले दिएको देखिन्छ "काठमाडौँ भन्दा बाहिर जन्मी प्रवासमा हुर्केका कविहरूमा सबभन्दा पहिले खोजी भै जीवन चरित्र र लेखादीको सङ्ग्रह छापिने यिनी नै हुन् । यिनको जन्म स्थान पूर्व ४ नम्बर दिङ्ग्लामा हो । तर घर जम असमको दरङ जिल्लामा भयो । पुरा नाम हरिनारायण उपाध्याय (दाहाल) विद्याभूषण हो । यी कविको कविता सङ्ग्रह **गीतमाला** विराटनगरमा विपिनदेव ढुङ्गेलको सम्पादनमा वि.सं. २०१४ मा प्रकाशित भएको छ । त्यस सङ्ग्रहमा नपरेका केही कविताहरू **गोर्खा संसार** र **तरुण गोर्खा**का फाइलामा पाइन्छ" (दीक्षित, वि.सं. २०५० : ३७४) । पूर्वार्द्धका उनका कविता समस्यापूर्ति, विरहिणी चरित्रमा वर्णित देखिन्छन् । उनी सोमनाथ सिग्देल (वि.सं. १९४०), चक्रपाणि चालिसे (वि.सं. १९४०), लेखनाथ

पौड्यालकै छिमलका कवि भएको पुष्टि यस प्रकार गर्न सकिन्छ "विद्याभूषणकै छिवँलका सोमनाथ सिग्देल, चक्रपाणि चालिसे, लेखनाथ पौड्याल (वि.सं. १९४१) (सुक्ति सिन्धु छापिएको सम्बत १९७४ साल) नारायण नेपाल (वि.सं. १९४४) जस्ता आजका आधुनिक कविहरूले पनि मध्यकालीन साहित्यबाट प्रभावित भै नायक-नायिका वर्णन, बसन्त विरह, समस्यापूर्ति, विरहिणी चरित्र जस्ता कुरामा अल्झैंदै आई आधुनिकताको स्वाद सबैलाई चखाएको देखिन्छ" (ढुङ्गेल, १९५७ : ३) ।

हरिनारायण विद्याभूषणका काव्य यात्रामा देखिएको मूल प्रवृत्ति भनेको रतिरागात्मक र ईश्वर स्तुति नै हो । उनका पूर्वार्द्धको पत्रपत्रिकामा प्रकाशित गीत गजलहरूमा नायक नायिकाको वर्णन, वसन्त विरह, समस्यापूर्ति, विरहिणी चरित्र वर्णन जस्ता मूलभूत विशेषताहरू पाइन्छन् । उनका विशिष्ट शृङ्गारको प्रयोग कवितामा रतिरागात्मक चित्रणको प्रस्तुति, विरहवेदनाको प्रटकीकरण प्रकृतिको चित्रण, विभिन्न पक्षीहरूको वर्णन, प्रणय वेदना, आत्मिक प्रेम, कोइलीको सुललित तान, वसन्त रागिनी, प्रेम वियोग गीत, अबलाको विरहगान, वन उपवनादिको वर्णन, प्रेम मिलनको छटपटी, प्रेम विलाशिताको वर्णन, नग्नयौनको प्रस्तुतीकरण आदि उनका मूलभूत विशेषता हुन् । उनका उत्तरार्द्धका गीत गजलहरूमा भक्ति भावको प्रकटीकरण पाइन्छ । पौराणिक मिथकीय बिम्बको प्रयोग, भक्ति रस र देश भक्तिको भावना जस्ता प्रवृत्तिहरू पाइन्छन् ।

उनका कवितामा पाइने प्रवृत्तिगत विशेषतालाई समग्रमा यस प्रकार देखाइन्छ :

(१) माध्यमिक कालीन रतिरागात्मक स्वर

(२) व्यक्तिगत विरह वेदनाको प्रकटीकरण

(३) नारी रूपलावण्यको वर्णन गर्दै एक्लो पनको भावना व्यक्त

(४) वसन्त विरहका साथै अशिष्ट शृङ्गारको प्रयोग

(५) प्राकृतिक चित्रणका साथै विभिन्न पशुपक्षीहरूको वर्णन

(६) ईश्वर उपासनाका साथै आत्मा परमात्माको चिन्तन

### ७.७.२ नित्यानन्द तिम्सिना

असमेली नेपाली कविताको स्वाधीनता उत्तर कालको प्रथम उपचरण जातीय जागरण कालका प्रथम र शक्तिशाली कविता लेख्ने कविका रूपमा नित्यानन्द तिम्सिना (१९०५) देखा पर्छन् । गद्य र पद्य दुवैमा कलम चलाउने निम्सिनाको साहित्यिक यात्रा पद्यबाट प्रारम्भ गरेको देखिन्छ । १९४० को दशकदेखि नै साहित्य सिर्जना तर्फ लागे पनि १९४७ मा मात्र उनको पहिलो रचना प्रकाशित भएको देखिन्छ । मूलतः काव्य विधामा सशक्त योगदान दिने नित्यानन्द तिम्सिना १९४२ को भारत छोडो आन्दोलनमा सक्रिय सहयोग

पुऱ्याएको अभिलेख प्राप्त छ (राई, १९९२ : ११०) । तिम्सिनाले लेखेका नाटक कर्णवध, अभिमन्युवध आदि मञ्चन भए पनि प्रकाशन हुन सकेका छैनन् । मूलतः काव्य विधामा योगदान पुऱ्याउने नित्यानन्द तिम्सिनाका हालसम्म प्रकाशित कृतिहरू यस प्रकार छन् :

(१) मनुष्य वंशावली अर्थात् नेपालीको पुर्ख्यौली (प्रथम भाग) (१९४३)

(२) दानवीर भीमबहादुर श्रेष्ठको जीवनी (पद्यमा) (१९४७)

(३) कलियुगी बृद्ध विवाहको महासंकल्प (व्यङ्ग्यात्मक काव्य) (१९४७)

(४) गोर्खा एटम बम (असम गोर्खा सम्मेलनको बुलेटिनमा प्रकाशित लामो विद्रोहात्मक कविता) (१९४९)

(५) मनुष्य वंशावली (दोस्रो भाग) (२०१३)

(१) दुर्गा सप्तशती (नाटक)

(२) सुम्भ निसुम्भ (नाटक)

(३) महिषासूर वध (नाटक)

नित्यानन्द तिम्सिनाको करिव एक दशकको कविता यात्रा देखिन्छ । उनको कविता यात्रा छोटो देखिए पनि उनले जिन्दगीभरि कविता साधना गरेको पाइन्छ । उनको कविता यात्रालाई हेर्दा प्रवृत्तिगत दृष्टिले केही भिन्नता अवश्य देखिन्छ । उनका तत्कालीन पत्रपत्रिकामा प्रकाशित रचनाहरू प्रगतिशील हुँदै केही व्यङ्ग्यधर्मी बनेको देखिन्छ । पछिल्लो समयमा उनले विभिन्न प्रवृत्तिका काव्य रचना गरेको बुझिन्छ । १९४२ को आन्दोलनमा जेल यात्रा गरिसकेपछि उनले छन्दबद्ध कविता लेख्न प्रारम्भ गरेको देखिन्छ (राई, १९९२ : ११०) । काव्य लेखनको प्रारम्भ गर्नु अघि नै उनका नाटकहरू मञ्चन भएका हुन् ।

नित्यानन्द तिम्सिनाको काव्य यात्रामा देखिएको मूल प्रवृत्ति भनेको देशप्रेम र जातीयतावादी चिन्तनको चित्रण हो । नित्यानन्द तिम्सिनाले आफ्ना काव्य कृतिहरूमा जातिगत समस्या र समाजगत समस्यालाई गम्भीर रूपमा चित्रण गरेका छन् । उनको प्रारम्भिक महाकाव्य स्तरीय काव्य 'श्री भीमबहादुर श्रेष्ठको जीवन चरित्र' मा महात्मा गान्धीको जीवन चरित्रलाई देखाउँदै उनको आदर्शमा लाग्नका निम्ति आह्वान गरिएको छ । मातृभूमिप्रतिको अगाध स्नेह, उनको यो महाकाव्य स्तरीय कृतिमा देखिन्छ । यो अप्राप्य कृतिलाई खोजकर्ताहरूले प्राप्त गरे पश्चात् यसरी वर्णन गरेको देखिन्छ "भीमबहादुर श्रेष्ठको जीवन चरित्र (महाकाव्य स्तरीय) मा पहिलेका आठश्लोकमा माता सरस्वतीको वन्दना ... सुरुवातमा पृथ्वीको उत्पत्तिको बारेमा र भूगोलको वर्णन पाइन्छ । ... पृथ्वीको उत्पत्ति धर्मशास्त्र र वैज्ञानिक आधारमा वर्णन गरेको देखिन्छ (क्षेत्री, २०१२ : ११) । नित्यानन्द तिम्सिना असमेली नेपाली साहित्यमा प्रथम काव्यमय जीवनी लेखकको रूपमा परिचित छन् । उनका काव्यमा निस्वार्थ भावना, समाज सेवामा व्रती, राष्ट्रप्रेम, जातीयतावादी चिन्तन भएका कवि स्वतन्त्रता सेनानीका रूपमा पनि परिचित छन् ।

उनका काव्यमा कुसंस्कारको विरोध, कुपरम्पराको विरोध, गान्धीवादी विचार धाराको प्रभाव, व्यङ्ग्यात्मक स्वर, जातीय जीवनप्रति प्रभावित, शिक्षाको विकासतर्फ अग्रसर, साँचो र ऐतिहासिक कुराको खोज अन्वेषण, नेपालको पुर्खाहरूको खोज आदि मूलभूत विशेषता हुन् ।

नित्यानन्द तिम्सिनाले दुई कोष काव्य, एक जीवनीमूलक महाकाव्य, दुई लामा कविता र पाँचओटा जति फुटकर कविता लेखेको पाइन्छ । आयाम एवं गुणस्तरका दृष्टिले उनका महाकाव्यस्तरीय 'भीमबहादुर श्रेष्ठको जीवनी' लगायतका कृतिहरू उच्च मध्यम कोटिका रहेका छन् । भाषाशैली एवम् छन्द शैली परिष्कृत परिमार्जित रहेको नपाइए तापनि उनमा युगीन चेतना रहेको पाइन्छ ।

### ७.७.३ प्रेमसिंह सुवेदी

स्वाधीनता उत्तर कालको प्रथम उपचरण जातीय जागरण कालको समयका कविहरूमा प्रेमसिंह सुवेदी (१९२५-२००६) पनि परिचित छन् । 'तीजको मैदानमा बहिनीको आँसु' (१९५३) तीजेगीत सङ्ग्रह प्रकाशित गरेर काव्य यात्राको थालनी गर्ने प्रेमसिंह सुवेदी मूलतः नाटककारका रूपमा बढी परिचित छन् । एक दर्जन भन्दा बढी कृतिका स्रष्टा प्रेमसिंह सुवेदीका प्रकाशित काव्य यस प्रकार छन् :

(१) **तीजको मैदानमा बहिनीको आँसु** (१९५३)

(२) **१६ मिनेट कविता सङ्ग्रह** (१९८४)

१९९२-१९९७ सम्म मन्थन बुलेटिनका सफल सम्पादकका रूपमा परिचित सुवेदीका विभिन्न पत्रपत्रिकामा लेख, निबन्ध, कविता, यात्रा संस्मरण, एकाङ्की आदि प्रकाशित छन् । साहित्यिक फाँटमा अरू अरू कृति प्रकाशित गरे पनि "दुई काव्य कृति मार्फत प्रेमसिंह सुवेदीले केवल पैंतालीसओटा गीत/कविताको माध्यमबाट नेपाली काव्य साहित्यको क्षेत्रमा योगदान पुऱ्याएका छन् । "उनको कविता सँगालो '१६ मिनेट' साठीको दशक लाग्न लागेको उमेरको सिर्जना हो । यस सँगालोमा काव्यिक भावुकताका साथ साथै प्रौढताको जीवन दर्शनको निख्खर प्रतिपादन भएको छ । केटौले उच्शृङ्खलताको गन्ध छैन । 'तीजको मैदानमा बहिनीका आँसु' छापिएको एकतीस वर्षको लामो अन्तराल पछि 'स्व. प्रेमसिंह सुवेदीको कविता सङ्ग्रह '१६ मिनेट' पाठकका हातमा पर्दछ" (सापकोटा, २०३३ : १२३) । नारीहरूप्रतिको श्रद्धा, सांस्कृतिक चेतना, चेलीबेटीहरूको दु:खमय जीवनको वर्णन, कुरीति र कुसंस्कारप्रति व्यङ्ग्य, प्रगतिशीलता, परिवर्तनको चाहना, मानवतावादी स्वर, युद्धजन्य परिस्थितिको चित्रण आदि उनका गीत र कवितामा पाइने मूलभूत प्रवृत्ति हुन् । भाषाशैली र कलात्मक मूल्यका दृष्टिले उनका कविता र गीत सामान्य छन् ।

### ७.७.४ नरनाथ उपाध्याय दङ्गाल

स्वाधीनता उत्तर कालको तेस्रो उपचरण जातीय जागरण कालको समयका कविहरूमा नरनाथ उपाध्याय दङ्गाल पनि परिचित छन् । १९५० को दशकदेखि नै काव्य यात्रामा लागेका दङ्गालको **बोधिरत्न चेतावनी** (१९५५) प्रकाशित एकमात्र कविता सङ्ग्रह प्रकाशित छ । यिनी चिन्तन प्रधान कविता लेख्ने कवि हुन् । समाज सुधार, आदर्श जीवन दर्शन, नैतिक चेत आदि उनका कवितामा स्पष्ट रूपमा चित्रण गरिएको छ । प्रतीकात्मक र अभिधात्मक प्रकृतवादीशैलीबाट काव्यको सिर्जना गर्ने दङ्गालका कविता मध्यम छन् ।

### ७.७.५ भवानी शंकर उपाध्याय

भवानी शंकर उपाध्याय तेस्रो उपचरण जातीय जागरण कालका प्रखर कवि हुन् । १९५० को दशकदेखि नै काव्य यात्राको प्रारम्भ गर्ने उपाध्यायको कविता सङ्ग्रह १९५५ मा प्रकाशित भएको छ । यिनी नीतिवादी धाराका ज्यादै सशक्त कविका रूपमा देखिन्छन् । धार्मिक तथा उपदेशात्मक ढङ्गले प्रस्तुत गर्ने उनका कविता मान्छेका जीवनका विविध भोगाइमा केन्द्रित हुन्छन् । उनका प्रकाशित कविताहरू यस प्रकार छन् :

(१) **अथ सन्त मनोरञ्जनी कवितावली** (१९५५)

(२) **शीव गीता** (१९६५)

भवानी शंकर उपाध्यायका कवितामा आध्यात्मिक, नैतिक, सामाजिक, सांस्कृतिक विविध क्षेत्रमा देखिएका विसङ्गतिलाई प्रस्तुत गरिएको हुन्छ । नैतिक यथास्थितिप्रति उनका कविता बढी संवेदित छन् । शैलीको विशिष्ट प्रयोग नदेखिए पनि उनका कवितामा पाइने उपदेशमूलक र विषयवस्तुको सूक्ष्म प्रयोगले विशिष्ट तुल्याएको देखिन्छ । मनोरञ्जन, ईश्वर स्तुति, मानवीय जीवनको मूल्य, रुढिवादी प्रवृत्ति, ग्रामीण जनजीवनको जीवन्त चित्रण उनका कवितामा पाइने विशेषता हुन् । सरल भाषाशैली र कलात्मक मूल्य मान्यताका दृष्टिले उनका कविता सबल छन् ।

### ७.७.६ मास्टर गंगाधर खतिवडा

स्वाधीनता उत्तर कालको प्रथम चरण जातीय जागरण कालको समयका कविहरूमा मास्टर गंगाधर खतिवडा पनि परिचित छन् । १९१० कै दशकदेखि काव्य यात्राको प्रारम्भ गर्ने खतिवडाको काव्य कृति प्रकाशित नभएकै देखिन्छ । केही गीतहरू पत्रपत्रिकामा प्रकाशित भए पनि हाल ती प्राप्त छैनन् । १९५७ मा आएर उनका तेह्रओटा गीत **गीतमाला** मा प्रकाशित भएका छन् । विपिनदेव ढुङ्गेलले सम्पादन गरेको 'गीतमाला' मा हरिनारायण उपाध्याय विद्याभूषणसँगै गंगाधर खतिवडा र विपिनदेव ढुङ्गेलका गीत पनि प्रकाशित देखिन्छन् । गीतमालामा प्रकाशित खतिवडाका गीतहरूमा कृष्ण स्तुति, ईश्वर स्तुति, प्रकृति चित्रण र आध्यात्मिक चेतको बाहुल्य पाइन्छ । "उनले गीत र कवितासँगै सीता स्वयम्बर,

कर्णार्जुन, भक्त ध्रुव जस्ता धार्मिक पद्यात्मक नाटकहरू अनुवाद गरेको पाइन्छ” (रावत, १९८६ : १२) । आर्थिक स्थिति र प्रकाशनको सुविधा नभएको स्थितिले यिनका आफ्ना कृतिहरू प्रकाशनमा ल्याउन नसकेको देखिन्छ । हरिनारायणकै समकालीन मास्टर गंगाधर खतिवडाले धेरै गीत, नाटक लेखेको देखिन्छ । १९३० तिर स्थापित ‘माझ गाउँ’ थिएटर कम्पनीका (शोणितपुर जिल्लाको नेपाली गाउँ) उनी एक स्तम्भ भएको जानकारी प्राप्त छ (क्षत्री, २००३ : ४) ।

### ७.७.७ जसु सुब्बा विरही

उत्तर कालको तेस्रो उपचरण जातीय जागरण कालका समयका कविहरूमा जसु सुब्बा विरही पनि परिचित देखिन्छन् । यिनी १९५५ देखि नै साहित्य लेखनमा प्रवृत्त कवि हुन् । यिनका केही फुटकर कविताहरू ‘गोर्खा पत्र’ मा फेला परेका छन् । पत्रावली शैलीमा लेखेको यिनको रेखा चित्र **अतृप्त** (खण्डकाव्य) सानो पुस्तिका १९५८ तिर प्रकाशित भएको पाइन्छ ।

### ७.७.८ पं. शिवराज बराल

स्वतन्त्रता उत्तर कालको प्रथम उपचरण जातीय जागरण कालको समयका कविहरूमा पं. शिवराज बराल (वि.सं. १९८०) पनि परिचित छन् । वि.सं. १९९८ देखि नै श्रीमद भागवत वाचन गर्न लागेका बराल वि.सं. २००० मा आसामको यात्रा गर्छन् । वि.सं. १९५९ मा धार्मिक तथा नीति उपदेशमूलक पुस्तक **आचार मञ्जरी** प्रकाशित गरेर आफ्नो काव्य यात्राको प्रारम्भ गर्ने बरालका **आचार मञ्जरी** (वि.सं. २०१६), **कीर्तन महिमा** (वि.सं. २०१८), ‘तीर्थ यात्रा’ (२०२८) र ‘बराल वंश दर्पण’ (वि.सं. २०३४) गरी चार प्रकाशित कृति मध्ये **आचार मञ्जरी** र **बराल वंश दर्पण** मात्र प्राप्त रहेको छ । आचार मञ्जरीमा प्राप्त भए अनुसार जम्मा दुई सय अन्ठाउन्न (२५८) श्लोक रहेका छन् । आचार मञ्जरीमा कविले आफ्नो परिचय यस प्रकार दिएका छन् :

> कोशी अञ्चलमध्य तेह्रथुमको हो साँघु पञ्चायत,
> चल्लेमा घर हो बराल थर हो अैले म छु भारत ।
> हो हासाम प्रदेश कामरूप हो जान्नोस जिल्ला पनि,
> मोटाङखुटि छ गाउँ, डाकघर ता जान्नु निकासी भनि ॥
> नाउँ पं. शिवराज भन्छन् म हुँ छोरा महानन्दको,
> नाती फेरि पनाती हुँ धनपती तारानिधी विप्रको ।
> अक्षर मात्र चिने पनि दिनहुँका कर्तव्य जान्ने गरी,
> लेखे यी मनको नयाँ लहडमा आचारको मञ्जरी ॥ (बराल, वि.सं. २०१६ : ८)

त्यसै गरी **बराल वंश-दर्पण** (वि.सं. २०३४) मा चौधौं शताब्दीसम्मको बरालहरूको वंशको खोज गरिएको छ । यस बराल वंशावलीमा घृतकौशिक गोत्री भट्टका आठौं पुस्ता यही नेपालमा बितेपछि नवौं पुस्तामा खनाल, बराल, नेपाल र सुतार कार्कीको जन्म हुन्छ (बराल, २०३४ : ५) । यो एक कोश काव्यका रूपमा स्थापित वंशावली हो । यस प्रकार पं. बरालका

आचार मञ्जरी र बराल वंशावलीको निरूपण गर्दा उनका काव्यमा नैतिक उपदेशमूलक शिक्षा, प्राकृतिक परिवेशको चित्रण, जन्मभूमिप्रति श्रद्धाभाव, अन्ध परम्पराप्रति विश्वास, मानवीय जीवनप्रति गौरवानुभव, बन्धनमुखी संसारबाट मुक्तिको याचना, धार्मिक चिन्तन, कर्ममय जीवनमा विश्वास, सनातन धर्मप्रति विश्वास आदि प्रवृत्ति पाइन्छन् । "मनको सकस मेटाउन धर्मसिन्धु आदि ग्रन्थको आधार लिएर शिक्षित स्त्री-पुरुष बालक-बालिकाहरूले पनि नित्य आचार सम्झने गरी आफ्नो मातृभाषामा श्लोकबद्ध गरी लेखी १६ सालमा छपाएको थिएँ । साहित्य नभएर धर्मशास्त्र भएकाले शास्त्रीय वार्णिक छन्दमा ह्रस्व दीर्घ अलङ्कार पादक्रम आदिको त्यति विचार नगरी श्रद्धालाई मात्र अगि सारेको छु (बराल, वि.सं. २०१६ : ८) । यस प्रकार आचार मञ्जरी काव्य ग्रन्थलाई कविले साहित्य नमानेर धर्मशास्त्र मानेको देखिन्छ । धार्मिक दृष्टिकोणले आचार मञ्जरीका उपदेशहरू सबल छन् । कलात्मक भाषाशैलीका दृष्टिकोणले उनको काव्य भाषा सबल छ ।

### ७.७.९ हरिप्रसाद शर्मा खनाल

स्वतन्त्रता उत्तर कालको प्रथम उपचरण जातीय जागरण कालको समयका कविहरूमा हरिप्रसाद शर्मा (१९४१) पनि परिचित छन् । १९६३ मा दार्जिलिङ्गबाट प्रकाशित 'धुवाँ' पत्रिकामा 'दिनेछु' शीर्षकको कविता प्रकाशित गरेर आफ्नो कविता यात्रा थालेका शर्मा खनालको कविता यात्राले पाँच दशकको अवधि पूरा गरिसकेको छ । उनका कविता, कथा, उपन्यास र अनुवाद कृतिहरू पनि प्रकाशित छन् । आधा दर्जनभन्दा बढी कृति प्रकाशित गराएका खनालका प्रकाशित कविता कृति यस प्रकार छन् :

(१) **आँसुका थोपा** (१९६२)

(२) **तिम्रो यादमा** (१९६३)

**आँसुका थोपा** कविता सङ्ग्रहमा त्रिचालीसओटा कविता प्रकाशित छन् । त्यसै गरी **तिम्रो यादमा** सङ्ग्रहमा त्रिसट्ठीओटा कविता प्रकाशित छन् । विभिन्न विषयवस्तुमा कविता लेख्ने खनालका अधिकांश कविताहरू मूलभूत रूपमा आत्मिक प्रेम प्रणयमा केन्द्रित देखिन्छन् । सामाजिक जनजीवनमा घट्ने विविध घटना र सन्दर्भहरूलाई पनि यिनले कविताको विषयवस्तु बनाएका छन् । प्रेम विछोडको कारुणिक अवस्थाको वर्णन, विफल र अन्धकारमय जीवनको वर्णन, वितृष्णामय जीवनको अनुभूति, स्वच्छन्दतावादी चेतना, कर्तव्यप्रति निष्ठा, उराठिलो जीवनको चित्रण आदि उनका कवितामा देखिने मूलभूत प्रवृत्ति हुन् । प्रेमलाई सर्वोपरि ठान्दै प्रेमकै सेरोफेरोमा उनका कविता अभिव्यक्त भएको पाइन्छ । शब्दालङ्कार र अर्थालङ्कारको प्रयोगले उनका कविता अलङ्कृत भएका छन् । भाषाशैली र कलात्मक मूल्यका दृष्टिले उनका कविता सफल बनेका छन् ।

**७.७.१० चोकबहादुर थापा**

स्वतन्त्रता उत्तर कालको प्रथम उपचरण जातीय जागरण कालको समयका कविहरूमा चोकबहादुर थापा (१९२५) पनि परिचित छन् । साठीको दशकदेखि नै काव्य यात्राको थालनी गर्ने चोकबहादुर थापाका **हृदयको उदगार** (१९६५) र **एउटा नयाँ बिहानको प्रतीक्षामा** (१९८८) गरी दुई कविता सङ्ग्रह प्रकाशित छन् । आफ्नो सरल र सरस हृदयबाट निस्केका भावनाहरू सङ्गृहीत गरी सर्वसाधारण जनताको समक्ष पुऱ्याउने चोकबहादुर थापाको प्रयास प्रशंसनीय छ । उनका भावनाहरूमा जनजीवनको प्रतिछाप पाइन्छ र सर्वसाधारणकै माझ तिनलाई पुऱ्याउने उनको प्रचेष्टा पनि देखिन्छ । बोली चालीको भाषा प्रयोग भएका कविताहरूको भाव सरल तथा स्पष्ट रहेको पाइन्छ (क्षत्री, १९६५) । 'एउटा नयाँ बिहानीको प्रतीक्षामा' जम्मा छत्तीसओटा कविताहरू छन् । 'हृदयको उद्गार' भित्रका कविताहरू केही गद्यात्मक छन् भने केही बद्ध छन्दमा छन् । त्यसै गरी 'एउटा नयाँ बिहानको प्रतीक्षामा' भित्रका कविताहरू सबै गद्यात्मक र प्रतीकात्मक रहेका छन् । उनको प्रथम चरणका कविताहरूमा धेरै जसो नेपालको सम्झनामा मोहित भएका भावहरू प्रकट भएका छन् । प्रवासमा बसेर स्वदेशको सम्झना गरेका कविताहरूमा 'आमाको सम्झना, ध्यान राखौं, राष्ट्र नायक (महेन्द्र राजाको गुणानुगान), पूर्व पश्चिम राजमार्ग आदि उत्कृष्ट रहेका छन् । समग्रमा उनका कवितामा स्वदेशप्रति मोह, जातीयतावादी भावना, भाषाप्रतिको स्नेह आदि विशेषता पाइन्छ । आफूलाई असमको माटोमा सम्पूर्ण रूपले सिञ्चित गर्न नचाहने कविले आफूलाई 'म प्रवासी हुँ' भनेको पाइन्छ । उनका कविताको भाषा सहज, सरल र वर्णनात्मक अभिव्यक्ति पाइन्छ । भाषाशैली र कलात्मक मूल्यका दृष्टिले उनका कविता सबल देखिन्छन् ।

**७.७.११ कुलबहादुर छेत्री**

स्वाधीनता उत्तर कालको दोस्रो उपचरण भाषा आन्दोलन र विदेशी वहिस्कार आन्दोलन कालको समयका कविहरूमा कुलबहादुर छेत्री (१९३५) पनि परिचित छन् । साठीको दशकदेखि नै ईश्वर स्तुतिमूलक भजन कीर्तिन गीत आदि लेखनमा अग्रसर हुँदै काव्य यात्राको प्रारम्भ गर्ने कुलबहादुर छेत्रीका **चिन्तन माला** (१९६५), **गीतमञ्जरी** (१९८३), **दयाल ठाकुर जीवनी** (१९७०) गरी दुई काव्य कृति र एक जीवनीमूलक कृति प्रकाशित छन् । उनको 'चिन्तन मालामा' कविता सङ्ग्रह हो । त्यसै गरी 'गीत मञ्जरी' मा एकसट्ठीवटा गीत प्रकाशित छन् । देश प्रेम, मानवीय स्वार्थी प्रवृत्तिको वर्णन, प्रेमप्रीतिको वर्णन, जातीय संस्कृतिको वर्णन, व्यक्ति चिन्तनको अभिव्यक्ति, प्राकृतिक रूपको वर्णन, पर्वगीत आदिको वर्णन, कृषि विकासप्रति जोड, मृत्यु निश्चितताको वर्णन, कर्ममय जीवनप्रति विश्वास, शिक्षा विकासप्रति जोड, जातीय अस्तित्वको खोज, लयात्मक

भाषाशैलीको प्रयोग, भातृत्व भावनाको प्रचार प्रसार, अस्तित्व सुरक्षाप्रति सजग, ईश्वर भक्तिप्रति अगाध विश्वास, जन्मदायिनीप्रति अगाध स्नेह जस्ता प्रवृत्ति यिनका कवितामा पाइन्छन् । 'हाम्रो नाम डुब्न नदिऊँ' उनको उत्कृष्ट गीत हो । उनका गीत अधिकांश सामाजिक प्रवृत्तिमै घुमेका हुन्छन् र यस्ता गीतमा सामाजिक अन्धता, कुसंस्कार, गरिबी, असमानता, भेदभाव आदि नकारात्मक पक्षप्रति विमति देखाइएको छ । यथार्थ र आदर्शका मध्यबिन्दुमा रहेर परम्पराप्रति आस्था रहेका उनका गीत, कविता, भजन शैली प्रस्तुति आदि दृष्टिले परम्परित धार समातेर हिँडेको देखिन्छ ।

### ७.७.१२ श्री पण्डित दधिराम उपाध्याय मिश्र

स्वतन्त्रता उत्तर कालको प्रथम उपचरण जातीय जागरण कालको समयका कविहरूमा दधिराम उपाध्याय मिश्र (१९२३) पनि परिचित छन् । साठीको दशकदेखि नै काव्य यात्राको थालनी गरेका मिश्रको **दधिदर्पण भाषा श्लोक** (१९६५) प्रकाशित छ । असमेली नेपाली कविताको अनुर्वर (खडेरी) समयमा यस प्रकारको भाषा श्लोकको धेरै महत्त्व रहेको देखिन्छ । यस भाषा श्लोकमा (ज्योतिष शास्त्र) मङ्गला चरण, अब सञ्ज्ञाध्याय (१) मा उच्चादि ग्रहहरू, ग्रहका वर्ण, ग्रहका सृष्टि, ग्रहवल, शशि स्वामी क्रूर सौम्य राश, निर्बली ग्रह, चर चोर द्विस्वभाव, गोपुरादी सञ्ज्ञा स्त्रीपुरुष गृह र गुण संज्ञा, अङ्गमा रहने ग्रह दिशाका पती, ग्रहहरूका अधिकार र वर्ण, शत्रु मित्रादी ग्रह गरी जम्मा चौबीस श्लोक रहेका छन् । दधीदर्पण भाषा श्लोक मूलतः ज्योतिष शास्त्र हो । यस शास्त्रबाट ग्रहहरूको निरूपण गर्न खोजेको देखिन्छ । अन्धपरम्परामा वा पौराणिक परम्परामा केटा केटीको विवाहपूर्व ग्रह हेराउने चलन रहेको देखिन्छ । यस शास्त्रमा पुरुषको वा कन्याको दशाग्रह बारे वर्णन पाइन्छ । धन प्राप्ति, स्त्रीजातको ग्रहदशा ठीक भएको वा नभएको वर्णन पनि यस शास्त्रमा गरिएको छ । यो कृति पुरै ज्योतिष शास्त्रमा केन्द्रित देखिन्छ । यो शास्त्र जम्मा ५०२ श्लोकमा समाप्ति भएको छ ।

दधिराम उपाध्यायको भाषा श्लोक प्रत्येक खण्डका श्लोक समाप्ति भएपछि टीका पनि प्रस्तुत गरिएको छ । पुरानो परम्परालाई अँगाल्नु, अन्धविश्वास परम्पराको मान्यता, ग्रह उपग्रह आदिको शुभ अशुभप्रति सजगता, ग्रह आदि फलमा विश्वास, उच्च र नीच जातप्रति विश्वास, पूरै काव्य आदि मिश्रका मूलभूत प्रवृत्ति हुन् । भाषाशैली, छन्द प्रयोग र कलात्मक मूल्यका दृष्टिले उनको भाषा श्लोकका छन्दोबद्ध कविता सबल छन् । जातीय कालमा उनको योगदान उल्लेखनीय देखिन्छ ।

### ७.७.१३ भुपेन निषाद

स्वाधीनता उत्तर कालको प्रथम उपचरण जातीय जागरण कालको समयका कविहरूमा भुपेन निषाद (१९४६) पनि परिचित छन् । १९६५ देखि नै साहित्य लेखन प्रारम्भ

गर्ने निषादको **अनुभूति यी मेरा** (१९७७) एकमात्र कविता सङ्ग्रह प्रकाशित देखिन्छ । यिनको काव्य कृति गीतात्मक तथा आख्यानात्मक संरचनामा आबद्ध छ । मानवतावादी, ईश्वरप्रतिको अविश्वास, परम्पराप्रति अविश्वास, वर्तमानबाट पलायन, विसङ्गतिबोध आदि यिनका कवितामा पाइने मूलभूत विशेषता हुन् ।

### ७.७.१४ सदानन्द शर्मा

स्वाधीनता उत्तर कालको प्रथम उपचरण जातीय जागरण कालको समयका कविहरूमा सदानन्द शर्मा पनि परिचित छन् । कविता विधामा सक्रिय रहने शर्माले १९५९ को दशकदेखि नै काव्य यात्राको सुरुवात गरेको देखिन्छ । सदानन्द शर्माको **मनको प्रकाश** (१९६५) एकमात्र प्रकाशित कविता सङ्ग्रह हो । जम्माजम्मी पचासओटा जति कविता लेखेका शर्माका कविताहरू सङ्ख्यात्मक दृष्टिले कम देखिए पनि असमेली नेपाली कवितालाई उचाइमा पुऱ्याउन महत्त्वपूर्ण भूमिका खेल्ने कविका रूपमा उनी उपस्थित छन् ।

कवितामा आत्मपरक विश्लेषण गर्न रुचाउने सदानन्द शर्मा चिन्तनशील कवि हुन् । ईश्वर भक्तिमूल्य, मानवतावादी चिन्तन, तत्कालीन नेपाली समाज र जनजीवनको यथार्थ चित्रण पाइने उनका कवितामा ईश्वर भक्तिमूलक स्तुति पनि पाइन्छ । वर्णनात्मक शैलीमा लेखिएका उनका कतिपय कवितामा नेपाली जनजीवनको समस्या र सामाजिक वस्तु यथार्थको जीवन्त प्रस्तुति पाइन्छ । सरल भाषाशैली र कलात्मक मूल्य र मान्यताका दृष्टिले उनका कविता मध्यम छन् ।

### ७.७.१५ कविराज शास्त्री

स्वाधीनता उत्तरकालको प्रथम उपचरण जातीय जागरण कालका कविहरूमा कविराज शास्त्री पनि परिचित छन् । यिनी मानतावादी कवि हुन् । समाजका विविध सन्दर्भ तथा मानिसले भोगेका परिस्थितिलाई कलात्मक रूपले अभिव्यक्त गर्ने शास्त्रीले लामा तथा छोटा दुवै प्रकारका कविता लेखेका छन् । १९५० को दशकदेखि नै काव्य यात्राको थालनी गर्ने शास्त्रीको **कर्तव्य कर्म पुकार** (१९६५) कविता सङ्ग्रह प्रकाशित छ ।

### ७.७.१६ यज्ञप्रसाद सुवेदी

स्वाधीनता उत्तर कालको प्रथम उपचरण जातीय जागरण कालको समयका कविहरूमा यज्ञप्रसाद सुवेदी पनि परिचित छन् । यिनले साठीको दशकदेखि नै काव्य रचना गरेका हुन् । यिनको जम्मा दुई काव्य कृति प्रकाशित देखिन्छन् । यिनका **कल्पना** (भाग एक) (१९६९) र 'कल्पना (भाग दुई)' (१९७०) काव्य कृतिहरू प्रकाशित देखिन्छन् (श्रेष्ठ, १९८४) । यिनका कवितामा समानता, स्वतन्त्रता, भातृत्व प्रेम तथा मानवतावादी स्वर मुखरित भएको पाइन्छ ।

### ७.७.१७ महाराज वसन्त गिरी

स्वाधीनता उत्तर कालको प्रथम उपचरण जातीय जागरण कालको समयका कविहरूमा महाराज वसन्त गिरी पनि परिचित छन् । १९६० को दशकदेखि नै काव्य यात्राको थालनी गर्ने वसन्त गिरीको **वसन्त मञ्जरी** (१९६९) प्रकाशित देखिन्छ । यिनका धेरै जसो कविता शास्त्रीय छन्दमा संरचित छन् । यिनका कवितामा प्रयुक्त भाषा सरल तथा शैली वर्णनात्मक र संवादात्मक रहेको छ । विभिन्न विषयवस्तुलाई नीति एवम् उपदेशात्मक रूपमा प्रस्तुत गर्ने गिरी शास्त्रीयतावादी कित्ताका कवि हुन् । यिनले नैतिक उत्थान र सामाजिक आध्यात्मिक सुधारको सन्देश आफ्ना कवितामा दिएका छन् ।

### ७.७.१८ रामचन्द्र शास्त्री

स्वाधीनता उत्तर कालको प्रथम उपचरण जातीय जागरण कालको समयका कविहरूमा रामचन्द्र शास्त्री पनि परिचित छन् । १९७० को दशकदेखि नै काव्य यात्राको थालनी गर्ने शास्त्रीको **परशुराम महात्म्य** (काव्य, १९७४) प्रकाशित देखिन्छ । शास्त्रीय छन्दमा लेखिएका उनका कविताहरूमा मानवतावादको अभिव्यक्ति पाइन्छ । धार्मिक चेतना, नैतिक आदर्शमूलक चिन्तन, शिक्षाप्रतिका सकरात्मक अनुभूति यिनका काव्यमा देखिने मूलभूत विशेषताहरू हुन् । यिनका कवितामा प्रयुक्त भाषा सरल तथा शैली वर्णनात्मक र संवादात्मक रहेको छ । विभिन्न विषयवस्तुलाई लयात्मक रूपमा प्रस्तुत गर्ने रामचन्द्र शास्त्री शास्त्रीयतावादी कित्ताका कवि हुन् ।

### ७.७.१९ टीकाराम उपाध्याय 'निर्भीक'

स्वतन्त्रता उत्तर कालको दोस्रो उपचरण भाषा आन्दोलन र विदेशी वहिस्कार आन्दोलन कालका कविहरूमा टीकाराम उपाध्याय 'निर्भीक' (१९४१) पनि परिचित छन् । १९६२ मा **कञ्चनजंघा** पत्रिकामा 'खोज' शीर्षकको कविता प्रकाशित गरेर आफ्नो कविता यात्रा थालेका निर्भीकको कविता यात्राले पाँच दशकको अवधि पूरा गरिसकेको छ । प्रारम्भमा रेडियोमा 'एउटा गीत गाई हाले' र दोस्रो 'यादमा' शीर्षकका दुई कविता गाएर (निर्भीक, १९७२ : ३३) । रेडियो कविता यात्रालाई निरन्तरता प्रदान गर्ने निर्भीकको उपन्यास 'सौगात' र 'जागृति' पत्रिकामा 'झझल्को एउटा' शीर्षकको कथा पनि प्रकाशित देखिन्छ । नेपालबाट प्रकाशित **जागृति** (१९६२) पत्रिकामा उनको प्रेममूलक खण्डकाव्य पहिलो पल्ट प्रकाशनमा आएको देखिन्छ । पूर्वाञ्चल द्विभाषी पत्रिकाका सम्पादकका रूपमा पनि काम गरिसकेका निर्भीकका **चम्पा** (१९७३) खण्डकाव्य, **राग अनुराग** गीत सङ्ग्रह र **कल्पना** (गद्य कविता, २००९) गरी तीन काव्य कृति (१९७६) प्रकाशित छन् । उनका १९७३-१९८८ भित्रका प्रारम्भिक चरणका पत्रपत्रिकामा प्रकाशित कविताहरूमा जातीय अस्मिताको सुरक्षाका साथै तीव्र परिवर्तनको चाहना देखिन्छ । आगामी दिनहरूप्रति आशा, स्वच्छन्दतावादी भावना,

आफ्नो भाषा र संस्कृतिको संरक्षणमा जोड, जातीय अस्तित्वप्रति सचेतता, अनिश्चित भविष्यतप्रति चिन्ता, प्रेम प्रणयपूर्ण अभिव्यक्ति, कर्तव्य र संकल्पप्रति आस्था आदि उनका कवितामा देखिने मूलभूत प्रवृत्ति हुन् । १९८८ मा 'हाम्रो ध्वनि' (१२/२) पत्रिकामा प्रकाशित अभिव्यक्ति भित्रका तीन कविता शीर्षकभित्र उपशीर्षक कर्तव्यको खोजीमा, उज्यालिन लागेका पृथ्वी र मानिसको अस्तित्व शीर्षकका तीन कविता उनका उत्कृष्ट कविता हुन् । उनको चेतना खण्डकाव्य जम्मा तेह्र खण्डमा विभाजित देखिन्छ । कुनै श्लोक सङ्ख्यामा आबद्ध नभएको यो एउटा आख्यानयुक्त लामो कविताको रूपमा प्रकाशित छ । जम्मा एक सय उनासी (१७९) पङ्क्तिको आयाममा विस्तारित अनुष्टुप छन्दमा लेखिएको यो एउटा प्रेम प्रणय र प्रेम विछोडको कारुणिक स्थितिको चित्रण भएको खण्डकाव्य हो । "चेतना र सुधारको भावभूमिदेखि केही बेग्लै बाटो समातेको यस खण्डकाव्य कृतिमा जातभातको पर्खाललाई नाघेर प्रणय तथा दाम्पत्य जीवनलाई आध्यात्मिक चिन्तनप्रति ढाल्ने प्रयास गरिएको छ । एकै चोटि विषयवस्तुमा प्रवेश गरेको यस खण्डकाव्य कृतिले आरम्भमै खण्डकाव्यदेखि पन्छिन खोजेको भान भए पनि यसलाई नौलो शैलीको संज्ञा पनि दिन सकिन्छ" (शर्मा, २००० : ५६) । भाषाशैली र कलात्मक मूल्यका दृष्टिले उनका कविता र काव्य सबल छन् ।

### ७.७.२० रामचन्द्र शास्त्री

स्वाधीनता उत्तर कालको दोस्रो उपचरण भाषा आन्दोलन र विदेशी वहिष्कार आन्दोलन कालका कविहरूमा रामचद्र शास्त्री (वि.सं. १९८३-२०४०) पनि परिचित छन् । वि.सं. २०३१ को वर्ष १२ पूर्णाङ्क ५१-५२ असार र आश्विनमा हुलाक (पत्रिकामा) मा 'डाक' र 'मनोहर' खण्डकाव्य प्रकाशित गरेर काव्य यात्रा थालेका शास्त्रीका **परशुराम क्षेत्र माहात्म्य** (२०३२), **डाक** (२०३१), **पृथ्वी** (काव्य, २०४१), **काव्य कुञ्ज** (२०४५), **बाला खण्डकाव्य** (२०४८) प्रकाशित छन् । उक्त काव्य भित्र 'पृथ्वी' काव्य मात्र प्राप्त छ । यस प्राप्त भएको पुस्तक पृथ्वी काव्यमा मूल पृथ्वी सूक्त अथर्ववेदको बाह्रौं काण्ड, छब्बीसौं प्रपाठक, पहिलो अनुवादकको पहिलो सूक्त हो । सूक्तमा जम्मा ६३ मन्त्र छन् । यस सूक्तको शैली सरल, भाषा अति मधुर भाव हृदयस्पर्शी छ (शर्मा, २०४१ : १८) । प्रस्तुत 'पृथ्वी' कृति पूर्ण स्वतन्त्र ढङ्गले गरिएको अनुवाद स्वयमेव मौलिक कृति जस्तो प्रतीत हुन्छ । यसमा शिखरणी छन्दका १६० श्लोक रहेका छन् । प्रबल विद्वान् कवि रामचन्द्र शास्त्रीको 'बाला' खण्डकाव्य पनि प्रकाशित रहेको उल्लेख भए पनि यो खण्डकाव्य अप्राप्त अवस्थामै रहेको छ । यो काव्य पदपदार्थ सिकाउने पहिलो नेपाली पुस्तक रहेको जानकारी प्राप्त छ (शर्मा, २०४१ : १४) । परिस्कार भाषाशैलीमा काव्यात्मक पत्र लेखन उनको प्रमुख विशेषता रहेको छ । काव्य भाषामा पत्र लेख्नु र काव्यमै उत्तर चाहना राख्नु अनौठो लेखन शैली उनमा देखिन्छ । वैदिक शास्त्र र अन्य शास्त्रहरूको सहायतामा नेपाली छन्दयुक्त काव्यमा काव्यको रचना

गर्नु उनको काव्यिक विशेषता रहेको देखिन्छ । रामचन्द्र शास्त्री ढुङ्गाना सहज कविका रूपमा देखिन्छन् । उनका प्रत्येक मौलिक कवितामा आध्यात्मिक सौन्दर्यको सुगन्ध पाइन्छ । उनी सौन्दर्यका खास उपासक हुन् । मङ्सिर महिनामा खेतमा फलेका धानका बाला लइबरी गर्दै हावामा खेली रहेको देखेर लेखिएको 'बाला' खण्डकाव्य सुन्दरताको प्रतीक बनेको छ (शास्त्री, २००२ : ७-१४) । यसरी रामचन्द्र शास्त्रीले असमेली नेपाली कविताको विकासमा सुन्दर काव्य प्रदान गरेका छन् ।

### ७.७.२१ रणवीर गिरी

स्वाधीनता उत्तरको प्रथम उपचरण जातीय जागरण कालका कविहरूमा रणवीर गिरी पनि परिचित छन् । १९७० को दशकदेखि नै गीत विधामा कलम चलाउने रणवीर गिरीको काव्य यात्रा १९७५ प्रारम्भ हुन्छ । यिनको **चरी भरर** (१९७५) गीत सङ्ग्रह प्रकाशित देखिन्छ । यिनका गीतमा तत्कालीन असमको चित्र पाइन्छ । प्रगीतात्मक संरचनामा आबद्ध यिनका गीतहरू लयात्मक र कलात्मक किसिमका रहेका छन् । यिनका गीतमा देशप्रेम, प्रकृति प्रेम, मानवीय प्रेम जस्ता विशेषता पाइन्छन् । यिनका गीतमा सरल सम्प्रेष्य नेपाली भाषाको प्रयोग गरिएको छ ।

### ७.७.२२ नयनदत्त शर्मा

स्वाधीनता उत्तर कालको प्रथम उपचरण जातीय जागरण कालका कविहरूमा नयनदत्त शर्मा पनि परिचित छन् । १९६० को दशकदेखि कविता यात्राको प्रारम्भ गर्ने कविको **हिमालय अमृतवाणी** (१९७९) प्रकाशित कविता सङ्ग्रह हो । यिनको यो कविता सङ्ग्रहको अघिल्ला पाता च्यातिएकाले प्रकाशित समय स्पष्ट नभएको देखिन्छ । शर्माको यस काव्यलाई १९७६ देखि १९७९ भित्रमा प्रकाशित भएको अभिलेख प्राप्त छ (श्रेष्ठ, १९८४) । नैतिक उपदेश, सामाजिक सुधार तथा आध्यात्मिक चिनत्न यिनका कविताको मूल विशेषता हो । शर्माका कवितामा प्रयुक्त भाषा सरल, सुबोध, स्वाभाविक र निकै कलात्मक किसिमको देखिन्छ । शास्त्रीय छन्दका प्रयोक्ता शर्माका कविता छन्दोबद्ध, अनुप्रासिकता तथा पुनरावृत्तीय प्रयोगका कारण लयात्मक र कलात्मक गुणयुक्त छन् ।

### ७.७.२३ मानबहादुर थापा

स्वतन्त्रता उत्तर कालको पहिलो उपचरण जातीय जागरण कालको समयका कविहरूमा मानबहादुर थापा पनि परिचित छन् । १९७१ को जनमुख पत्रिकामा '३० वटा नौलो आँट बोकेर' शीर्षकको कविता प्रकाशित गरेर कविता यात्राको थालनी गर्ने मानबहादुर थापा **नौलो मान्छे जन्मदै छ** (१९७८) कविता सङ्ग्रह प्रकाशित छ । 'नौलो मान्छे जन्मदै छ' कविता सङ्ग्रहमा जम्मा चौधवटा कविता प्रकाशित छन् । उनका प्रारम्भिक कविताहरू जनमुख, धौलागिरी, जनमुक्ति जस्ता पत्रिकामा प्रकाशित देखिन्छन् । यसै सन्दर्भमा मानबहादुर

थापा आफ्ना केही जनपक्षीय रचनाहरू लिएर आज जनताको सामु उपस्थित भएका र आजको सामाजिक परिवेशका बारेमा पनि उनी सचेत छन् (मालेमा, १९७८ : ग) । सामाजिक वर्गीय भिन्नतामा आधारित प्रगतिशील विचार धाराका कविता लेख्ने मानबहादुर थापाको लेखन शैली सरल र सुबोध्य देखिन्छ । मजदुरको छटपटि, अस्तित्वादी चिन्तन, क्रान्तिकारी विचार शैली, दुःखको विलौना, दासताको भोगाइ, परिवर्तन कामी भन्ने भाव उनका कविताका मूल विशेषता हुन् । उनका कवितामा क्रान्तिकारी मनोभाव पाइन्छ । भाषाशैली र कलात्मक दृष्टिले उनका कविता सबल नै देखिन्छन् ।

## ७.८ निष्कर्ष

स्वाधीनता उत्तर कालको जातीय जागरण कालका कविहरूले असमेली नेपाली कवितामा जातीय जागरणको भूमिका निर्वाह गरेका छन् । लिखित परम्परादेखि अगाडि बढेर जातीय जागरणको कालसम्म आइपुग्दा असमेली नेपाली साहित्यमा जातीय जागरणसँगै कविता लेखनमा पनि जागरण आएको छ । यस कालमा ऐतिहासिक काव्य, कोषकाव्य, खण्डकाव्य, फुटकर कविता कृतिहरू पनि प्रकाशित भएका छन् । प्रवृत्तिगत दृष्टिले यस जातीय जागरण कालमा जीवनीमूलक काव्य लेखन, स्वदेशी भावनाको विकास, प्रबल जातीयतावादी भावधारा, ईश्वर स्तुति, व्यङ्ग्य विद्रोह, परिवर्तनको चाहना, मानवीय समस्याको प्रस्तुति, रुढिवादी सामन्ती संस्कार परम्पराको विरोध, तीव्र जातीयतावादी चिन्तन, नारी अस्मिताको संरक्षणमा जोड, स्वदेश, जाति र भाषा प्रेमका साथै मानवीय प्रेम, नीति उपदेशात्मक तथा मानवतावादी उदारवादी दृष्टिकोण, कुरीति र कुसंस्कारप्रति व्यङ्ग्य जस्ता मूलभूत प्रवृत्ति देखिएका छन् । सतचालीस जना कवि र तिनका चौवन्नओटा कविता कृतिहरूको प्राप्ति यस कालखण्डको उल्लेख पक्ष हो । यस चरणका कवितामा मुक्तलयको प्राधान्य रहेको छ । परम्परागत शास्त्रीय बन्धनबाट उन्मुक्त रहेर आफ्ना भाव, विचार तथा समसामयिक समस्यलाई प्रस्तुत गर्नु यस चरणका कवितामा पाइने वैशिष्ट्य हो । कविता उपस्थापन गर्न बाह्य तथा आन्तरिक दुवै प्रकारका दृष्टिविन्दुको उपयोग गरेर वस्तुगत एवं आत्मगत रूपमा काव्य भाव व्यक्त भएको देखिन्छ ।